सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२२ पुस २०८२, मंगलबार (6 Jan 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५७ ■ पृष्ठ १० | nayapatrikaofficial | @NAYA_PATRIKA | मूल्य रु. १०/-


# राष्ट्रिय सभाका १८ सिट बाँडीचुँडी गर्दै प्रमुख दलहरू

## जेन-जी आन्दोलनको धक्काले सत्ता-राजनीतिबाट धकेलिएका प्रमुख दलहरू राष्ट्रिय सभा चुनावमा सहकार्य गर्दै



● **पूर्णबहादुर खड्का**
कार्यवाहक सभापति, कांग्रेस

एक्लाएक्लै लड्दा त कांग्रेसको पोजिसन राम्रै हुन्छ। तर, हामीले तालमेल नगर्ने र अरूले तालमेल गर्ने स्थिति बन्यो भने नतिजा राम्रो आउँदैन। त्यसैले सहमतिमै अगाडि बढ्नुपर्ने अवस्था छ। अहिले संविधान निर्माण र रक्षा गर्ने शक्तिहरू मिल्नुपर्ने अवस्था छ। कांग्रेसको आठ-नौ सिट हुने गरी छलफल हुँदै छ।



● **डा. राजन भट्टराई,** सचिव, एमाले

प्रमुख दलहरूबिच सिट बाँडफाँटको छलफल भइरहेको छ। यसले संविधान पक्षधर शक्तिहरू एक ठाउँमा छन् भन्ने सन्देश दिनेछ र भविष्यमा संविधान संशोधन गर्ने वेलामा पनि सजिलो हुनेछ।



● **देव गुरुङ,** नेता, नेकपा

हाम्रो संयोजकले चुनावी वातावरणलगायतका बारेमा दलका शीर्ष नेताहरूसँग छलफल गरिरहनुभएको छ। तर, सिट तालमेलका विषयमा ठोस छलफल हुन बाँकी छ।



● **डा. सुरेन्द्र झा,** महासचिव, लोसपा नेपाल

राष्ट्रिय सभामा हामी तालमेल गरेर जान्छौँ। यसबारेमा नीतिगत सहमति भइसकेको छ, छिट्टै टुंग्याउँछौँ।

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

जेन-जी आन्दोलनको धक्काले सत्ता-राजनीतिबाट टाढिएका विघटित प्रतिनिधिसभाका प्रमुख दलहरूले राष्ट्रिय सभा निर्वाचनमा सहकार्य गर्ने गरी सिट बाँडफाँटको नीतिगत सहमति गरेका छन्। बुधबार मनोनयनको

» पृष्ठ ९ मा क्रमशः



### ■ सिट बाँडफाँटमा नेताहरूको 'बार्गेनिङ' जारी

**कांग्रेस- ८, एमाले- ६, नेकपा र उपेन्द्र-महन्थलाई २-२ सिट बाँडफाँट गर्न कांग्रेसको प्रस्ताव**

अहिलेसम्मका अनौपचारिक छलफलमा कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखक, एमाले अध्यक्ष केपी ओली र महासचिव शंकर पोखरेल तथा नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड र नेता वर्षमान पुनलगायत सामेल छन्। छलफलमा कांग्रेस- ८, एमाले-६, नेकपा र जसपा नेपाल २-२ सिट बाँडफाँट गर्ने कांग्रेस नेताहरूको प्रस्ताव छ। 'यो अडानभन्दा विकल्पका रूपमा छलफल भएको छ, पार्टीको अडानको तहमा हामी गएकै छैनौँ,' वार्ताबारे जानकार एक शीर्ष नेताले भने, 'एमाले पक्षबाट कांग्रेस र एमाले सात-सात, नेकपा र जसपा नेपाल दुई-दुई भनिएको छ, नेकपाबाट कांग्रेस- सात, एमाले- पाँच, नेकपा- चार, जसपा नेपाल-दुई भनिएको छ।' बुधबार मनोनयनपूर्व निर्णय गर्नुपर्ने भएकाले कांग्रेसले मंगलबार केन्द्रीय कार्यसम्पादन समिति र एमालेले केन्द्रीय सचिवालय बैठक बोलाएका छन्। नेकपाले पनि शीर्ष नेताहरूबिच छलफल गर्नेछ।

### भविष्यमा चुनावी तालमेलका लागि विश्वास बनाउन अहिले सिट बाँडफाँट गर्न खोजेको हुन सक्छ



● **कृष्ण पोखरेल,** राजनीतिशास्त्रका प्राध्यापक

राष्ट्रिय सभाका मतदाता दलहरूका नियन्त्रित व्यक्ति हुन्, आममतदाता होइनन्। यो जनमतसँग प्रत्यक्ष जोडिएको निर्वाचन पनि होइन। त्यसकारण यसमा सिट बाँडफाँट वा गठबन्धनलाई ठिक वा बेठिक भन्नु आवश्यक छैन। तर, प्रमुख दलहरूले भविष्यमा चुनावी तालमेलका लागि आपसमा सद्भावको वातावरण बनाउन अहिले सिट बाँडफाँट गर्न लागेका हुन सक्छन्। अहिलेका ठुला दलहरूमा आसन्न प्रतिनिधिसभा निर्वाचनमा नयाँ दलहरूसँग हारको डर छ। यही मनोविज्ञानले गर्दा उनीहरूले भविष्यमा तालमेलको मार्गप्रशस्त गर्ने आधार बनाउन लागेका छन्। अबको चुनाव उनीहरूका लागि निकै नै चुनौतीपूर्ण नै छ।

## १८ मध्ये कुन प्रदेशबाट कति सांसद चुनिँदै छन् ?

महिला ७, दलित २, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक २ र अन्य ७ सांसद निर्वाचित हुने

**कुन प्रदेशमा कति मतभार ?**

**प्रदेश सभा सदस्य (५४९ जना) को ५३ र गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका मेयर/उपमेयर (१५०५ जना) को १९ मतभार**

| | प्रदेश सांसद | मतभार | गाउँपालिका अध्यक्ष/उपाध्यक्ष र मेयर/उपमेयर | मतभार | जम्मा मतभार |
|---|---|---|---|---|---|
| कोशी | ९३ | ४,९२९ | २७४ | ५,२०६ | १०,१३५ |
| मधेश | १०७ | ५,६७१ | २७२ | ५,१६८ | १०,८३९ |
| बागमती | ११० | ५,८३० | २३८ | ४,५२२ | १०,३५२ |
| गण्डकी | ५९ | ३,१२७ | १७० | ३,२३० | ६,३५७ |
| लुम्बिनी | ८७ | ४,६११ | २१७ | ४,१२३ | ८,७३४ |
| कर्णाली | ४० | २,१२० | १५८ | ३,००२ | ५,१२२ |
| सुदूरपश्चिम | ५३ | २,८०९ | १७६ | ३,३४४ | ६,१५३ |

२१ फागुनमा कार्यकाल सकिने १९ मध्ये १८ सांसदका लागि ११ माघमा राष्ट्रिय सभाको निर्वाचत हुँदै छ। सात प्रदेशमा हुने भिन्नाभिन्नै मतदानबाट चयन भएर आउनेछन्। निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र नगर पालिकाका मेयर/उपमेयर मतदाता हुन्। कार्यकाल समाप्तिसँगै रिक्त क्लस्टरअनुसार नै निर्वाचन हुनेछ। जसअनुसार सबैभन्दा बढी मधेशबाट चारजना चुनिनेछन्। जसमा महिला, दलित, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र अन्यबाट एक-एकजना निर्वाचित हुनेछन्। त्यस्तै, कोशीबाट महिला, दलित र अन्य एक-एक गरी तीनजना, बागमतीमा महिला र अन्य एक-एक गरी दुईजना, गण्डकीमा महिला र अन्य एक-एक गरी दुईजना चयन हुँदै छन्। यसबाहेक लुम्बिनीबाट महिला, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र अन्य एक-एक गरी तीनजना, कर्णालीमा महिला र अन्य एक-एक गरी दुईजना र सुदूरपश्चिममा महिला र अन्य क्लस्टरमा एक-एक गरी दुईजना निर्वाचित हुनेछन्। मन्त्रिपरिषद्को सिफारिसमा मनोनीत वामदेव गौतमको पनि कार्यकाल सकिँदै छ।

**कर्नर किक**

● रवि मिश्र




### महाधिवेशनको मुद्दामा कांग्रेस नेता-कार्यकर्ताबिच तीव्र ध्रुवीकरण



वैशाखमा नियमित महाधिवेशन गर्ने निर्णय गरेको संस्थापन र पुसमा नै विशेष महाधिवेशन गर्नुपर्ने अडानसहित पार्टी निर्णयमा असहमत महामन्त्रीद्वय पक्षधर एक-अर्कालाई गलाउने रणनीतिमा

### भारतको हरियाणा पुऱ्याइएका पाँच नेपाली बन्धक, एक बेपत्ता

आकर्षक रोजगारी र तलबको प्रलोभन देखाएर भारत लैजाने ठेकेदार र उनका सहयोगी फरार

(विस्तृत पृष्ठ ३)

### असमानतामा रुमल्लिएको विद्यालय शिक्षा



अग्रलेख

● **किरण कोइराला**

संस्थागत र सामुदायिक विद्यालयबिचको असमानताले एउटै देशका नागरिकलाई सम्भ्रान्त र साधारण वर्गको दुई विपरीत ध्रुवमा विभाजन गरिरहेको छ

(पृष्ठ ४)

### अब पेट्रोलमा १०% इथानोल मिसाउन पाइने

इथानोल मिश्रण गरेको पेट्रोलको गुणस्तरमा कमी नआउने, तर तुलनात्मक रूपमा सस्तो हुने

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# मोबाइल एपमार्फत २५५ युवाको १२ करोड ठगी

### ठगीधन्दाको मुख्य योजनाकार ३७ वर्षीय चिनियाँ युवा, उनीसहित ११ पक्राउ

६६ वर्षीया नेपाली महिलाको नाममा कम्पनी खडा, चितवनको खैरहनीमा कार्यालय

**टेकराज थामी**/नयाँ पत्रिका

'एसएमसी' नामको मोबाइल एपमार्फत २५५ नेपाली युवाको १२ करोड ठगी भएको भेटिएको छ। यो ठगी ३७ वर्षीय चिनियाँ युवक ही जियाङको नेतृत्वमा भएको पनि खुलेको छ। पर्साकी ६६ वर्षीया सायरा खातुनको नाममा कम्पनी खडा गरी चितवनमा कार्यालय नै खोलेका उनले 'एसएमसी' एपको सहकार्य विश्वप्रसिद्ध फिल्म कम्पनी युनिभर्स, वार्नर ब्रोज,

» पृष्ठ ९ मा क्रमशः




### 'एसएमसी' एपमार्फत यसरी गर्थे ठगी

गिरोहले सुरुमा सम्पर्कमा आएका सदस्यलाई मोबाइलमा 'एसएमसी' एप डाउनलोड गर्न लगाउँथ्यो। एप इन्स्टलपछि लगअन गर्न सिकाउँथ्यो। लगअनलगत्तै एपमा के-१ देखि के-९ सम्मका विभिन्न स्किम डिस्प्ले हुन्थ्यो। सोही स्किमको अर्कोतर्फ आम्दानीका विभिन्न श्रेणी देखिन्थ्यो। नयाँ सदस्यका लागि लगानी अनिवार्य थिएन। तर, उसलाई विश्वप्रसिद्ध फिल्म कम्पनी युनिभर्स, वार्नर ब्रोज, डिज्नीलगायतको विज्ञापन हेरिदिनुपर्ने सर्त राखिन्थ्यो। यसबापत दैनिक ९५ रुपैयाँ कमाइ हुने भन्दै रकम लिन एपमै खाता खोल्न लगाइन्थ्यो। सुरु-सुरुमा गिरोहले खातामा रकम जम्मा पनि गरिदिन्थ्यो। अब विश्वासमा परेपछि उसले लगानी गर्न पनि सुरु गर्थ्यो। नयाँ ग्राहक खोजे १२ प्रतिशतसम्म कमिसन दिने प्रलोभनमा नयाँ युवा खोज्न प्रेरित पनि गर्थ्यो।

एपमा भएको डिस्प्ले चार्टअनुसार के- १ तहका लगानीकर्ताले एप्समा तीन हजार रुपैयाँ लगानी गर्न सक्थ्यो। यसबापत उसले दैनिक १०० रुपैयाँ आम्दानी गर्थ्यो। यदि उसले पाँचजना नयाँ ग्राहक खोले थप २० पोइन्टसम्मको कमिसन दिइन्थ्यो। त्यस्तै, के-२ का लागि नौ हजार ९००, के-३ का लागि ३३ हजार ८००, के-४ का लागि एक लाख १० हजार, के-५ का लागि तीन लाख पाँच हजार, के-६ का लागि नौ लाख ६० हजार, के-७ का लागि २६ लाख ८० हजार, के-८ का लागि ७५ लाख र के-९ का लागि एक करोड लगानी निर्धारण गरिएको थियो। तोकिएको टास्क पूरा गरे के- ९ का लगानीकर्ताले प्रतिमहिना दुई करोड ५२ लाखसम्म आम्दानी गर्न सक्ने भनिएको थियो।

# समानुपातिक बन्दसूचीमा त्रुटि नै त्रुटि

### नयाँमा मात्र होइन, तीन दशकदेखि चुनाव लडिरहेका पुराना दलमा झन् भद्रगोल



● **यज्ञ भट्टराई**
निर्वाचन आयोगको कानुन तथा राजनीतिक महाशाखा प्रमुख

सबै दलको बन्दसूचीमा रित पुगेको देखिँदैन। उस्ताउस्तै समस्या छन्। रित पुऱ्याएर सच्याउन भन्दै सबैलाई पत्राचार गरिसकिएको छ। त्रुटि सच्याउन दलहरूलाई २७ पुससम्मको समय दिइएको छ।




**कमलराज भट्ट**/नयाँ पत्रिका

पार्टीभित्र पर्याप्त छलफल र तयारीमा आवश्यक समय नै नलिई प्रतिनिधिसभाको २१ फागुनमा हुने निर्वाचनका लागि दलहरूले बुझाएको समानुपातिक उम्मेदवारको बन्दसूचीमा त्रुटि नै त्रुटि पाइएको छ। ५८ चुनाव चिह्नमा उम्मेदवारको बन्दसूची बुझाएका ६४ वटै दलबाट त्रुटि भएको पाइएको आयोगले जनाएको छ।

१३ र १४ पुसमा दलहरूबाट बन्दसूची लिएको आयोगले १५-२० पुससम्म जाँचबुझ गरी सच्याउन पत्राचार गरेको छ। 'सबै दलको बन्दसूचीमा रित पुगेको देखिँदैन। उस्ताउस्तै समस्या छन्। रित पुऱ्याएर सच्याउन भन्दै सबैलाई पत्राचार गरिसकिएको छ,' आयोगको कानुन तथा राजनीतिक महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराईले भने, 'त्रुटि सच्याउन दलहरूलाई २७ पुससम्मको समय दिइएको छ।'

**धरौटीबाटै ३० लाख आम्दानी**

प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिकाअनुसार समानुपातिक निर्वाचन अधिकृतले दलले पेस गरेको बन्दसूची मापदण्डअनुसार भए-नभएको हेरिएको भट्टराईले बताए। उनका अनुसार मूलतः बन्दसूचीमा उल्लेखित उम्मेदवारको नाम अन्तिम मतदाता नामावलीमा समावेश छ- छैन ? संविधान, ऐन तथा नियमावलीबमोजिम समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुने गरी छ-छैन ? बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारको नाम दोहोरिएको छ-छैन ? उम्मेदवार कानुनी रूपमा योग्य छ-छैन ? भनेर हेरिएको थियो।

आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रमअनुसार उम्मेदवारको बन्दसूची छानबिन गरी आवश्यकताअनुसार सच्याउन दलहरूलाई सूचित गरिएको हो। धेरैजसो दलको सूचीमा मिलेको पाइएन र त्रुटि सच्याउन दलहरूलाई भनिएको छ। 'सबै दलमा केही न केही समस्या

» पृष्ठ ९ मा क्रमशः

### बन्दसूचीमा उमेर नपुगेका व्यक्तिदेखि एकै व्यक्तिका नाम दुई ठाउँसम्म

आयोगस्थित समानुपातिक निर्वाचन अधिकृत कार्यालयका अनुसार दलहरूको बन्दसूचीमा आठवटा त्रुटि देखिएका छन्। सहसचिव भट्टराईका अनुसार जाँचबुझका क्रममा दलहरूको बन्दसूचीमा देखिएको पहिलो त्रुटि हो- उम्मेदवारको नागरिकताको प्रमाणपत्र, मञ्जुरीनामालगायतका कागजात पेस गरिएको छैन। दोस्रो- अपांगता भएका व्यक्तिलाई नराखीकन पेस गरेका छन्। तेस्रो- क्लस्टर अर्थात् समावेशी समूह नमिलाई बन्दसूची पेस भएको देखिएको छ। चौथो- एउटा व्यक्तिको नाम दुई ठाउँमा अर्थात् एउटै पार्टीको बन्दसूचीमा एउटै व्यक्तिको नाम दुई ठाउँमा राखिएको छ। पाँचौँ- उम्मेदवारको नागरिकता नम्बर र मतदाता परिचयपत्र नम्बर नै मिलेको छैन। छैटौँ- कतिपय दलले उमेर नपुगेको व्यक्तिलाई पनि बन्दसूचीमा राखेको देखिएको छ। सातौँ- फरक क्लस्टरमा फरक जाति राखेर पठाइएको छ। जस्तै, मधेशी समूहमा थारू हालेर पठाइएको छ। आठौँमा स्वघोषणापत्र र मञ्जुरीनामा पेस भएको देखिएको छैन।

### कुन दलका धेरै समस्या ?

सबैभन्दा भद्रगोल पुरानो दल कांग्रेसको सूचीमा छ। जहाँ केही पनि मिलेको छैन। बन्दसूची बुझाउँदा पनि सबैभन्दा ढिलो कांग्रेसले नै गरेको थियो। यसैगरी एमाले, नेकपामा पनि थुप्रै त्रुटि पाइएको आयोगका अधिकारीहरू पनि बताउँछन्। नयाँ दल रास्वपाको सूचीमा पनि त्रुटिहरू रहेकाले सच्याउन भनिएको छ। दलहरूले बन्दसूची बुझाउँदा उमेर नपुगेको व्यक्तिलाई उम्मेदवारको सूचीमा राखेकोदेखि एउटै व्यक्तिको नाम दुईपटक राखेकोसम्म संविधान र कानुनबमोजिम तोकिएका आधारभूत विषयहरू पनि सम्बोधन गरेका छैनन्।

# टिकटक भिडियोको निहुँमा मधेशको सामाजिक सद्भाव तनावमा

## प्रदर्शन बढेपछि वीरगन्जमा कर्फ्यु, सद्भाव कायम राख्न प्रशासनको आह्वान

वीरगन्जमा **तिवारी यादव**
जनकपुरधाममा **हदिश खुद्दार**

हिन्दुहरूको रक्षाबन्धन पर्वप्रति दुई युवकले टिकटकमा नकारात्मक भिडियो पोस्ट गरेको निहुँमा मधेशको सामाजिक सद्भाव नै खलबलिने गरी तनाव सिर्जना भएको छ। ती युवकलाई प्रहरीले पक्राउ गरेर कारबाहीको प्रक्रिया सुरु गरिसकेको छ। तर, गत शनिबार धनुषाको कमला नगरपालिका- ६, सखुवा मरानस्थित मुस्लिम टोलस्थित मस्जिदमा तोडफोड र कुरान जलाएपछि तनाव थप चर्किएको हो।

**संवैधानिक पदाधिकारीसँग गृह मन्त्रालयको छलफल**

### ■ मधेशका सबै जिल्लामा सद्भाव समिति गठन गर्न निर्देशन

वीरगन्जमा आइतबारदेखि सुरु भएको आन्दोलन सोमबार बिहान झन् चर्किएपछि परिस्थिति नियन्त्रणबाहिर जान नदिन जिल्ला प्रशासन कार्यालय पर्साले कर्फ्यु लगाएको छ। सोमबार साँझ ६ बजेदेखि मंगलबार बिहान ८ बजेसम्मका लागि वीरगन्ज महानगरका संवेदनशील क्षेत्रमा कर्फ्यु आदेश जारी भएको पर्साका

» पृष्ठ ९ मा क्रमशः



कर्फ्यु जारी भएपछि वीरगन्जको घण्टाघर क्षेत्र

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA
एन आई सी एशिया बैंक लि.

## गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

### तपसिल

| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा । |
| २. | मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा । |
| ३. | सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा । |
| ४. | पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा । |
| ५. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा । |
| ६. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा । |
| ७. | रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा । |
| ८. | रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा |
| ९. | रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा । |
| १०. | रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा । |
| ११. | कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा । |
| १२. | तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा । |
| १३. | तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा । |
| १४. | चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफल: २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा । |
| १५. | ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा । |
| १६. | ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा । |
| १७. | सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा । |
| १८. | कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा । |
| १९. | बारा जिल्ला, नरही गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११४ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा । |
| २०. | कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा । |
| २१. | रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा। |
| २२. | धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ स्थित कित्ता नं. २३५१ को क्षेत्रफल१-११-३-१ (रोपनी) को घरजग्गा । |
| २३. | नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा । |
| २४. | नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा । |
| २५. | नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा । |
| २६. | काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा । |
| २७. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा । |
| २८. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा । |
| २९. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा । |
| ३०. | मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा । |
| ३१. | रौतहट जिल्ला, डुमरिया (म.) गा.वि.स. वडा नं. ९ क (हालचन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. १४०४ को क्षेत्रफल ०-४-१३-० (विगाह) को जग्गा । |
| ३२. | महोत्तरी जिल्ला, खोपीगा.वि.स. वडा नं. १/क (हाल रामगोपालपुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४१ को क्षेत्रफल ०-१०-१५.५-० (विगाह) को जग्गा । |
| ३३. | सुर्खेत जिल्ला, कटकुवागा.वि.स. वडा नं. ३ (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३११४ को क्षेत्रफल ०-०-५-० (विगाह) को जग्गा । |
| ३४. | मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा । |
| ३५. | रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७३ को क्षेत्रफल ०-१-५-० (विगाह) को जग्गा । |
| ३६. | मकवानपुर जिल्ला, बासामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २७९४ को क्षेत्रफल १३५४.५२ (व.मि) को जग्गा । |
| ३७. | रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा । |
| ३८. | पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा । |
| ३९. | रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा । |
| ४०. | बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा । |
| ४१. | बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा । |
| ४२. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा । |
| ४३. | झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा । |
| ४४. | पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा । |
| ४५. | बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२९३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा । |
| ४६. | चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११८४ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा । |
| ४७. | रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा । |
| ४८. | रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा । |
| ४९. | महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा । |
| ५०. | पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा । |
| ५१. | पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा । |
| ५२. | भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स. वडा नं. ७/७ ग (हाल सूर्यविनायक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा । |
| ५३. | झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा । |
| ५४. | बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हाल: कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा । |
| ५५. | बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल: कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा । |
| ५६. | पर्सा जिल्ला, भौराटार गा.वि.स. वडा नं. ७ ख (हाल बहुदरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१७ र ५१८ को क्षेत्रफल क्रमशः ०-१-७-० र ०-५-१७-० (विगाह) को घरजग्गा । |
| ५७. | रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४ को क्षेत्रफल १-१-०-० (विगाह) को जग्गा । |
| ५८. | सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा । |
| ५९. | चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा । |
| ६०. | रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा । |
| ६१. | चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १२८८ र १२९० को क्षेत्रफल क्रमशः ७६१.६२ र १४९२.२८ (व.मि.) को जग्गा । |
| ६२. | तनहुँ जिल्ला, कलुर्ङ गा.वि.स. वडा नं. १ ज स्थित कित्ता नं. २१७ र ३५५ को क्षेत्रफलक्रमशः ०-३-०-० र ०-१०-०-० (रोपनी) को घर जग्गा । |
| ६३. | बारा जिल्ला, मैनी गा.वि.स. वडा नं. २ (हाल महागढीमाई न.पा. वडा नं. २) स्थित कित्ता नं. ७५५ को क्षेत्रफल ०-३-२-८ (विगाह) को जग्गा । |
| ६४. | बारा जिल्ला, तेतरिया गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा. नं. ५) स्थित कित्ता नं. ७५ को क्षेत्रफल १-४-५-० (विगाह) को जग्गा । |
| ६५. | बारा जिल्ला, तेतरिया गा.वि.स. वडा नं. २ (हाल करैयामाई गा.पा. वडा. नं. ५) स्थित कित्ता नं. ३६५ को क्षेत्रफल ०-६-४-० (विगाह) को जग्गा । |
| ६६. | रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ६३ को क्षेत्रफल ०-१५-१५-० (विगाहा) को जग्गा । |
| ६७. | रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९७ को क्षेत्रफल ०-९-४-० (विगाहा) को जग्गा । |
| ६८. | रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घरजग्गा । |
| ६९. | रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं. ५ (हाल मौलापुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. १३९९ र १४०१ को क्षेत्रफल क्रमशः ०–०–६–९ र ०–०–६–५ (विगाहा) को घरजग्गा । |
| ७०. | महोत्तरी जिल्ला, पर्सादिवाड गा.वि.स. वडा नं. ३ (हालसम्सी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ४६५ को क्षेत्रफल ०-३-१३.७५-० (विगाह) को जग्गा । |
| ७१. | कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा । |
| ७२. | झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७०१४ र ७०१७ को क्षेत्रफल ०-०-४-० र ०-०-२.५-० (विगाहा)को घरजग्गा । |
| ७३. | झापा जिल्ला, भद्रपुर न.पा वडा नं. ८ स्थित कित्ता नं. ७६ र ७७ को क्षेत्रफल क्रमशः ३३८.६३ र ३३८.६३ (ब.मि)को जग्गा । |
| ७४. | झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७५२९ को क्षेत्रफल २७९.३८ (ब.मि.)को जग्गा । |
| ७५. | तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८घ स्थित कित्ता नं. १०३७ को क्षेत्रफल १-७-२-० (रोपनी)को जग्गा । |
| ७६. | मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ८ (हाल हेटौडा उ.म.न.पा. वडा नं. ८), स्थित कित्ता नं. २०४५० को क्षेत्रफल ०-०-१२-० (विगाह)को घर/जग्गा । |
| ७७. | महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. ०४/ख (हाल भंगाहा न.पा. वडा नं. ०७) स्थित कित्ता नं. २७२ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा । |
| ७८. | मुगु जिल्ला, श्रीनगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ (व.मि) को घरजग्गा । |
| ७९. | मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० (व.मि) को जग्गा । |


# अदालतको आदेशपछि अन्योलमा चिकित्सक संघको चुनाव

## उम्मेदवारी सच्याउने मौका र समयसीमा नदिएकोमा अदालतको प्रश्न

**डा. अनिलविक्रम कार्की,** अध्यक्ष, नेपाल चिकित्सक संघ



तोकिएको मितिमा हुँदैन, अर्को मितिमा हुन्छ, हामीले कानुनी राय परामर्श लिइरहेका छौं । निर्वाचन समितिले अदालतको अन्तिम आदेश आएपछि मात्रै काम गर्छ, सोहीअनुसार चुनावका लागि फेरि अर्को मिति तोकिन्छ, अहिलेलाई कुर्नुको विकल्प भएन ।




**शिवहरि घिमिरे**/नयाँ पत्रिका

अदालतको आदेशका कारण माघ दोस्रो साता हुने भनिएको नेपाल चिकित्सक संघको निर्वाचन स्थगित भएको छ। संघको नयाँ नेतृत्व चयनका लागि उपत्यकाभित्र २ र ३ माघ र उपत्यकाबाहिर १५, १६ र १७ माघमा मतदान हुने तयारी थियो। तर, उच्च अदालत पाटनले आइतबार यथास्थितिमा चुनाव नगर्न अन्तरिम आदेश जारी गरेपछि चुनाव अन्योल बनेको छ। उच्च अदालत पाटनका न्यायाधीशद्वय ऋषिराम निरौला र दीपक खनालको संयुक्त इजलासले तोकिएको मितिमा निर्वाचन नगर्न-नगराउन नेपाल चिकित्सक संघ र निर्वाचन समितिको नाममा अन्तरिम आदेश जारी गरेको हो। अदालतले मुख्यतः उम्मेदवारलाई उम्मेदवारी सच्याउने मौका र समयसीमा नदिएकोमा प्रश्नसमेत उठाएको छ।

संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले अदालतको आदेशअनुसार चुनाव हुने बताए। 'तोकिएको मितिमा हुँदैन, अर्को मितिमा हुन्छ, हामीले कानुनी राय परामर्श लिइरहेका छौं,' उनले भने, 'निर्वाचन समितिले अदालतको अन्तिम आदेश आएपछि मात्रै काम गर्छ, सोहीअनुसार चुनावका लागि फेरि अर्को मिति तोकिन्छ, अहिलेलाई कुर्नुको विकल्प भएन।' चिकित्सक संघको चुनावी प्रक्रिया चित्त नबुझेको भन्दै डा. अजयकुमार मिश्रसहितले संघलाई विपक्षी बनाएर रिट दायर गरेका थिए। सो रिटमा सुनुवाइ गर्दै अदालतले संघको निर्वाचन नियमावली, २०७० को परिच्छेद ४ अन्तर्गतको नियम ६ अनुसार प्रक्रिया पूरा नभएको आदेशमा उल्लेख गरेको छ। प्रक्रिया पूरा नगरेको र एकलौटी रूपमा चुनाव गर्न लागेको भन्दै डा. अमृत भुसाल टिम असन्तुष्ट थियो। अदालतले रिटको अर्को पेसी ६ माघका लागि तोकेको छ।

अदालतले पेसी तोकेको मितिभन्दा अघि २ र ३ माघमा निर्वाचन मिति तोकिएको थियो। 'संघको केन्द्रीय कार्यकारणी समितिको निर्वाचन प्रक्रियामा निर्वाचनका निम्ति कायम रहेको निर्वाचन नियमावली, २०७० को परिच्छेद ४ को नियम ६ मा उल्लेखित प्रक्रिया पूरा गरेको नदेखिएको परिप्रेक्ष्यमा पछि अन्तिम आदेश भएबमोजिम हुने गरी हाललाई उक्त सूचनाद्वारा प्रकाशित कार्यक्रमअनुरूप हुने निर्वाचनमा निवेदकहरूसमेतलाई उम्मेदवारी दिनेलगायतका निर्वाचनमा सहभागिताको कार्यमा रोक नलगाउन उपयुक्त नहुँदा हाललाई यथास्थितिमा निर्वाचन नगर्न-नगराउन भनी उच्च अदालत नियमावली, २०७३ को नियम गरी पेस गर्नू,' अदालतको आदेशमा भनिएको छ।

## नेतृत्वका लागि तीन समूहबिच रस्साकस्सी

● **डा. बद्री रिजाल**
अध्यक्षका प्रत्याशी (कांग्रेसनिकट )



हामीले चिकित्सकीय क्षेत्र र चिकित्सकमा देखिएका विद्यमान समस्यालाई प्राथमिकतामा राखेको छ। हामीले उठाएको पेसागत मुद्दा सबैभन्दा ठुलो मुद्दा हो। नेपालबाट चिकित्सक पलायन हुनुका कारण खोजेर त्यसलाई रोक्न पनि पहल गर्नेछौं।

● **डा. मंगल रावल**
अध्यक्षका प्रत्याशी (एमालेनिकट)



नेपालमा चिकित्सकहरूको समस्या समाधान गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता हो। जब चिकित्सकका मुद्दा र समस्या समाधान हुन्छन्, तब मात्रै चिकित्सा क्षेत्र भरपर्दो र जिम्मेवार हुन्छ। यस्ता समस्या समाधान गर्न पहल गर्नेछौं।

● **डा. नारायण भुसाल,**
अध्यक्षका प्रत्याशी (स्वतन्त्र)



अहिले बिदेसिने चिकित्सा जनशक्ति धेरै छ, त्यसलाई रोक्न प्रतिबद्ध छौं। हामीले बिरामीको समस्यालाई र चिकित्सक पलायन हुने मुद्दालाई प्राथमिकतामा राखेका छौं।

**काठमाडौं**/ आगामी माघमा हुने भनिएको नेपाल चिकित्सक संघ (एनएमए)को चुनावमा तीन समूह प्यानलसहित भिड्ने तयारी गरेका थिए। तर, यो टिम उच्च अदालतको अर्को पेसीको आदेश आएपछि मात्रै चुनावी प्रक्रियामा अघि बढ्न पाउनेछ। १७ हजार ५० चिकित्सक मतदाता रहेको चुनावमा डा. बद्री रिजाल, डा. मंगल रावल र डा. नारायण भुसालको समूह प्रतिस्पर्धामा छन्। तीनवटै समूहले वरिष्ठ चिकित्सकलाई अध्यक्षको प्रत्याशी बनाएका छन्। संघको विधानअनुसार केन्द्रीय अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहसचिव, सहकोषाध्यक्षसहित सातै प्रदेशबाट एक-एकजना उपाध्यक्ष (प्रादेशिक संयोजक) र ६ जना कार्यसमिति सदस्य रहने व्यवस्था छ। गत २ मंसिरमा आ-आफ्नो उम्मेदवारी दर्ता गराएपछि तीनवटै समूहका चिकित्सकहरू चुनावी प्रचारप्रसारमा व्यस्त देखिएका छन्।

चुनावमा होमिन डा. बद्री रिजालको प्यानलले प्रतिबद्धतापत्र सार्वजनिक गरिसकेको थियो। यो समूहले चुनाव जितेमा पाँच वर्षभित्र १० हजारभन्दा बढी चिकित्सकको दरबन्दी थप्न सरकारलाई दबाब दिने एजेन्डा अघि सारेको छ। रिजालको टिमलाई लोकतान्त्रिक समूह (कांग्रेसनिकट)का रूपमा हेरिएको छ। यो टिमले चिकित्सकीय सुरक्षा, पेसागत हकहित र सम्मानलाई प्राथमिकतामा पारेको छ। पछिल्लो समय कार्यस्थलमा चिकित्सकमाथि आक्रमणका घटना बढेको भन्दै चिकित्सकको सुरक्षा बढाउन राज्यसँग पहल गर्ने, सरकारीमा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरूको पारिश्रमिक वृद्धि गर्न र दुर्गम भत्ता वृद्धिलगायत एजेन्डालाई प्राथमिकतामा राखेको छ।

अध्यक्षका प्रत्याशी डा. मंगल रावलले आफ्नो चुनावी एजेन्डा र प्रतिबद्धतापत्र सार्वजनिक गरिसकेको छ। संघलाई पेसागत सहभागितामूलक, सेवामूलक र पारदर्शी बनाउने नारा अघि सारिएको छ। प्यानलले 'हाम्रो एनएमए, सबैको एनएमए'लाई प्राथमिकतामा राखेको छ। साथै, यसअघि स्वास्थ्य क्षेत्र सुधारका लागि स्वास्थ्य मन्त्रालयले तयार पारेको बाराकोटी प्रतिवेदन कार्यान्वयन गर्ने, चिकित्सक पलायन रोक्नेलगायत एजेन्डा पनि राखेको छ।

यस्तै संघको निर्वाचनमा डा. नारायण भुसालको प्यानल पनि छ। जसमा स्वतन्त्र डाक्टरहरू समावेश छन्। यो टिमलाई अन्य दुईवटा टिमले पेलेको र उनीहरूको उम्मेदवारी प्रक्रियामा अवरोध गरेको आरोप डा. भुसाल टिमले लगाउँदै आएको छ। उनीहरूले स्वतन्त्र तवरले एनएमए हाँक्नुपर्ने दाबीसहित चुनावी प्रचारप्रसारलाई तीव्रता दिएका छन्। 'हामीले बिरामीको उपचार पाउने अधिकार, चिकित्सक एकता, चिकित्सकको तलब सुविधा, विदेश पलायन रोक्नेलगायत एजेन्डा अघि सारेका छौं,' स्वतन्त्रबाट महासचिवका उम्मेदवार डा. अमृत भुसालले भने, 'एनएमए हाँक्न स्वतन्त्र र बलियो टिम चाहिन्छ, त्यसमा हाम्रो समूह प्रतिबद्ध छ, अब चुनाव सर्ने पक्का भयो, तर चुनाव लड्ने टिम यही हो।'

### ■ चिकित्सक जनशक्ति पलायन रोक्ने तीनवटै प्यानलको प्रतिबद्धता

चुनावका लागि उत्रिएका तीववटै प्यानलले आगामी चुनावको मुख्य एजेन्डामा चिकित्सक जनशक्ति पलायन रोक्नेलाई राखेको छ। उनीहरूले नेपालमा दिनप्रतिदिन चिकित्सकको संख्या घटेको, चिकित्सकहरू स्वदेशमा अवसर नदेखेर विदेश गएकोलगायत विषयलाई प्राथमिकतामा राख्दै आफूहरू विजयी भएमा यसलाई रोक्ने दाबी गरेका छन्। अध्यक्षका प्रत्याशी डा. बद्री रिजालले हाल नेपालबाट चिकित्सक विदेश जाने ट्रेन्ड घटाउन उनीहरूलाई आकर्षित गर्न राज्यलाई घचघच्याउने बताए।


| | |
|---|---|
| ८०. | सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३९५२ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा । |
| ८१. | रौतहट जिल्ला, पतौरा गा.वि.स. वडा नं. ५ (हाल मौलापुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७५८, ७६२, १३९८ र १४०० को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-३-४, ०-०-२-७ र ०-०-२-३ (विगाहा) को घरजग्गा । |
| ८२. | पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २६६१ को क्षेत्रफल ५-०-०-० (रोपनी) को जग्गा । |
| ८३. | पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. १२७७, २२३१ र २२३३ को क्षेत्रफल क्रमशः ०-३-२-१, ०-२-०-१ र ०-०-०-१ (रोपनी) को जग्गा । |
| ८४. | रुपन्देही जिल्ला, हाटी वनगाई गा.वि.स. वडा नं. ८ क (हाल मायादेवी गा.पा. वडा नं. ७) स्थित कित्ता नं. ७१३ को क्षेत्रफल ०-९-९-० (विगाह) को जग्गा । |
| ८५. | बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ८ (हाल बढैयाताल गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मि) को जग्गा । |
| ८६. | तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमशः १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा । |
| ८७. | तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५/ज स्थित कित्ता नं. १२२५ को क्षेत्रफल १-०-२-० (रोपनी) को घरजग्गा । |
| ८८. | सुनसरी जिल्ला, भरौला गा.वि.स. वडा नं. ३ झ स्थित कित्ता नं. १३० र १३१ को क्षेत्रफल क्रमशः ०-१-५-० र ०-०-१५-० (विगाह) को घरजग्गा । |
| ८९. | तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स. वडा नं. ६ ङ स्थित कित्ता नं. २१८९ र २१९० को क्षेत्रफल क्रमशः ०-१०-१-० र १-८-१-० (रोपनी) को जग्गा । |
| ९०. | मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं. २५४ को क्षेत्रफल ११२५ (व.मि) को जग्गा । |
| ९१. | सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. २१५१, २१४९ र १४८३ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-४-० र ०-०-१५-० (विगाह) को जग्गा । |
| ९२. | सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. १४७९ को क्षेत्रफल ०-१-१-० (विगाहा)को घरजग्गा । |
| ९३. | सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ५ क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. १००१ र १००३ को क्षेत्रफल क्रमश : ०-३-०-० र ०-१-०-० (विगाहा) को जग्गा । |
| ९४. | चितवन जिल्ला, नारायणगढ गा.वि.स. वडा नं. ३ (हाल भरतपुर म.न.पा. वडा नं. १) स्थित कित्ता नं. ११५ को क्षेत्रफल १२९.५५ (वर्ग मिटर) को घरजग्गा । |
| ९५. | महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा । |
| ९६. | चितवन जिल्ला, गितानगर गा.बि.स/न.पा वडा नं. ३ क (हाल भरतपुर म.न.पा. वडा नं. १३), स्थित कित्ता नं. ६५८ को क्षेत्रफल ०-३-४.२५-० (विगाह) को जग्गा । |
| ९७. | काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३ स्थित कित्ता नं. २६ को क्षेत्रफल ९६.४० (व.मि) को घरजग्गा । |
| ९८. | रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ ख (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. १०४२ को क्षेत्रफल २९०.७२ (व.मि) को जग्गा । |
| ९९. | रौतहट जिल्ला, जुडिबेला गा.वि.स. वडा नं. ९ (हाल चन्द्रपुर न.पा. वडा नं. २) स्थित कित्ता नं. १०९९ र १०९८ को क्षेत्रफल क्रमशः ४३१७.५१ र ६०९५.३४ (ब.मि) को जग्गा । |
| १००. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, कावासोती गा.वि.स. वडा नं. ६ क (हाल कावासोती न.पा. वडा नं. ९) स्थित कित्ता नं. १०२१ को क्षेत्रफल ०-०-१५-०.५ (विगाह) को जग्गा । |
| १०१. | पर्सा जिल्ला, बहुअरी बी गा.वि.स. वडा नं. २ (हाल वीरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-४-९ (विगाह) को घर/जग्गा । |
| १०२. | रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ स्थित कित्ता नं. ५० को क्षेत्रफल २५३.९५ (ब.मि) को घरजग्गा । |
| १०३. | धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा. वडा नं. १ख स्थित कित्ता नं. ५२०१, ६७८९ र ६७८४ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-३-४ र ०-०-३-० (विगाह) को जग्गा । |
| १०४. | नवलपरासी जिल्ला, हकुई गा.वि.स. वडा नं. २ क (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा । |
| १०५. | रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ३ ख (हाल देवदह न.पा. वडा नं. ३) स्थित कित्ता नं. ६३८, ६३९, ६४० र ६४२ को क्षेत्रफल क्रमशः ०-११-०-०, ०-२-०-० , ०-२-०-० र ०-२-१९-० (विगाह) को जग्गा । |
| १०६. | रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. २५६९, ८४८ र ४३२१ को क्षेत्रफल क्रमशः ०-०-६.२५-०, ०-०-१५-० र ०-०-८-० (विगाह) को घरजग्गा । |

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको र/जग्गाको स्थान पहिचानको लागि Google Map

# महाधिवेशनको मुद्दामा कांग्रेस नेता–कार्यकर्ताबिच तीव्र ध्रुवीकरण

## वैशाखमा नियमित महाधिवेशन गर्ने निर्णय गरेको संस्थापन र पुसमा नै विशेष महाधिवेशन गर्नुपर्ने अडानसहित पार्टी निर्णयमा असहमत महामन्त्रीद्वय पक्षधर एक-अर्कालाई गलाउने रणनीतिमा

**● किशोरसिंह राठौर,** सहमहामन्त्री



विशेष महाधिवेशनको अब औचित्य छैन। अहिलेको अवस्थामा आमचुनावमै केन्द्रित हुनुपर्छ। हामी विशेष महाधिवेशन हुन दिन्नौँ। हस्ताक्षर पनि फिर्ता हुन्छ। पार्टी निर्णयविपरीत महामन्त्रीहरूले व्यक्तिगत रूपमा अघि सारेको विशेष महाधिवेशन हुन सक्नै सक्दैन।



सोमबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

**● प्रकाश स्नेही,** केन्द्रीय सदस्य



सबै किसिमले तयारी भइरहेको छ, प्रक्रिया अघि बढिसक्यो। अब त्यसबाट पछि हट्ने सम्भावना छैन, पार्टीको लोकतान्त्रीकरण र विधानको सर्वोच्चता स्थापित गर्न विशेष महाधिवेशनबाहेक अरू बाटोमा जान सकिने अवस्था छैन। २७ र २८ पुसमा विशेष महाधिवेशन हुन्छ।

**प्रेम गौतम**/नयाँ पत्रिका

वैशाखमा नियमित वा पुसमा विशेष महाधिवेशनको मुद्दामा कांग्रेसका नेता-कार्यकर्ताको ध्रुवीकरण तीव्र हुँदै गएको छ। साथै, नियमित महाधिवेशनमा जाने निर्णय गरेको संस्थापन र विशेष नै गर्नुपर्ने अडानसहित पार्टी निर्णयमा असहमति राखेका महामन्त्रीद्वय पक्षधर एकअर्कालाई गलाउने रणनीतिमा पनि लागेका छन्। अहिले दुवैपक्ष आ-आफ्नो तयारीमा छन्।

संस्थापनले विशेष महाधिवेशन निष्क्रिय भएको भन्दै मातहतका निकायलाई परिपत्र गरेको छ। प्रदेश, जिल्ला, प्रतिनिधिसभा क्षेत्र, प्रदेश सभा क्षेत्र, पालिका र वडाहरूलाई परिपत्र जारी गर्दै फागुन २१ को निर्वाचन र वैशाखको १५औँ महाधिवेशनको काममा लाग्न निर्देश गरिएको छ।

वैशाखमा हुने नियमित महाधिवेशनको कार्यतालिकासहित कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले मातहतका निकायलाई सोमबार परिपत्र गरेका हुन्। परिपत्रमा २१ फागुनको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाएर पार्टीलाई बहुमत ल्याउन सबै क्रियाशील हुन भनिएको छ।

यस्तै, पाँच प्रदेशका सभापतिले पनि संयुक्त विज्ञप्ति जारी गर्दै विशेष महाधिवेशनको औचित्य समाप्त भएको दाबी गर्दै आमनिर्वाचनमा होमिन अपिल गरेका छन्। विज्ञप्ति निकाल्नेमा कोशी सभापति उद्धव थापा, मधेश सभापति कृष्ण यादव, बागमती सभापति इन्द्रबहादुर बानियाँ, कर्णाली सभापति ललितजंग शाही र सुदूरपश्चिम सभापति वीरबहादुर बलायर छन्।

'कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको २०८२ पुस १८ को निर्णयअनुसार २०८३ वैशाख २८-३१ मा नियमित महाधिवेशन सम्पन्न हुने भएकाले त्यसअघि विशेष महाधिवेशन गर्ने औचित्य समाप्त भएको अवस्थामा देशभरका सम्पूर्ण कांग्रेसजनहरूलाई एकताबद्ध भई नियमित महाधिवेशनको तयारी र २०८२ फागुन २१ को आमनिर्वाचनमा पार्टीका उम्मेदवारहरूलाई विजयी गराउने कार्यमा जुट्न हार्दिक अनुरोध गर्दछौँ,' संयुक्त विज्ञप्तिमा छ। उनीहरूले विशेष महाधिवेशन पक्षधरलाई दबाब दिन यस्तो विज्ञप्ति निकालेका हुन्।

विशेष महाधिवेशन पक्षधरले २८ पुसको मितिमा विशेष महाधिवेशन आह्वान गर्न दबाब दिएका छन्। महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा विशेष महाधिवेशनको तयारीमा लागेका छन्। राजनीतिक प्रतिवेदन लेखनदेखि आवश्यक सबै तयारी थालिएको थापा-शर्मानिकट नेताहरू बताउँछन्। 'सबै किसिमले तयारी भइरहेको छ, प्रक्रिया अघि बढिसक्यो। अब त्यसबाट पछि हट्ने सम्भावना छैन,' थापानिकट केन्द्रीय सदस्य प्रकाश स्नेहीले भने, 'पार्टीको लोकतान्त्रीकरण र विधानको सर्वोच्चता स्थापित गर्न विशेष महाधिवेशनबाहेक अरू बाटोमा जान सकिने अवस्था छैन।'

नेता अर्जुननरसिंह केसीले सोमबारको कार्यसम्पादन समिति बैठकमै विधानको धारा १७ को उपधारा २ अनुसार विशेष महाधिवेशन बाध्यकारी रहेको जिकिर गर्दै आफू विशेष महाधिवेशनमा सहभागी हुने बताएका छन्। '५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर बुझाएर माग गरेको विशेष महाधिवेशन बाध्यकारी छ। २८ पुसभित्र विशेष महाधिवेशन आयोजना हुनुपर्छ। म विशेष महाधिवेशनमा जान्छु,' केसीले भनेका छन्।

यस्तै, महाधिवेशन प्रतिनिधि देवराज चालिसेले विशेष महाधिवेशनबारे पुनः ध्यानाकर्षण-पत्र बुझाउन खोज्दा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले समय दिएनन्। कार्यालयका कर्मचारीले समेत ध्यानाकर्षण-पत्र दर्ता गर्न नमानेको उनले गुनासो गरे।

कार्यवाहक सभापति खड्काले बुझ्न र कार्यालयमा दर्ता गर्न नमानेपछि चालिसेले मिडियामार्फत ध्यानाकर्षण-पत्र सार्वजनिक गरेका छन्। उनले आगामी वैशाखमा १५औँ महाधिवेशन गर्ने केन्द्रीय कार्यसम्पादन समिति बैठकको निर्णय सच्याएर विशेष महाधिवेशन आह्वान गर्न माग गरे। 'पुस १८ को त्रुटिपूर्ण निर्णय सच्याई विधानको व्यवस्थालाई कार्यान्वयन गर्न र कांग्रेसलाई नयाँ ऊर्जा, एकता र दिशासहित अघि बढाउन केन्द्रसमक्ष पुनः अनुरोध गर्दछौँ,' उनले भनेका छन्।

केन्द्रीय कार्यसम्पादन समिति बैठकले विशेष महाधिवेशनजस्तो गम्भीर विषयमा निर्णय लिँदा विधानको सर्वोच्चतालाई स्वीकार गर्न नसकेको उनको दाबी छ। 'पार्टीको सर्वोच्च संस्था महाधिवेशनका प्रतिनिधि सदस्यहरूको बहुमतले गरेको अनुरोधको वैधानिकता तथा राजनीतिक हैसियत हुँदैन ? यो पार्टी सञ्चालनको कस्तो विधि हो ? हामी कस्तो संस्कार बसाल्दै छौँ ?' उनले प्रश्न गरे।

सहमहामन्त्री किशोरसिंह राठोरले केन्द्रीय कार्यसम्पादन समितिले नियमित महाधिवेशनको नयाँ कार्यतालिका ल्याएको सन्दर्भमा विशेष महाधिवेशनको औचित्य नरहेको बताए। 'विशेष महाधिवेशनको अब औचित्य छैन। अहिलेको अवस्थामा आमचुनावमै केन्द्रित हुनुपर्छ। हामी विशेष महाधिवेशन हुन दिन्नौँ। हस्ताक्षर पनि फिर्ता हुन्छ,' उनले भने। पार्टी निर्णयविपरीत महामन्त्रीहरूले व्यक्तिगत रूपमा अघि सारेको विशेष महाधिवेशन हुन नसक्ने उनको दाबी छ।

यसैबिच डा. शेखर कोइरालाले भने एकता कायम गरेर निर्वाचनमा जानुपर्ने भन्दै नेताहरूसँगको छलफल तीव्र बनाएका छन्। 'डा. साबले सबै पक्षका नेताहरूसँग छलफल गरिराख्नुभएको छ। सबैलाई मिलाएर लानुपर्छ भनेर उहाँ लाग्नुभएको छ,' उनीनिकट एक नेताले भने। कोइरालाले पार्टी निर्णय मानेर जानु नै लोकतान्त्रिक पार्टीका नेता-कार्यकर्ताको कर्तव्य हुने बताउँदै आएका छन्।

# नागरिक उन्मुक्तिका उपाध्यक्ष, सांसदसहितका नेताहरू रास्वपामा समाहित

## टीकापुर घटनालाई राजनीतिक आन्दोलनका रूपमा स्वीकार




तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

**● रवि लामिछाने,** सभापति, रास्वपा



हामी इतिहासको अत्यन्तै मोडमा उभिएका छौँ। देशले धेरैपटक अवसर पायो। तर, केही अवसरवादीले आफ्नो पोल्टामा पारे। देश गरिबको गरिब रह्यो। अब त्यो हुनेछैन। रास्वपाको उपस्थितिमा अब त्यस्तो हुनेवाला छैन। इतिहासले दिएको यो अवसरलाई व्यक्तिगत लाभ र पार्टीगत लाभका लागि खर्च गर्नेवाला छैनौँ। देशको हितका लागि समर्पित गर्नेछौँ।

**● लक्ष्मण थारू** थरूहट नेता



जेन-जी आन्दोलनले तानाशाह लुक्न बाध्य भएको, भ्रष्टहरू थरथर काँप्ने बनाइदिएकाले सफल विद्रोह भयो। जायज र न्यायिक एजेन्डालाई पूरा गर्ने काम अब रास्वपाको काँधमा आएको छ। यसका लागि हामी समाहित भएका हौँ।

**कमलराज भट्ट**/नयाँ पत्रिका

नागरिक उन्मुक्ति पार्टीको पूर्वनेतृत्व तथा थरूहट/थारूवान अभियन्ताहरू राष्ट्रिय स्वतन्त्र पार्टीमा समाहित भएका छन्। सोमबार राष्ट्रिय सभागृहमा आयोजित समारोहमा रास्वपा र नागरिक उन्मुक्ति पार्टीका पूर्वनेतृत्व साथै थरूहट अभियन्ताहरूबिच नौबुँदे सहमति भएको हो।

सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको प्रतिस्पर्धात्मक उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक प्रणालीभित्र असल शासन कायम गरी आमनागरिकका आकांक्षा सम्बोधन गर्न सबै सुसंस्कृत एवं परिवर्तनकामी शक्तिहरू मिलेर नयाँ राजनीतिक शक्तिलाई स्थापित गर्न अपरिहार्य रहेकाले सहमति गरिएको उल्लेख छ।

सहमतिपत्रमा रास्वपा उपसभापति डोलप्रसाद अर्याल, नागरिक उन्मुक्तिका वरिष्ठ उपाध्यक्ष दामोदर पण्डित र लक्ष्मण थारू तथा सुरेन्द्र चौधरीले हस्ताक्षर गरेका छन्। उनीहरूसँगै नागरिक उन्मुक्ति पार्टीका सांसद लक्ष्मणकिशोर चौधरी, ठाकुरसिंह थारू, कोमल ज्ञवालीलगायत थरूहट पक्षका नेताहरू रास्वपा प्रवेश गरेका छन्। लक्ष्मण चौधरी नागरिक उन्मुक्ति पार्टीका २१ जना संस्थापक सदस्यमध्ये एक हुन्। ०७९ को निर्वाचनमा उनी कैलाली १ (२)बाट विजयी भएका थिए। प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री रहेका वेला गत वर्ष विवादित अडियो सार्वजनिक भएपछि उनले पदबाट राजीनामा दिएका थिए।

हालै नागरिक उन्मुक्ति पार्टी र नेपाली कम्युनिस्ट पार्टीबिच एकीकरण गर्ने सहमति भएको थियो। नागरिक उन्मुक्तिकी अध्यक्ष रञ्जिता श्रेष्ठले नेपाली कम्युनिस्ट पार्टीसँग एकता गर्ने सम्झौता गरेकी छिन्।

सुदूरपश्चिम प्रदेश सभामा नागरिक उन्मुक्तिका सातजना सांसद छन्। आन्तरिक विवादले छिन्नभिन्न रहेको नागरिक उन्मुक्तिबाट निर्वाचित कतिपय स्थानीय तहका जनप्रतिनिधि पनि पछिल्लो समय पार्टीमा सक्रिय छैनन्। नागरिक उन्मुक्तिले कैलालीमा चार पालिकामा प्रमुख र तीन पालिकामा उपप्रमुख जितेको थियो। अध्यक्ष श्रेष्ठ र उनका पतिसमेत रहेका नागरिक उन्मुक्तिका संरक्षक रेशमलाल चौधरीबिच लामो समयदेखि विवाद थियो। श्रीमती रञ्जितासँगको विवादका कारण रेशमले नागरिक उन्मुक्ति पार्टी नेपाल गठन गरेका थिए। सुदूरपश्चिम सरकारमा सहभागिताको विषयलाई लिएर सुरु भएको विवादले उग्र रूप लिएपछि नागरिक उन्मुक्ति छिन्नभिन्न अवस्थामा पुगेको हो।

### कसले के भने ?

सुदूरपश्चिम प्रदेश सभा सदस्य लक्ष्मण चौधरीले जेन-जी आन्दोलनले तानाशाह लुक्न बाध्य भएको, भ्रष्टहरू थरथर काँप्ने बनाइदिएकाले सफल विद्रोह भएको बताए। रवि र बालेनको हस्ताक्षरले देशलाई जोडेको उनको भनाइ थियो। घुस नखाऊ भन्दा गोली ठोकिएको र अझ आफैँ निर्दोष रहेको भनेर हिँड्दै गरेको भन्दै उनले जायज र न्यायिक एजेन्डालाई पूरा गर्ने काम अब रास्वपाको भएको बताए।

नागरिक उन्मुक्ति पार्टीका वरिष्ठ उपाध्यक्ष दामोदर पण्डितले यो राजनीतिक समायोजन माग मुद्दाको सम्बोधनका लागि भएको बताए। यसका लागि रवि लामिछानेलाई विश्वास गर्न उनले आह्वान गरे। ७ भदौ ०७२ मा घटेको घटना आन्दोलन भएको र त्यसलाई लामिछानेले स्वीकार गरेको उनले सुनाए।

उपसभापति स्वर्णिम वाग्लेले विराट लक्ष्यका लागि ठुलै पार्टीमा जोडिएर यो अभियानलाई इमानदार रूपमा अगाडि बढाउने र समावेशिताको विषयमा आफूहरू प्रतिबद्ध रहेको बताए। संघर्ष गर्दा मुद्दाहरू उठान भएको, तर उठाउने तरिकाप्रति विमति भए पनि जुधाउने, लडाउने र सामाजिक सद्भाव खल्बल्याउने काम भएको भन्दै रास्वपाले जोड्ने राजनीति गरिरहेको उनको भनाइ थियो।


### बालेन र कुलमान अनुपस्थित

रास्वपा र थरूहट अभियन्ताको एकता समारोहमा सभापति रवि लामिछाने, उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्लेसहित विवेकशीलबाट आएका नेताहरू सहभागी थिए। तर, पार्टीको वरिष्ठ नेताको हैसियत पाएका काठमाडौंका मेयर बालेन्द्र शाह बालेन र पहिलो वरीयताका उपसभापति कुलमान घिसिङ उपस्थित भएनन्। रास्वपा प्रवक्ता मनीष झाले बालेन र कुलमानले औपचारिक जिम्मेवारी सम्हाल्न बाँकी नै रहेको बताए।

'उहाँहरू अहिले आ-आफ्नो जिम्मेवारीमा हुनुहुन्छ। त्यो त्यागेर मात्रै उहाँहरू पार्टीको जिम्मेवारीमा आउनुहुन्छ। र, औपचारिक रूपमा एकता सभा हुन्छ। त्यसपछि पार्टीको सार्वजनिक कार्यक्रममा उपस्थित हुनुहुन्छ। अहिले त सम्झौता मात्रै भएको हो। यसलाई मतभेद र मनभेदको रूपमा लिनुहुँदैन। राजनीतिक रूपमा लिनुपर्छ,' उनले भने। यद्यपि, बालेन र कुलमान समूहका नेता कार्यकर्ताहरूको सार्वजनिक समारोहमा उल्लेख्य सहभागिता रहेको बिस्तारै नेतृत्व तहको पनि सहभागिता हुने उनको भनाइ छ।

## संक्षेप

### ओलीको स्थान हद फुकुवा



**काठमाडौं**/ जेन-जी आन्दोलनमा दमनको आरोप लागेका तत्कालीन प्रधानमन्त्री केपी ओलीको स्थान हद फुकुवा भएको छ। बयान सकिएपछि स्थान हद हटाइएको जाँचबुझ आयोगले जनाएको छ। ओलीसँग आयोगले आइतबार गुन्डुस्थित निवासमा पुगेर बयान लिएको थियो। बयान नलिएसम्म उनलाई विदेश जान रोक लगाउनुका साथै उपत्यका छाड्न पनि आयोगको अनुमति लिनुपर्ने निर्णय गरिएको थियो। उनीसँग बुझ्नुपर्ने काम सकिएकाले फुकुवा गरिएको आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए। आयोगले ओलीसहित तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, आइजिपी चन्द्रकुबेर खापुङ, गुप्तचर प्रमुख हुतराज थापा तथा काठमाडौंका तत्कालीन सिडिओ छवि रिजाललाई पनि स्थान हद लगाएकोमा बयान सकिएपछि फुकुवा गरिसकेको छ। आयोगले सबैसँग बयानको काम गरेर प्रतिवेदन लेखन अघि बढाएको छ। ९ माघभित्र प्रतिवेदन बुझाउने गरी लेखनको काम अघि बढेको प्रवक्ता शर्मा बताउँछन्।

### राम्रो काम गरेकाले हाम्रो सरकार ढालियो : प्रचण्ड



**काठमाडौं**/ नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफू नेतृत्वको सरकारले राम्रो काम गरेको सहन नसकेर कांग्रेस र एमालेले सत्तागठबन्धन बनाएको आरोप लगाएका छन्। सोमबार नेपाली समाज भारतद्वारा नयाँदिल्लीमा आयोजित एकता सन्देश सभा तथा साक्षात्कारमा उनले भ्रष्टाचारविरुद्ध अभियान चलाएकै कारण आफ्नो सरकार ढलेको जिकिर गरे। दिल्ली बसाइमा भारतीयहरूसँग अनौपचारिक कुराकानी भएको पनि उनले बताए। प्रचण्डले वर्तमान सरकार गठनमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले सिफारिस गरेको र आफूहरूले सहमति निर्माण गरेको जिकिर गरे। तर, संसद् विघटनमा सहमति नभएको उनको भनाइ थियो। 'संसद् विघटन गर्ने सहमति त्यसवेला भएको थिएन,' उनले भने, 'गत २६ भदौको राति राष्ट्रपति र प्रधानसेनापतिले शीतलनिवास बोलाउनुभयो। म र माधव नेपालले रातभरि मिहिनेत गरेर निकासका लागि सहजीकरण गर्‍यौँ। कामचलाउ प्रधानमन्त्री ओलीको सिफारिसमा सरकार बन्यो।' अहिले नयाँ राजनीतिक परिस्थिति निर्माण भएको उल्लेख गर्दै प्रचण्डले त्यसबारे भारतका आफ्ना मित्रहरूसँग छलफल भएको बताए।


### १३ दिनपछि भेटियो टंकमायाको शव

**सिन्धुली**/ १३ दिनअघि बेपत्ता भएकी तीनपाटन गाउँपालिका-३ राम्चेकी ५३ वर्षीया टंकमाया बुढाथोकीको शव फेला परेको छ। ८ पुसदेखि बेपत्ता टंकमायाको शव सोमबार फेला परेको तीनपाटन गाउँपालिका- ३ का वडाध्यक्ष लालबहादुर स्याङ्तानले बताए। टंकमायाको खोजतलास गर्न बागमती प्रदेश प्रहरी कार्यालयबाट तालिमप्राप्त कुकुर परिचालन गरिए पनि केही अवस्था पत्ता लाग्न सकेको थिएन। टंकमायाको शव घरबाट करिब साढे तीन किलोमिटर पर दारेगौडा भिरको बाँसको झाङमा फेला परेको वडाध्यक्ष स्याङ्तानले बताए। कसैले हत्या गरी शव फ्यालेको हुन सक्ने उनको भनाइ छ। घटनास्थलको अवस्थाको अनुसन्धान गर्न प्रहरी टोली त्यसतर्फ पठाइएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख लालध्वज सुवेदीले बताए।

# औद्योगिक पार्कमा फेरि भारतीयले लगाए मकै

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक, गौरादह र कमल गाउँपालिकामा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिडेटले अधिग्रहण गरेको जग्गामा यसपटक पनि भारतीयले मकैखेती लगाउन सुरु गरेका छन्। नेपाल-चीनमैत्री औद्योगिक पार्क निर्माणका लागि दमक नगरपालिका-१०, कमल गाउँपालिका- ७ र गौरादह नगरपालिका- ५ मा अधिग्रहण गरेको जग्गामा भारतीयले स्थानीयबाट ठेक्का लिएको भन्दै मकैखेती लगाउन सुरु गरेका हुन्।



औद्योगिक क्षेत्रको जग्गामा मकै लगाइँदै।

गत वर्ष यस क्षेत्रमा तीन सय बिघा जग्गामा भारतीयले मकैखेती लगाएका थिए। केही व्यक्तिबाट ठेक्का लिएर उनीहरूले मकैखेती गरेको नयाँ पत्रिका दैनिकले सार्वजनिक गरेपछि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र जिल्ला प्रशासन कार्यालयले अनुगमन गरेको थियो। तर, मकै लगाउन दिने मुख्य व्यक्तिलाई उन्मुक्ति गरेर मकैखेती गर्न लगाउने भारतीयलाई मात्र फेरि नलगाउने सर्तमा कागज गराएर छाडिएको थियो। मकै उत्पादन भएको भन्दै प्रशासनले एकपटकलाई उठाएर लैजान दिएको थियो। मुख्य व्यक्ति पहिचान नगरी कारबाही नगरेकाले यसपटक पनि भारतीयले मकैखेती लगाउन सुरु गरेका हुन्। गौरादह- ५ मा रतुवा खोलाको बगरमा रहेको औद्योगिक क्षेत्रको जग्गामा मकै लगाउन सुरु गरिएको छ। यसपटक त्यस क्षेत्रमा करिब दश बिघामा मात्र मकैखेती लगाएका छन्। तर, प्रशासनले गत वर्ष नलगाउनु भने पनि कडाइ नगर्दा यसपटक पनि मकैखेती सुरु गरेको हो। त्यहाँ मकै लगाउने भारतीय नै छन्। उनीहरू गत वर्ष पनि मकै लगाउन आएका व्यक्ति नै हुन्। भारतीय मोटरसाइकलमा आएर खेती गर्ने गरेका छन्।


'गत वर्ष प्रशासन आएपछि रोकिएको थियो। तर, फेरि भारतीय आउन थालेका छन्। सुरुमा पश्चिम क्षेत्रमा गर्न सुरु गरेका थिए। अहिले फेरि बढ्दै छ,' गौरादह-५ का स्थानीय राजकुमार श्रेष्ठ भन्छन्, 'जेन-जी आन्दोलनपछि प्रशासनले कडाइ नगर्दा फेरि मकैखेती सुरु भएको छ। करिब दश बिघामा लगाउन सुरु गरेका छन्। अहिले नै नरोक्ने हो भने बढ्न सक्छ।'

गत वर्ष पनि औद्योगिक क्षेत्रको जग्गामा मकैखेती गरेका भारत बिहारका अक्सर अलीले रतुवा बगरमा मकै लगाएका छन्। उनले त्यहाँ करिब सात बिघामा मकैखेती गरेका हुन्। साहुले आफ्नो जग्गा भनेर दिएको उनी बताउँछन्। तर, उनले साहुको नाम थाहा नभएको बताए।

औद्योगिक क्षेत्रको जग्गामा भारतीयले मकैखेती गर्दा प्रशासन र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अनभिज्ञ छ। 'मकैखेती गरेको बारे जानकारी छैन। यो प्रकृतिको गतिविधि अबदेखि नगर्न भनेर गत वर्ष कागज गरेका थियौँ। अब यसबारेमा बुझ्छु,' औद्योगिक क्षेत्र व्यवस्थापन लिमिडेटका महाप्रबन्धक पदम ओलीले भने, 'के गर्ने भन्नेबारे त हामीले पहिला त्यहाँको अवस्थाबारे जानकारी नलिई भन्न सकिँदैन।'

# भारतको हरियाणा पुर्‍याइएका पाँच नेपाली बन्धक, एक बेपत्ता

## आकर्षक रोजगारी र तलबको प्रलोभन देखाएर भारत लैजाने ठेकेदार र उनका सहयोगी फरार



**● कुलदीप यादव,** वडाध्यक्ष

**मजदुरी गर्न भारत लगिएका दलित समुदायका मजदुरहरूलाई बन्धक बनाएर काममा लगाइएको हो भने तत्काल सम्बन्धित निकायले अनुसन्धान थालेर ठेकेदारलाई पक्राउ गरी मानव बेचबिखनको मुद्दा चलाउनुपर्छ।**


लहानमा **मणिलाल विश्वकर्मा**

ठेकेदारले सेलर मिलमा काम लगाइदिने भन्दै भारतको हरियाणा करनाल पुर्‍याएका सर्लाहीका सातजनामध्ये पाँच मजदुलाई बन्धक बनाइएको परिवारजनको आरोप छ। सिराहाको कल्याणपुर नगरपालिका- ४ जमुवा टोलका ४६ वर्षीय राम सदा, वडा नम्बर ५ का २५ वर्षीय रञ्जित सदा, ३३ वर्षीय सिकिन्दर भनिने इन्दल सदा, ४३ वर्षीय उपेन्द्र सदा र वडा नम्बर ८ बड्कीटोलका ३५ वर्षीय रामकुमार पासवानलाई बन्धक बनाएर भारी बोक्ने काममा जोताइरहेको पीडित परिवारले बताएका छन्।


बस्तीका करिब २५ वर्षीय गणेश सदालाई भने उतै बेपत्ता बनाइएको उनकी श्रीमती उर्मिलादेवी सदाले बताइन्। 'पछिल्लो चार महिनादेखि न श्रीमान्‌सँग फोनमा कुरा भएको छ न त एक रुपैयाँ पठाएका छन्,' उनले भनिन्।

सुखीपुर नगरपालिका- ९ मोहनपुर वैसखा गाउँका श्रीदेव भनिने देव यादव र उनका सहयोगी धनुषाको सबैला पटेर्वा घर भई गोलबजार बस्दै आएका बसिर मियाँले करनालको सेलर मिलमा पाँचजनालाई बन्धक बनाएर काम गराइरहेको महिना दिनअघि भागेर घर फर्किएका ३३ वर्षीय ब्रह्म मुखियाले बताए। '२५ किलोदेखि ७० किलोसम्म धान, चामल, कनिका प्याक गरिएको गह्रौं बोरा ठूल्ठूला ट्रकमा लोड अनलोड गर्नुपर्थ्यो,' उनले भने 'त्यति गह्रौ काम गराएर खानामा सोयाविन र आलुको झोल र भातबाहेक केही दिँदैनथे।' काम गर्न नसक्दा कोठामा थुनेर निरन्तर कुटपिट गर्ने उनले बताए। 'ठेकेदार र उनका सहयोगी घुम्न बजारतिर गएको मौका छोपेर महिना दिन अघि भागेर घर फर्किएँ,' उनले भने।


करनालबाट फर्किएर मुसहर बस्तीस्थित छोरीको घरमा बसिरहेका करिब ५१ वर्षीय सिटहु सदाले आफूहरूलाई दिनरात काममा लगाउने गरेको बताए। 'समयमा खान, आराम गर्नसमेत दिँदैनथे' उनले भने 'खाना, आराम र पारिश्रमिकको कुरा गर्‍यो भने कोठामा थुनेर निर्घात कुटिहाल्थे।'



रञ्जित सदा



सिकन्दर सदा



उपेन्द्र सदा

ठेकेदार यादव र उनका सहयोगी मियाँ पछिल्लो दसैँलगत्तै बस्तीमा पुगेका थिए। त्यतिखेर उनले राम्रो कमाइ हुन्छ भन्दै मासिक भारतीय १० हजार रुपैयाँ तलब दिनेगरी मुसहर बस्तीका ब्रह्म, इन्दल, उपेन्द्र, रंजित, गणेश, बड्की टोलका रामकुमार र जमुवाका रामलाई भारत लगेका थिए। 'गाउँबाट लगिएकामध्ये ब्रहम भागेर घर फर्किएको र गणेशबाहेक पाँचजनालाई बन्धक बनाएर काममा जोताइरहेको थाहा पाएका छौँ,' उनले भने 'चार महिनासम्म परिवारसँग दोहोरो कुराकानी भएको छैन।' उनका अनुसार ठेकेदार र उनका सहयोगी सम्पर्कविहीन भएका छन्।

कल्याणपुर- ५ का वडाध्यक्ष कुलदीप यादवले आफ्नो वडा क्षेत्रको दलित बस्तीबाट लगिएका मजदुरहरूलाई परिवारसँग सम्पर्कसमेत गर्न नदिई बन्धक बनाएर काममा लगाइरहेको भनेर आफूले पनि थाहा पाएको बताए। 'मजदुरी गर्न भारत लगिएका दलित समुदायका मजदूरहरूलाई बन्धक बनाएर काममा लगाइएको हो भने तत्काल सम्बन्धित निकायले अनुसन्धान थालेर ठेकेदाराई पक्राउ गरी मानव बेचविखनको मुद्दा चलाउनुपर्छ,' उनले भने।

राष्ट्रिय मुसहर संघका केन्द्रीय सदस्य महेन्द्र सदाका अनुसार पीडित परिवार उजुरी लिएर सोमबार जिल्ला प्रहरी कार्यालय सिरमहा पुगेका थिए। तर, कार्यालय समय घर्किएकाले फर्किएको उनले बताए। सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले पीडित परिवारलाई जाहेरी आएपछि अनुसन्धान अगाडि बढ्ने बताए।

### बाबु बित्दा छोरा नफर्केपछि किरियामा नाति

कमाएर घरपरिवारलाई पाल्ने सोचसहित गाउँका साथीहरूसँग करनाल गएका गणेश नफर्किएपछि हजुरबुवाको किरिया नातीले गरिरहेका छन्। गणेशका ६० वर्षीय बुबा नन्दलाल सदाको १६ पुसमा निधन भएको थियो। नन्दलालका जेठा छोरा छेकुवा सदा वैदेशिक रोजगारीका क्रममा साउदी अरबमा छन्। १० वर्षीय नाति अनिसले दागबत्ती दिएर किरियामा बसेको स्थानीयविपरीत सदाले बताए। 'देवरलाई ठेकेदारले लिएर गए, अहिलेसम्म फोन सम्पर्क छैन,' छेकुवाकी श्रीमती सरितादेवीले भनिन् 'श्रीमान् खाडीमा छन्, हजुरबाको किरियामा नाबालक छोरालाई राखेकी छु।'

# असमानतामा रुमल्लिएको विद्यालय शिक्षा

## संस्थागत र सामुदायिक विद्यालयबिचको असमानताले एउटै देशका नागरिकलाई सम्भ्रान्त र साधारण वर्गको दुई विपरीत ध्रुवमा विभाजन गरिरहेको छ



● किरण कोइराला

अग्रलेख

शिक्षा मानव सभ्यताको विकास, सामाजिक रूपान्तरण र व्यक्तिगत ज्ञानलाई विज्ञानमा परिणत गर्ने विकसित र सर्वव्यापी मानवीय बौद्धिक तथा प्राज्ञिक क्रियाकलाप हो । पाठ्यक्रम र पाठ्यपुस्तकको सीमित निर्जीव ज्ञानलाई विद्यार्थीको मनोविज्ञान, उमेर, तह र क्षमताअनुसार जीवनोपयोगी सीपलाई मानवीय मूल्य र मान्यताको धारणामा रूपान्तरित सिद्धान्तले ज्ञानलाई व्यावहारिक विज्ञानमा परिणत गर्ने अद्वितीय कला शैक्षिक नीतिमा देखिनुपर्छ । कुनै पनि राष्ट्रको शिक्षा प्रणालीको गुणस्तर त्यहाँका विद्यालयका भौतिक संरचना वा नीतिमा मात्र नभई कक्षाकोठाभित्र उभिने शिक्षकको क्षमता, सामाजिक आवश्यकता र विद्यार्थीको उत्प्रेरणामा निर्भर रहन्छ । दुर्गम तथा सुविधाविहीन र सुविधासम्पन्न सहरको शैक्षिक नीति एकै प्रकारको हुनुले वर्गीय असमानतालाई महत्त्व नदिएको स्पष्ट देखिन्छ ।

नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । सो हक कार्यान्वयन गर्न बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको कानुनी अधिकार तथा बालबालिकाप्रति दायित्वको व्यवस्था गरेको छ । संस्थागत र सामुदायिक विद्यालयबिचको असमानताले एउटै देशका नागरिकलाई सम्भ्रान्त र साधारण वर्गको दुई विपरीत ध्रुवमा विभाजन गरिरहेको छ । कानुनमा व्यवस्था गरिएको पद्धतिमा पनि शिक्षाले सामाजिक न्याय दिन सकिरहेको छैन । न त समाजलाई शिक्षाले रूपान्तरण नै गर्न सक्यो । प्रणालीगत रूपमा कमजोर बन्दै गएको विद्यालय शिक्षा व्यवस्थापनको स्वामित्व स्थानीय तहमा हस्तान्तरण गरियो । सामुदायिक विद्यालय समुदायमा हस्तान्तरण कार्यक्रम (२०५९/६० - २०६९/७०) सफल हुन नसकेपछि २०७२ को संविधान जारी भएसँगै त्यही असफल नीति अलि परिष्कार गरेर आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहमा अझ स्तरीकृत गरेर एकल अधिकारमा सुनिश्चित गरियो । राष्ट्रिय आवश्यकतामा नपरेको विद्यालय शिक्षा विकासको साधन कसरी बन्ला ? शैक्षिक प्रक्रियाबाट अनियमित काम, अनुशासनहीन व्यवहार र विचलित धारणालाई नियन्त्रण गर्ने शक्तिशाली साधन शिक्षा कसरी बन्ला ? शान्त र सभ्य समाजको अपेक्षा कहिले पूरा होला ? यस्ता धेरै शैक्षिक पक्षसँगको सवाल र जवाफबाट शिक्षालाई जबसम्म सक्षम, समृद्ध र प्रतिस्पर्धी बनाइँदैन, तबसम्म राज्यका कुनै पनि संयन्त्र सफल, स्थिर र न्यायिक हुन सक्दैनन् ।

आव २०८१/८२ को शैक्षिक तथ्यांकअनुसार देशभरका २५ हजार ८७४ सामुदायिक विद्यालयमध्ये १५ हजार २७३ विद्यालयमा एक सयभन्दा कम विद्यार्थी छन् भने एक हजारभन्दा माथि विद्यार्थी रहेका विद्यालय ४५० पनि छैनन् । २०८१ मा जम्मा भर्ना भएका विद्यार्थी संख्या ७० लाख १० हजार ८०८ को ६६ प्रतिशत विद्यार्थी सामुदायिक र धार्मिक विद्यालयमा अध्ययनरत छन् भने ३४ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत देखिन्छन् । यति धेरै विद्यार्थी अध्ययन गर्ने विद्यालयमा शैक्षिक एकरूपता र गुणस्तर नियन्त्रणको भरपर्दो संयन्त्र विकास हुन सकेको छैन ।

नेपाल सरकारको अस्पष्ट शैक्षिक नीति, सस्तो लोकप्रियताका कार्यक्रममा अस्वाभाविक वृद्धि र दाताको अपेक्षाअनुरूप बोझिला तथा अत्यन्तै खर्चिला अनावश्यक कार्यक्रमका लागि बजेटको दुरुपयोगले सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनसमेत अस्तव्यस्त भएका छन् । नेपाल सरकारले ०७५/७६ मा बागमती प्रदेशबाट सुरु गरेको माध्यमिक तहमा एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालनमा छ । त्यही विद्यालयको एक सय मिटरवरिपरि रहेको स्वास्थ्य मन्त्रालयअन्तर्गतको सामुदायिक स्वास्थ्य केन्द्र वा चौकीमा स्वास्थ्यकर्मी बिरामी पर्खिरहेका छन् । औषधि खरिदमा दुवै ठाउँमा सरकारले अत्यधिक खर्च गरिरहेको छ । एकातिर राज्यको लगानी र जनशक्तिको सीप खेर गइरहेको छ भने अर्कातिर अस्पतालमा नर्स अभावमा गुणस्तरीय स्वास्थ्य सेवा प्रभावित छ । आधारभूत तहका विद्यालयमा नर्सको व्यवस्था छैन । ती साना बालबालिका बिरामी नै हुँदैनन् भनी राज्यले आकलन गरी नीति बनाउनु व्यावहारिक देखिँदैन र समानताको सिद्धान्तमा आधारित पनि छैन । आवश्यकताभन्दा पनि लोकप्रियताका आधारमा योजना तथा कार्यक्रम बन्ने यस्ता अन्य धेरै उदाहरण पाइन्छन् ।

नेपालको संविधानको धारा ३१ मा शिक्षालाई मौलिक हकका रूपमा राखी त्यसको कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ कार्यान्वयनमा छ । तर, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको २०८१ को तथ्यांकअनुसार माध्यमिक तहका एक हजार सात सय ६२ र निम्न माध्यमिक तहका तीन हजार एक सय ६३ सामुदायिक विद्यालयमा एकजना पनि शिक्षक दरबन्दी छैन । माध्यमिक तह कक्षा ११ र १२ मा अझै पनि विषयगत दरबन्दी उपलब्ध गराउन सकिएको छैन । नेपाल सरकारले दिगो विकासको शैक्षिक लक्ष्य हासिल गर्न विद्यालय शिक्षा क्षेत्र योजना (२०७९/८०-२०८/८९०) कार्यान्वयनमा ल्याएको छ । पाँच वर्षका लागि ९५४.४१ अर्ब (९ खर्ब ५४ अर्ब) अनुमानित लागत खर्च हुने योजना सार्वजनिक गरिएको छ । यस्ता योजना सहरको महलमा बसेर कागजमा युरोप र अमेरिकाको भन्दा पनि अझ उन्नत र समृद्ध शैक्षिक प्रणालीको योजना तयार हुन्छ । विद्यालयको वास्तविकता शिक्षक र विद्यार्थीको अनुपात नमिलाउँदा कहीँ शिक्षक मात्र छन्, विद्यार्थी छैनन् र कहीँ विद्यार्थी छन्, शिक्षक अपुग छ । शैक्षिक योजना जति नै लोकप्रिय बनाए पनि विद्यालयको कक्षाकोठामा विद्यार्थी र शिक्षकलक्षित कार्यक्रम नभएसम्म शैक्षिक रुपान्तरण हुने देखिँदैन ।



**शिक्षामा असमानता** : शिक्षा ऐन (२०२८) र शिक्षा नियमावली २०५९ ले विद्यालयलाई सामुदायिक र संस्थागत भनेर वर्गीकरण गरे पनि सार्वजनिक शैक्षिक गुठीअन्तर्गत बुढानिलकण्ठ र गण्डकी बोर्डिङ स्कुल विशेष ऐनअन्तर्गत सञ्चालित छन् । यी विद्यालयमा सरकारको ठुलो लगानी हुन्छ र व्यवस्थापन समितिको अध्यक्षमा मन्त्रालयको उच्च नेतृत्व रहने व्यवस्था छ । यिनलाई राष्ट्रिय विद्यालयको मान्यता दिइएको छ । केहीलाई छात्रवृत्ति दिए पनि सर्वसाधारणबाट उच्च शुल्क लिइन्छ । सैनिक र प्रहरी तथा निजामती विद्यालय सम्बन्धित संगठनको कल्याणकारी कोष तथा पेसागत व्यवस्थापनबाट सञ्चालित छन् । राज्यको स्रोत साधन, पूर्वाधार र जनशक्ति प्रयोग गरिए पनि सेवामा कर्मचारीका सन्तानलाई प्राथमिकता दिएर सर्वसाधारणबाट उच्च शुल्क लिइन्छ । सेन्ट जेभियर्स, सेन्ट मेरिज र एसओएसजस्ता विद्यालय धार्मिक वा शैक्षिक गुठी अर्थात् एनजिओको अवधारणामा सञ्चालित छन् । ब्रिटिस स्कुल, लिंकन स्कुलजस्ता विद्यालय कूटनीतिक द्विपक्षीय सम्झौताका आधारमा सञ्चालित छन् । यिनले अन्तर्राष्ट्रिय पाठ्यक्रम अध्यापन गराउँछन् । सर्वसाधारण नागरिकबाट उच्च शुल्क असुल्ने यी विद्यालय शिक्षा ऐन २०२८ को भावनाबमोजिम छैनन् । बालबालिकासम्बन्धी ऐन २०७५ को दफा १८ मा राज्यको दायित्व उल्लेख गरिए पनि बालबालिका अध्ययन गर्ने विद्यालयमा वर्ग विभाजित शैक्षिक कार्यक्रमले राज्यको दायित्वमा कानुनी तथा कार्यान्वयनगत अस्पष्टता देखिन्छ ।

> नमुना विद्यालयका नाममा भौतिक पूर्वाधार, विज्ञान प्रयोगशाला, पुस्तकालय र आइसिटी ल्याबका लागि करोडौँ अनुदान दिइँदै गर्दा बाँकी धेरै सामुदायिक विद्यालयमा न्यूनतम पूर्वाधार डेस्क, बेन्च, शौचालय, शिक्षक दरबन्दीको समेत अभाव देखिन्छ

नेपाल सरकारले विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) देखि सञ्चालित ४२२ सामुदायिक माध्यमिक विद्यालयलाई नमुना विद्यालयमा रुपान्तरण गरी भौतिक पूर्वाधार, विज्ञान प्रयोगशाला, पुस्तकालय र आइसिटी ल्याबका लागि करोडौँ रुपैयाँ विशेष अनुदान दिइरहेको छ । तर, बाँकी धेरै सामुदायिक विद्यालयमा न्यूनतम पूर्वाधार डेस्क, बेन्च, शौचालय, शिक्षक दरबन्दीको समेत अभाव छ । राज्यको ढुकुटीबाटै सञ्चालित विद्यालयबिचको यो असमानतालाई राज्य संरक्षित विभेदको अन्त्य गरिनुपर्ने आवाज सर्वत्रबाट उठिरहँदा पनि शिक्षामा समानता खोजिएको छैन ।

**शिक्षा र राजनीति** : नेपालको संविधानले समाजवादउन्मुख व्यवस्थाको परिकल्पना गरेको छ, तर शिक्षा प्रणालीले पुँजीवादी र वर्गीय खाडललाई मलजल गरिरहेको छ । समानता र विकासका लागि सक्षम राजनीतिक प्रणाली हुनुपर्छ । छिमेकी मुलुक चीनमा सक्षम राजनीतिक प्रणालीको विकास हुँदा राजनीतिक अनुभवलाई संस्थागत र नीतिगत योग्यता मानियो र विश्वमा समृद्ध राष्ट्र बन्दै छ । नागरिक सहकार्य र सहिष्णुताले राष्ट्रियता बलियो छ । राजनीतिमा योग्य व्यक्तिले नेतृत्व गर्दा त्यहाँको सेना विश्वको शक्तिशाली छ । प्रशासनमा सुशासन देखिन्छ र गुणस्तरीय शैक्षिक प्रणाली सुनिश्चित छ । नागरिक अनुशासित छन् । नेपालको संविधान अधिकारमा आधारित छ । अधिकार कार्यान्वयन गर्न न्यायिक र प्रशासनिक सर्वोच्चता अनिवार्य मानिन्छ । जनता अधिकारमा सर्वगुण सम्पन्न तथा राज्यले दिने र जनताले प्राप्त गर्ने अधिकारले राजनीतिमा भन्दा कानुन र प्रशासनमा जनविश्वास बढी देखिन्छ । जनताको राजनीतिसँग लिने र दिने सम्बन्ध नै नभएपछि राजनीतिक सर्वोच्चता हुने देखिँदैन । गरिब देशको धनी र सम्पन्न नागरिक आदर्शले नीतिगत रूपमै सेवामूलक बनेको राजनीतिलाई पनि जनताले स्विकारेको देखिन्न । संविधानमा समाजवादउन्मुख व्यवस्था भनिए पनि जुनसुकै वर्ग र सम्प्रदायको गरिब धनी बन्ने सम्भावना देखिँदैन । समाजमा शैक्षिक तथा आर्थिक उच्च वर्गको मात्र राज्यको स्रोतसाधनमा हालीमुहाली भइरहने देखिन्छ । पुँजीवादी प्रणालीको असर र प्रभाव कमजोर वर्ग अध्ययन गर्ने सामुदायिक विद्यालयमा प्रत्यक्ष परेको पाइन्छ । राज्यले अत्यावश्यक सेवामा लगानी गर्न नसक्दा गुणस्तरीय सेवा प्रदान गर्न समस्या हुने भएकाले सामाजिक असमानता र द्वन्द्व भइरहने, शैक्षिक गुणस्तर कमजोर हुने र राष्ट्रियताभन्दा अधिकारले महत्त्व पाउँछ ।

**निष्कर्ष** : शिक्षा प्रणाली कमजोर बन्दा नव युवा प्रणालीभन्दा पनि व्यक्तिको पछि कुदिरहेका छन् । नागरिक तहमा अनुशासन कमजोर बन्दै छ । गलतलाई पनि ठिक देखिरहने शिक्षित नागरिक उत्पादन गर्ने शिक्षा प्रणाली र पाठ्यक्रमका कमजोरी हटाउन ढिलो भइसकेको छ । नेपालमा २००७ सालदेखि नै आजसम्म राजनीतिक स्थायित्व हुन सकेन । त्यसको प्रभाव शिक्षा क्षेत्रमा सधैँ परिरह्यो । जहिले पनि देशको राजनीति र शिक्षा एउटै ध्रुवमा हुन्छन् । देशमा राजनीति सक्षम भए मात्र शिक्षा प्रणाली सक्षम हुन्छ । राजनीति र शासन प्रणालीजस्तो छ शिक्षा त्यस्तै बन्छ । राजनीतिक थितिमा सामाजिक बेथिति हट्दै जान्छन् । शिक्षाले डोऱ्याएको राजनीति, राजनीतिले डोऱ्याएको समाज र समाजले डोऱ्याएको प्रशासनले मात्र सुशासन कायम गरेर सामाजिक रुपान्तरण गर्न सक्छ । अनि मात्र दिगो विकासको अपेक्षा पूरा हुन्छ । शैक्षिक भरियाहरू मालिक बन्नेछन् र बिचौलियाहरू व्यावसायिक बनेर शैक्षिक खाडल पुर्नेतिर लाग्नेछन् । शिक्षालाई वर्ग विभाजन गर्ने शक्तिका रूपमा नभई दिगो विकासको साधन परिचालन गर्ने प्रक्रियाका रूपमा उपयोग गरिनुपर्छ । समाजमा पैसा र पहुँच हुनेले मात्र गुणस्तरीय शिक्षा पाइरहेका छन् भन्ने शैक्षिक निराशालाई सदाका लागि अन्त्य गरिनुपर्छ । समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोचसँगै विसं २१०० मा समेत साक्षरतालाई मात्र जोड दिइनुले हाम्रा नीति निर्माणका मालिक स्वार्थी मात्र छन्, दूरदर्शी छैनन् प्रस्ट हुन्छ । अबको साक्षरताका लागि पहुँच भनी शैक्षिक प्रणालीलाई जिस्क्याइरहनु र झुक्याइरहनुभन्दा गुणस्तरीय शिक्षामा पहुँचका लागि राष्ट्रिय पहिचानको दिगो विकास खोजिनुपर्छ । गुणस्तरीय शिक्षासँग जोडिएको परिवर्तनले मात्र समृद्ध नेपाल सुखी नेपालीको अपेक्षा पूरा गरेर सामाजिक रुपान्तरणलाई दिगो र समृद्ध बनाइराख्छ ।

*(कोइराला शिक्षक हुन्)*
*koiralakiran123@gmail.com*

---

## ३ प्रश्न

अर्थशास्त्री
**डा. डिल्लीराज खनाल**लाई



■ **संघीय सरकारले स्रोतअभावमा ३५ अर्ब ८० करोड भुक्तानी दिन बाँकी हुनुले के संकेत गर्छ ?**

हाम्रा अधिकांश आयोजना स्रोत सुनिश्चित नभईकनै सुरु हुन्छन् । कैयौँ बहुवर्षीय आयोजनामा बजेट कहाँबाट ल्याउने, खर्च कसरी गर्ने भन्नेसमेत प्रस्ट व्यवस्था भएको हुँदैन । कुन आयोजनामा कसरी ठेक्का लगाउने र बजेट कसरी जुटाउने भन्ने पूर्वतयारी नभई आयोजना कार्यान्वयनमा जाँदा पनि समस्या हुने गरेको छ । समग्रमा हेर्दा हाम्रो बजेट व्यवस्थापनदेखि लिएर खर्च गर्ने प्रणालीसमेत लथालिंग र भद्रगोल देखिन्छ । स्रोतका हिसाबले तत्कालका लागि समस्या नदेखिए पनि खर्च व्यवस्थापनमा चाहिँ समस्या देखिन्छ । अहिलेसम्म पुँजीगत खर्च १० प्रतिशतभन्दा बढी हुन सकेको छैन । यसले पनि स्रोतकै अभाव छ भन्ने अवस्थाचाहिँ देखिन्न ।

■ **राज्यले आफ्नो स्रोतवृद्धिका लागि के गर्नुपर्थ्यो ?**

यसका लागि राज्यले लिकेज घटाउने, राजस्व संकलनमा सुधार गर्ने, इकोनोमीका फर्मुला उपयोग गर्ने, फजुल खर्च कटौती गर्ने, आर्थिक सुशासन कायम गर्नेजस्ता पक्षमा ध्यान दिन सकेमा राज्यको स्रोत बढाउन नसकिने होइन । यसबाट तीन सय अर्बसम्मको स्रोतवृद्धि गर्न सकिने त अध्ययनले नै बताइसकेको छ ।

■ **यसबाट अर्थतन्त्रमा पर्ने चाप घटाउन के गर्नुपर्ला ?**

अर्थतन्त्रमा पर्ने चाप घटाउन अनुत्पादक आयोजनाको बजेट कटौती गरी उत्पादनमूलक आयोजनामा खर्च गर्नुपर्छ । बजेट मात्र कटौती गरियो, तर खर्च गरिएन भने त्यसले अर्थतन्त्रलाई नै मन्दीतिर धकेल्छ । बैंकमा तरलता थुप्रिएको छ । त्यसको परिचालनका लागि पनि वातावरण बनाउन सक्नुपर्छ । निजी क्षेत्रले राज्यको विश्वास गुमाउँदै गएकाले अर्थतन्त्र ओह्रालो लागेको छ । यसमा सुधार ल्याउन राज्यले आयोजनाहरूका ठेक्का ठिक ढंगमा चलायमान गराउन सक्नुपर्छ । राज्यको दायित्व भुक्तानीमा पनि ढिलाइ गरिनुहुँदैन ।

---

प्रेरक प्रसंग

## खुसी हुने कसरी ?

एक महिला निकै महँगा कपडा र चर्को शृंगारसाथ आफ्ना मनोचिकित्सककहाँ पुगिन् । उनले भनिन्- डाक्टरसाब, मलाई मेरो जीवन पूरापूर बेकार लाग्न थालेको छ । म यसको कुनै अर्थ देख्दिनँ । के तपाईं मेरा खुसी खोज्न सहायता गर्न सक्नुहुन्छ ?

मनोचिकित्सकले एक वृद्ध महिला, जो उनको क्लिनिकमा सफाइको काम गर्थिन्, उनलाई बोलाए । उनले परीक्षण गराउन र परामर्श लिन आएकी महिलातिर फर्केर भने- अब तपाईंलाई उहाँले आफूले जीवनमा खुसी कसरी प्राप्त गर्नुभयो भन्ने विषयमा बताउनुहुनेछ, ध्यानपूर्वक सुन्नुहोस् है !

वृद्ध महिलाले कुचो भुइँमा राखिन् र बोल्न सुरु गरिन्- मेरा पतिको मलेरियाका कारण मृत्यु भयो । त्यसको तीन महिनापछि सडक दुर्घटनामा परेर मेरो एक मात्र छोराको पनि ज्यान गयो । त्यसपछि मसँग केही पनि बाँकी रहेन । म निदाउन पनि सक्दिनथेँ, खान पनि सक्दिनथेँ । मैले हाँस्न बिर्संदै गएँ । म आफ्नै जीवन समाप्त गर्ने उपायको खोजीमा लागेकी थिएँ । एक दिन एउटा बिरालोको सानो बच्चा मेरो पछि लाग्यो । बाहिर निकै चिसो थियो, मैले उसलाई भित्र आउन दिएँ । थोरै दुधको बन्दोबस्त गरिदिएँ । उसले प्लेट सफाचट पारेर मेरो खुट्टा चाट्न थाल्यो ।



यो सब देख्दा म महिनौँपछि मुस्कुराएँ । त्यतिखेर मलाई लाग्यो- एउटा बिरालोको बच्चालाई सहयोग गर्दा मलाई खुसी प्राप्त हुन सक्छ भने अरूका लागि सेवामा जुट्दा झनै कति खुसी प्राप्त होला ! अर्को दिन मैले बिरामी छिमेकीलाई खाना बनाएर लगिदिएँ । उनी निकै खुसी भइन् । उनको खुसी देख्दा असाध्यै खुसी लाग्यो । त्यसपछि म हरेक दिन केही न केही नयाँ काम गरेर अरूलाई खुसी बनाउने काममा लागेँ । अरूलाई खुसी दिँदै जाँदा म पनि खुसी हुन थालेँ । मैले आफ्नो गुमेको खुसी पुनः फेला पारेँ । वृद्ध महिलाको भनाइ सुनेपछि ती महिला रुन थालिन् । उनीसित पैसाले खरिद गर्न सकिने सबथोक थियो । तर, पैसाबाट प्राप्त हुन नसक्ने सबथोक उनले गुमाएकी थिइन् ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## कारबाही कसलाई गर्नुपर्ने हो ?

कांग्रेसको संस्थापन पक्षलाई अनुशासनको कारबाही गरौँ अब, किनकि उनीहरूले पार्टीको विधान मिच्न खोजिरहेका छन् ।

● **भक्त लिम्बू**

राष्ट्रियता, लोकतन्त्र, समाजवाद, संवैधानिक सर्वोच्चता र विधिको शासन हाम्रा साझा आस्था र संकल्प मात्रै नभई आदर्श र आचरण पनि हुन् । कांग्रेसको विधानले परिकल्पना गरेको त्यो 'विशेष' अवस्था भनेको अहिले हाम्रो पार्टी र मुलुक दुवै गुज्रिरहेको विषम परिस्थिति हो ! युगको गति, समयको चाप र नवपुस्ताको माग बुझौँ अनि आत्मसात् गरौँ । अतः अब निर्विकल्प छ, विशेष महाधिवेशन । यसका लागि सबै जागौँ ! एकताभावले लागौँ ! सुदृढ, रूपान्तरित, गतिशील र आमभरोसायोग्य कांग्रेस निर्माण गरौँ !

● **सुमन्तकुमार कार्की**

विधानमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नु कसरी विधानविपरीत हुन्छ ? के तिमिहरूको स्वार्थअनुकूल भए विधानै नचाहिने हो ?

● **युवराज जोशी**

विशेष महाधिवेशन कुनै हालतमा रोकिनुहुन्न । कार्बाहीको धम्कीले विशेष महाधिवेशनको लय रोकिन्न ।

● **दिवाकर ओझा**

यो विशेष महाधिवेशन र त्यसपछिको कांग्रेसको राजनीति गगन थापाको परीक्षण हो । कति पुराना नेताको पछि लागेर जानुहुन्छ ? नेपाली कांग्रेसका कार्यकर्ता नयाँ पुस्तालाई पनि अवसर दिने वेला भएन र ?

● **केशव श्रेष्ठ**

यति चाँडै आन्दोलनलाई बिर्सने नेता भएको दल न सुध्रिने दिशामा छ न सुध्रिनेवाला नै छ । अहिलेसम्म विवादित छवि बोकेको नेतृत्व कांग्रेसलाई सिध्याएरै विश्राम लिने बाटोमा छ । सत्ताको चास्नीमा रमाउनेलाई छाडेर अब फरक ढंगको विद्रोहको विकल्प छैन ।

● **विजय योञ्जन लामा**

अब यो कुन विधानका ज्ञाता आएछन् कांग्रेसमा ? समयमै अधिवेशन नगर्नेउपरचाहिँ कुनै कारबाही हुँदैन हो ?

● **निलेन्द्र प्याकुरेल**
(नयाँ पत्रिका फेसबुकबाट)

## केही नबदलिनुको संकेत

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो विचारका विरोधी थिए भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पाइला दण्डनीय छ । साँच्चै मदुरो लागुऔषध र आतंकका कमान्डर हुन् भने उनले दण्ड पाउनैपर्छ । तर, यहाँ यो प्रश्न उठ्छ कि दण्ड दिने अधिकारी को हो ? यसको निर्क्योल कसले गर्ने ? मदुरो दण्डनीय छन् वा छैनन् भनेर निर्णय गर्ने कसले हो ? कसैले पनि कुनै देशमा गएर कसैलाई दण्ड दिन सक्दैन । यो राष्ट्र संघको घोषित नीति नै हो । यसैलाई सार्वभौमिकता भनिन्छ ।

सबैभन्दा चिन्ताको विषय त आज कसैले पनि यस घटनाको भर्त्सना गर्ने अधिकार राख्दैन । चीनले दिनहुँ ताइवानलाई त्रसित पारिरहेको छ । रुसले युक्रेनमाथि युद्ध थोपरिरहेको छ । यस्तो स्थितिमा भीष्म पितामहले काशी नरेशको बिच सभाबाट अम्बा, अम्बिका र अम्बालिकालाई उठाएर लग्छन् नै । उतिखेर त्यसैको परिणामस्वरूप विश्वयुद्ध महाभारतलाई रोक्न सकिएन । मानवता त्यस वेला पनि रोएको थियो र आज पनि रोएको छ । आखिर जसको लाठी भैँसी उसैको रहनेछ । यति मात्र होइन, नोबेल पनि ट्रम्पले नै पाउनेछन् । हजारौँ वर्षको मानवयात्रामा केही पनि बदलिएको रहेनछ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# मदुरोमाथिको कारबाहीमा नोरिएगा प्रकरणको छाया

## मदुरोलाई जस्तै पानामाका सैन्य तानासाह नोरिएगालाई पनि लागुपदार्थ तस्करी सहजीकरण गरेको आरोप लगाइएको थियो





देश / विदेश

● होम्स लिब्रान्ड ● हाना राब्लनोल्ज

तीन दशकअघि अमेरिकी सरकारले एकजना अर्का विदेशी नेतालाई गिरफ्तार गरेको थियो । अभियोजक, प्रतिरक्षा वकिल र न्यायाधीशहरूका लागि पानामाका सैन्य तानासाह राष्ट्रपति म्यानुएल नोरिएगाको अचानकको गिरफ्तारीपछि चलेको मुद्दा भेनेजुएलाका नेता निकोलस मदुरोविरुद्धको मुद्दामा मार्गदर्शक हुनेछ ।

मदुरोजस्तै, नोरिएगालाई संयुक्त राज्य अमेरिकामा लागुपदार्थ तस्करीमा संलग्न भएको आरोप लगाइएको थियो । र, नोरिएगालाई पनि अमेरिकाले विशेष सैन्य अप्रेसनमार्फत उनको देशबाटै पक्राउ गरेर अमेरिका लगेको थियो । पक्राउलगत्तै नोरिएगाका वकिल उनको प्रतिरक्षामा सक्रिय भएका थिए । नोरिएगाका वकिलले तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज एच डब्ल्यू बुसको न्याय मन्त्रालयले पानामामाथि आक्रमण गरेर पक्राउ गर्नु आफैँमा अन्तर्राष्ट्रिय कानुन र उचित प्रक्रियाको उल्लंघन भएको आरोप लगाएका थिए । नोरिएगा एक देशको राष्ट्र प्रमुख भएकाले उनले कानुनी उन्मुक्ति पाउने दाबीसमेत गरिएको थियो । नोरिएगालाई जस्तै मदुरोलाई पनि 'राज्य प्रायोजित आपराधिक गिरोह' सञ्चालन गरेको र भेनेजुएलाबाट लागुपदार्थ तस्करलाई सहजीकरण गरेको आरोप लगाएको छ । 'मदुरोका वकिलहरूले पनि नोरिएगाका वकिलले विगतमा प्रयास गरेजस्तै रणनीति अपनाउने सम्भावना छ,' जर्जटाउन युनिभर्सिटी ल सेन्टरका प्राध्यापक स्टिभ भ्लाडेकले भने । यसपटक मदुरोको मुद्दामा सम्भवतः 'संवैधानिक र अन्तर्राष्ट्रिय कानुनका नयाँ-नयाँ तर्क' समावेश हुनेछन् । यसपटक निकै उच्च-प्रोफाइल बनाएका शीर्ष आपराधिक प्रतिरक्षा वकिल मदुरोको प्रतिरक्षामा संलग्न हुन सक्ने वरिष्ठ कानुनी विश्लेषक एली होनिङ्ले बताए । 'अहिलेसम्म नदेखिएको स्तरको ठुलो कानुनी लडाइँ हुँदै छ,' एली होनिङ्ले भने ।

नोरिएगाको प्रतिरक्षा समूहको तर्क अन्ततः असफल भएको थियो । सन् १९९१ मा उनलाई दोषी ठहर गर्दै ४० वर्षको जेल सजाय सुनाइयो । (पछि एकजना संघीय न्यायाधीशले नोरिएगा युद्धबन्दी भएको ठहर गर्दै जेलमा उनलाई केही अधिकार प्रदान गरिनुपर्ने फैसला गरे । तर, अमेरिकामा न्यायाधीशले कैदीलाई सुविधा दिनेबारे फैसला गर्न सके पनि कुन जेलमा कस्तो सुविधा दिने भनेर फैसला गर्न सक्दैनन् ।)

'नोरिएगाको प्रतिरक्षा असफल हुनुको मुख्य कारण अमेरिकी अदालतले नोरिएगालाई पक्रन पानामामाथि अमेरिकाले आक्रमण गरेको भन्ने दलिलको वैधतालाई नै अस्वीकार गरेको थियो,' लिबरटारियन थिंक-ट्यांक क्याटो इन्स्टिच्युट'मा आबद्ध क्लार्क निलीले शनिबार एक लेख लेख्दै औँल्याए,' संघीय अदालतले प्रतिवादीलाई अमेरिकी अदालतसम्म ल्याउन बल प्रयोग गर्नु र विदेशी भूमिबाट नियन्त्रणमा लिनुले पनि उनीमाथिको अपराध क्षम्य नहुने ठहर गरेको थियो ।' यदि मदुरोले पनि आफूलाई अवैध रूपमा अमेरिका ल्याइएको तर्क गर्ने प्रयास गरे भने उनीविरुद्ध मुद्दा लाग्ने नजिर नोरिएगाकै प्रकरण छ । अर्थात्, कुनै व्यक्तिलाई अमेरिका ल्याउन गैरकानुनी मार्ग प्रयोग गरिएको भए पनि ती



व्यक्तिमाथिको अपराधमा अनुसन्धान हुन रोकिनेछैन ।

यदि मदुरोको गिरफ्तारीलाई जायज ठहऱ्याउन दबाब दिइयो भने अभियोजकहरूले न्याय मन्त्रालयको कानुनी सल्लाहकार कार्यालयका विलियम बारको १९८९ को ज्ञापनपत्रलाई औँल्याउन सक्छन् । त्यसमा राष्ट्रपतिसँग विदेशी देशका मानिसलाई हिरासतमा लिन एफबिआईलाई आदेश दिन सक्ने 'संवैधानिक अधिकार' रहेको दाबी गरिएको छ, भलै त्यस क्रममा अन्तर्राष्ट्रिय कानुन उल्लंघन नै किन नहोस् । बार पछि गएर बुस प्रशासन र ट्रम्पको पहिलो प्रशासनमा महान्यायाधिवक्ता बनेका थिए । उनको ज्ञापनपत्र कानुनी विद्वान्‌माझ भने विवादास्पद बनेको थियो । 'अभियोजकहरूलाई सबैभन्दा कठिन तर्क मदुरो भेनेजुएलाको 'राज्य प्रमुख' भएको कारणले उन्मुक्तिका लायक छन् वा उनलाई लागेका अपराध सबै सरकारी अधिकारबाटै सञ्चालन गरिएका आधिकारिक कार्यबाट उत्पन्न भएको हो भन्ने हुन्छ,' भ्लाडेकले भने ।

नोरिएगाको मुद्दामा अदालतले केही ढिलो गरी कार्यकारी निकायको निर्णयलाई सदर गर्दै नोरिएगा उन्मुक्तिको हकदार नभएको निर्णय गरेको थियो । 'आरोपित कार्य स्पष्ट रूपमा आपराधिक' भएकाले नोरिएगालाई उन्मुक्त गर्न नसकिने बताएको थियो । तथापि, त्यस वेलाको मुद्दा र मदुरोको मुद्दामा एउटा महत्त्वपूर्ण भिन्नता रहेको छ । त्यो हो, अमेरिकाको विदेश मन्त्रालयले नोरिएगालाई पानामाको राष्ट्र प्रमुख मान्न अस्वीकार गरेको थियो । नोरिएगाले कठपुतली राष्ट्रपति बनाएर विनाकुनै पद सैन्य तानासाही चलाएका थिए । तर, मदुरोको राष्ट्रपति हैसियतका कारण अदालतले नोरिएगाको नजिरमाथि पुनर्विचार गर्ला या नगर्ला, स्पष्ट छैन । तर, न्याय मन्त्रालयद्वारा शनिबार खोलिएको अभियोगपत्रमा उनलाई भेनेजुएलाका 'वास्तविक तर अवैध शासक' भनेर उल्लेख गरेको छ । विशेषतः मदुरोको मुद्दाका सन्दर्भमा आगामी अभियोजन पहिले नै तय भएको मुद्दा नभएको भ्लाडेकले निष्कर्ष निकाले ।

*(होम्स सिएनएनका रिपोर्टर हुन् भने हाना सिएनएनका लागि न्याय मन्त्रालयको रिपोर्टिङ गर्छन्)*
*सिएनएनबाट*

# ट्रम्पको चेतावनीपछि वासिङटनसँग सहकार्य गर्न भेनेजुएला तयार



भेनेजुएलाकी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेज वासिङटनसँग केही नरम बनेकी छिन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलालाई थप चेतावनी दिएको केही समयपछि अन्तरिम राष्ट्रपति वासिङटनसँग नरम बनेकी हुन् । उनले अमेरिकासँग सन्तुलित सम्बन्ध बढाउने घोषणासमेत गरेकी छिन् । उनले अमेरिकासँग सहकार्य गर्नेसमेत बताएकी छिन् । 'हामी अमेरिका र भेनेजुएलाबिचको सन्तुलित र सम्मानजनक सम्बन्धतर्फ अघि बढ्नुलाई प्राथमिकता ठान्छौँ,' रोड्रिगेजले टेलिग्राममा लेखेकी छिन् । 'हामी अमेरिकी सरकारलाई साझा विकासतर्फ लक्षित सहकार्यको एजेन्डामा सँगै काम गर्न निमन्त्रणा दिन्छौँ,' उनले भनिन् । उनले भेनेजुएलाका जनता युद्धभन्दा शान्ति र संवादका लागि योग्य रहेको बताइन् । रोड्रिगेजले सोमबार अन्तरिम राष्ट्रपतिको शपथ लिएकी थिइन् ।

त्यसअघि ट्रम्पले भेनेजुएलाकी नयाँ नेतृ डेल्सी रोड्रिगेजलाई सही काम नगरे मदुरोले भन्दा धेरै ठुलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका थिए । भेनेजुएलामा आक्रमण गरेर राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी न्युयोर्क पुर्‍याइएको भोलिपल्ट ट्रम्पले चेतावनी दिएका थिए । ट्रम्पले अमेरिकाले भेनेजुएलाको सत्ता सञ्चालन गर्ने बताएपछि राजधानी कराकसमा अन्योल बढेको छ । यसअघि आइतबार आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकमा रोड्रिगेजले राष्ट्रपति निकोलस मदुरोको अमेरिकी सेनाले अपहरण गरेको भन्दै त्यसको विरोध गरेकी थिइन् ।

२०१८ देखि मदुरोको उपप्रमुखका रूपमा सेवा गरिरहेकी रोड्रिगेजलाई शनिबार भेनेजुएलाको सर्वोच्च अदालतले अन्तरिम नेता बनाएको हो । सन् २०११ मा पाकिस्तानको एबोटाबादमा रहेको एक सुरक्षित घरमा अमेरिकी नौसेनाको टोलीले अल-कायदा नेता ओसामा बिन लादेनलाई मारेपछिको सबैभन्दा जोखिमपूर्ण अमेरिकी सैन्य कारबाहीमा अमेरिकी सेनाले मदुरो र उनकी श्रीमती सिलिया फ्लोरेसलाई हिरासतमा लिएको थियो ।

यसैबिच भेनेजुएलामा अमेरिकी कारबाहीमा अन्तर्राष्ट्रिय कानुनको सम्मानको कमी भएकोमा फ्रान्सले 'खेद' जनाएको छ । फ्रान्सको विदेश मन्त्रालयका प्रवक्ताले भेनेजुएलामा भएको अमेरिकी सैन्य कारबाहीमा अन्तर्राष्ट्रिय कानुनको सम्मानको कमी भएको भन्दै खेद व्यक्त गरेका हुन् । 'अमेरिकी हस्तक्षेपमा अन्तर्राष्ट्रिय कानुनको सम्मान गरिएको थिएन । हामी यसका लागि दुःख व्यक्त गर्छौं,' उनले भने । यसैबिच अमेरिकी कारबाहीबारे छलफल गर्न आज संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को बैठक बस्ने तय भएको छ ।

## इरानलाई पनि 'कडा प्रहार' गर्ने ट्रम्पको धम्की

यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई 'कडा प्रहार गर्ने' चेतावनी दिएका छन् । पक्राउ गरिएका भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो र उनकी पत्नीलाई न्युयोर्कको अदालतमा उपस्थित गराइएकै दिन ट्रम्पले इरानलाई चेतावनी दिएका हुन् । तेहरानमा जीवनयापनको अवस्था बिग्रँदै गएको भन्दै प्रदर्शनका क्रममा थप प्रदर्शनकारी मारिएमा 'धेरै कडा' प्रहार गरिने ट्रम्पले चेतावनी दिए । आइतबार राति एयर फोर्स वानमा सञ्चारकर्मीलाई ट्रम्पले भने, 'हामी परिस्थितिलाई धेरै नजिकबाट हेरिरहेका छौँ । यदि उनीहरूले विगतमा जस्तै मानिसलाई मार्न थाले भने मलाई लाग्छ कि उनीहरूलाई संयुक्त राज्य अमेरिकाबाट धेरै कडा प्रहार हुनेछ ।'

ट्रम्पको चेतावनीको इरानले निन्दा गरेको छ । इरानी विदेश मन्त्रालयले ट्रम्पको अभिव्यक्तिप्रति लक्षित गर्दै भनेको छ, 'इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र कट्टरपन्थी अमेरिकी अधिकारीले इरानको आन्तरिक अवस्थाबारे दिएको अभिव्यक्तिले आतंकवाद र हिंसालाई बढावा दिन्छ ।' यदि इरानले शान्तिपूर्ण प्रदर्शनकारीलाई गोली हानेर मारेमा अमेरिकाले हस्तक्षेप गर्ने ट्रम्पले यसअघि पनि बताएका थिए । आर्थिक कठिनाइ, चरम महँगी, बेरोजगारीजस्ता समसामयिक विषयलाई लिएर इरानमा दैनिकजसो सर्वसाधारण सडक प्रदर्शनमा उत्रिएका छन् । - *एजेन्सी*

## अमेरिकी हमलामा ३२ क्युबालीको मृत्यु

भेनेजुएलाका नेता निकोलस मदुरोलाई पक्राउ गर्न गरिएको अमेरिकी कारबाहीमा क्युबाली सरकारले आफ्ना ३२ नागरिक मारिएको बताएको छ । मृतकहरू आफ्ना सशस्त्र बल र गुप्तचर एजेन्सीका सदस्य रहेको भन्दै दुई दिनको राष्ट्रिय शोक घोषणा गरिएको छ । क्युबाली सरकारको पक्षबाट जारी गरिएको एक विज्ञप्तिमा भेनेजुएलामा क्युबालीको भूमिकाबारे विस्तृत रूपमा उल्लेख गरिएको छैन, तर दुई सरकार लामो समयदेखिका सहयोगी हुन् । क्युबाले तेलको बदलामा सुरक्षा सहयोग प्रदान गरिरहेको छ । क्युबाली राष्ट्रपति मिगुएल डियाज-क्यानेलले भेनेजुएलाको अनुरोधमा मदुरो र उनकी श्रीमतीलाई सुरक्षा प्रदान गरेको बताए ।

सरकारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रा नागरिकले आफ्नो कर्तव्य सम्मान र वीरताका साथ पूरा गरे र आक्रमणकारीविरुद्धको प्रत्यक्ष लडाइँमा वा सुविधामा भएका बम विस्फोटमा सहादत प्राप्त गरे । भेनेजुएलाले शनिबार काराकासस्थित मदुरोको परिसरमा अमेरिकी छापामारीको क्रममा कतिजना मारिए भनेर पुष्टि गरेको छैन । न्युयोर्क टाइम्सले आइतबार एक नाम नखुलाइएका भेनेजुएलाका अधिकारीलाई उद्धृत गर्दै मृत्यु हुनेको संख्या ८० रहेको बताएको थियो । मदुरोलाई पक्राउ गरेपछिका दिनमा ट्रम्प प्रशासनले क्युबाविरुद्ध यस्तै कारबाही गर्ने विचार गर्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठेको छ । क्युबाको भेनेजुएलाजस्तै अमेरिकासँग दशकौँदेखि शत्रुतापूर्ण सम्बन्ध छ ।

## इतिहासमा आज जनवरी ६



**सन् १९२९ :** मदर टेरेसा अल्बानियाबाट भारतको कोलकाता पुगिन् । टेरेसाले सन् १९५० मा कोलकातामा मिसनरिज अफ च्यारिटीको स्थापना गरेकी थिइन् ।

**सन् १८८९ :** पोल्यान्डमा राउन्ड टेबल वार्ता । पोल्यान्ड सरकार र ट्रेड युनियन सोलिडारिटीबिचको वार्तासँगै पूर्वीयुरोपमा कम्युनिजम अन्त्यको सुरुवात ।

**सन् १९१२ :** जर्मनीका वैज्ञानिक अल्फ्रेड वेग्नरले कन्टिनेन्टल ड्रिफ्ट सिद्धान्त आविष्कार गरेका थिए । उनको सिद्धान्त प्लेट टेक्टोनिकको सिद्धान्तको विकासका लागि महत्त्वपूर्ण आधारसमेत बनेको थियो ।

**सन् १९५२ :** एलिजाबेथ द्वितीय संयुक्त अधिराज्यको महारानी घोषित । जर्ज छैटौँको मृत्युसँगै एलिजावेथ राजगद्दीको उत्तराधिकारी बनेकी थिइन् ।

**सन् १९६३ :** सबै सोभियत हतियारहरू क्युबाबाट बाहिर रहेको अमेरिकी रिपोर्ट ।


## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/२२**

यस सा व उ स बाट संकलित खयर काठ ७५०.७५ क्यू फिट ( हर्ट उड) २ लटमा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**जनशक्ति सा. वन उपभोक्ता समूह, ऋषिङ ३, तनहूँ ।**



"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालय:** काठमाण्डौं-२, लाजिम्पाट, **फोन :** ०१-४५४५४२४/२५/२६
**वेभसाइट:** www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति: २०८२/०९/२२ गते**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ । धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताको विवरण |
| --- | --- |
| **१. ऋणीको नाम : दिनेश राय**<br>बाबुको नाम : सूर्य नारायण राय<br>बाजेको नाम : दीपलाल राय<br>स्थायी ठेगाना: मोतीपुर-०१, सर्लाही<br>हालको ठेगाना : कौडेना-०४, सर्लाही<br>लालपूर्जा अनुसारको ना.प्र.न. ८२८६१४४३, जारी मिति: २०४४/१२/०२<br>हालको ना.प्र.न.: १९१०३३/२११, जारी मिति: २०७०/०१/१९<br>जारी जिल्ला: सर्लाही<br>**कर्जा शर्षिक: व्यक्तिगत अधिबिकर्ष कर्जा**<br>**शाखा कार्यालय : मलंगवा** | **क) नाम: संजय कुमार यादव**<br>बाबुको नाम: दिनेश राय<br>बाजेको नाम: सूर्य नारायण राय<br>स्थायी ठेगाना: मोतीपुर-०१, सर्लाही<br>हालको ठेगाना: कौडेना-०४, सर्लाही<br>ना.प्र.न.: १९१०३४/१३<br>जारी मिति: २०६६/०९/१६<br>जारी जिल्ला: सर्लाही |
| **सुरक्षण धितोको विवरण:** मालपोत कार्यालय सर्लाहीमा दिनेश रायको नाममा दर्ता श्रेष्ता कायम रहेको मोतीपुर वडा नं. २ स्थीत कित्ता नं.२०० को क्षेत्रफल: ०-१-१९$^{1/2}$ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको नाम र ठेगाना | व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना |
| --- | --- |
| **२. ऋणीको नाम: खड्का काष्ट तथा फर्निचर सप्लायर्स**<br>फर्मको ठेगाना: हथौसा-९, कपिलवस्तु<br>फर्म दर्ता नं.: २४१७/०६८/०६९(स्था.व्या.)<br>फर्म दर्ता मिति: २०६८/०६/१२<br>फर्मको पान नं.: ३०५१६३८७९<br>फर्म दर्ता निकाय: नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग<br>**प्रोप्राईटर: लाल बहादुर खड्का क्षेत्री**<br>**कर्जा शीर्षक: साना तथा मझौला उद्यमी आवधिक कर्जा**<br>**शाखा कार्यालय: जितपुर, कपिलबस्तु**<br><br>**सुरक्षण धितोको विवरण:** मालपोत कार्यालय तौलिहवा कपिलवस्तुमा कमला खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेको मोतिपुर गा.वि.स/न.पा वडा नं. २ नक्सा सीट नं. २क को कित्ता नं. २२९८ क्षे.फ. ०-१-९-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **क) नाम: लाल बहादुर खड्का क्षेत्री**<br>बावुको नाम: लक्षुमन खड्का क्षेत्री<br>बाजेको नाम: वेगम बहादुर खड्का<br>स्थायी ठेगाना: भलवाड-७, कपिलवस्तु<br>हालको ठेगाना: बाणगंगा न.पा.-९, कपिलवस्तु<br>ना.प्र.नं.: १३७२७, जारी मिति: २०५३/०८/०४<br>जारी जिल्ला: कपिलवस्तु<br><br>**ख) नाम: कमला खड्का**<br>पतिको नाम: लाल बहादुर खड्का क्षेत्री<br>ससुराको नाम: लक्षुमन खड्का क्षेत्री<br>स्थायी ठेगाना: भलवाड गा.वि.स.-७, कपिलवस्तु<br>हालको ठेगाना: बाणगंगा न.पा.-९, कपिलवस्तु<br>ना.प्र.नं.: ३८३०५१-१३<br>जारी मिति: २०६३-१०-०३, जारी जिल्ला: कपिलवस्तु<br><br>**ग) नाम: नविन कुमार खड्का**<br>बावुको नाम: लाल बहादुर खड्का क्षेत्री<br>बाजेको नाम: लक्षुमण खड्का क्षेत्री<br>स्थायी ठेगाना: बाणगंगा न.पा.-१७, कपिलवस्तु<br>हालको ठेगाना: बाणगंगा न.पा.-९, कपिलवस्तु<br>ना.प्र.नं.: ३८-०१-७३-०२३९४<br>जारी मिति: २०७३-०३-०१, जारी जिल्ला: कपिलवस्तु |

| ऋणीको नाम र ठेगाना | व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना |
| --- | --- |
| **३. ऋणीको नाम: नुवाकोट क्रसर उद्योग प्रा.लि.**<br>ठेगाना: लिखु गा.पा.- ४, नुवाकोट<br>दर्ता नं.: २०६२९०/०७५/०७६<br>दर्ता मिति: २०७५/०९/२५<br>पान नं.: ६०६५४८६८९<br>दर्ता निकाय: नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ<br>**अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ताको नाम: कृष्ण सिंखडा**<br>बुवाको नाम: रामहरी सिंखडा<br>बाजेको नाम: जिबनाथ सिंखडा<br>स्थायी ठेगाना: डाँछी गा.वि.स.-८, काठमाण्डौ<br>हालको ठेगाना: कागेश्वरी मनोहरा न.पा.- ५, काठमाण्डौ<br>ना.प्र.नं.: २४४७१, जारी मिति: २०६२/०७/२१<br>जारी जिल्ला: काठमाण्डौ<br>**कर्जा शिर्षक: व्यवसायीक अधिविकर्ष कर्जा र हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालय: नयाँ बानेश्वर, काठमाण्डौ** | **क) नाम: पार्वती कडेल**<br>पतिको नाम: भरत प्रसाद सापकोटा<br>ससुराको नाम: कृष्ण प्रसाद सापकोटा<br>स्थायी ठेगाना: शिवनगर गा.वि.स.- ३, चितवन<br>हालको ठेगाना: काठमाण्डौ म.न.पा.-३१, काठमाण्डौ<br>ना.प्र.नं.: ८६८०/०६१<br>जारी मिति: २०६१/१२/०१, जारी जिल्ला: चितवन<br><br>**ख) नाम : भरत प्रसाद सापकोटा**<br>बुवाको नाम: कृष्ण प्रसाद सापकोटा<br>बाजेको नाम: शक्ति प्रसाद सापकोटा<br>स्थायी ठेगाना: भरतपुर न.पा.-९, चितवन<br>हालको ठेगाना: काठमाण्डौ म.न.पा.-३१, काठमाण्डौ<br>ना.प्र.नं.: ६९४७/०४४<br>जारी मिति: २०५६/०३/१८, जारी जिल्ला: चितवन<br><br>**ग) नाम: दिपक कुमार राई**<br>बुवाको नाम: नरबहादुर राई<br>बाजेको नाम: विर बहादुर राई<br>स्थायी ठेगाना: लिखु गा.पा.- ४, नुवाकोट<br>हालको ठेगाना: लिखु गा.पा.- ४, नुवाकोट<br>ना.प्र.नं.: ३२९९७, जारी मिति: २०४९/०९/१९<br>जारी जिल्ला: नुवाकोट |
| **सुरक्षण धितोको विवरण:**<br>१. मालपोत कार्यालय, नुवाकोटमा नुवाकोट क्रसर उद्योग प्रा.लि.को नाममा दर्ता श्रेस्ता कायम रहेको चौघडा गा.वि.स. वडा नं.२ स्थित कित्ता नं. ११९६, ११९७ र ११९८ को क्षे.फ. क्रमशः ११२८.७५ व.मि., ११२८.७५ व.मि. र ११२२.७९ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. यातायात व्यवस्था कार्यालय ललितपुरमा गरिमा विकास बैंक लि.को नाममा दर्ता भई ऋणी नुवाकोट क्रसर उद्योग प्रा.लि. कायम रहेको निम्न सवारी साधन :<br>**सवारी दर्ता नं. : बा.प्रदेश-०१-००३ क ७९७७,** कम्पनीको नाम: VELV ltd. India, मोडेल: CAT323D3 Hydrolic बनेको साल: 2021, च्यासिस नम्वर: 121078, इन्जिन नं.: H7601326 | |

| ऋणीको नाम र ठेगाना | व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना |
| --- | --- |
| **४. ऋणीको नाम: राम बाबु एग्रोभेट**<br>फर्मको ठेगाना : अत्रौली-६, सर्लाही<br>फर्म दर्ता नं.: ३१४१/०७१/७२ (स्थानिय व्यापार)<br>फर्म दर्ता मिति : २०७१/०४/०१<br>फर्मको पान नं. : ६०२३८०३८०<br>फर्म दर्ता निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाही<br>**प्रोप्राईटर : राम बावु महतो**<br>**कर्जा शिर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : मलंगवा, सर्लाही** | **क) नाम: राम बाबु महतो कोइरी**<br>बावुको नाम : मधुरी भन्ने राम किसुन महतो कोइरी<br>बाजेको नाम : सुवै महतो<br>स्थायी ठेगाना : हरिवन न.पा.-२, सर्लाही<br>हालको ठेगाना : हरिवन न.पा.-२, सर्लाही<br>ना.प्र.नं. : ०३०७०१४२<br>जारी मिति: २०५६/०४/०७, जारी जिल्ला: सर्लाही<br><br>**ख) नाम: सिला देवी**<br>पतिको नाम : राम बाबु महतो कोइरी<br>ससुराको नाम : मधुरी भन्ने राम किसन महतो कोइरी<br>स्थायी ठेगाना : भरतपुर.-९, सर्लाही<br>हालको ठेगाना : हरिवन न.पा.-२, सर्लाही<br>ना.प्र.नं. : ०३०७०५२०<br>जारी मिति: २०६१/०१/०३, जारी जिल्ला: सर्लाही |
| **सुरक्षण धितोको विवरण:**<br>१. मालपोत कार्यालय, हरिवन सर्लाहीमा सिला देवीको नाममा दर्ता श्रेस्ता कायम रहेको अत्रौली गा.वि.स. स्थित वडा नं. ५ र नक्सा सिट नं. ५क को कित्ता नं. ६५० र ६४९ क्षे.फ. ३५७२.६५ व.मि. र ३५७२.६५ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. मालपोत कार्यालय, हरिवन सर्लाहीमा सिला देवीको नाममा दर्ता श्रेस्ता कायम रहेको अत्रौली गा.वि.स. स्थित वडा नं. ३ र नक्सा सिट नं. ३ख को कित्ता नं. ६९१ क्षे.फ. १२२७.५३ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>३. मालपोत कार्यालय, हरिवन सर्लाहीमा सिला देवीको नाममा दर्ता श्रेस्ता कायम रहेको पत्थरकोट गा.वि.स. स्थित वडा नं. ९ र नक्सा सिट नं. ९क को कित्ता नं. ४०२१ क्षे.फ. १६९.३२ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>४. मालपोत कार्यालय, हरिवन सर्लाहीमा राम वावु महतो कोइरीको नाममा दर्ता श्रेस्ता कायम रहेको अत्रौली गा.वि.स. स्थित वडा नं. ५ र नक्सा सिट नं. ५क को कित्ता नं. ६५३, ६५७, ६६०, ७११, ७१३, ७१५, क्षे.फ. ०-२-१०, ०-५-१७$^{1/2}$, ०-२-१०, ०-३-१८$^{1/2}$, ०-०-१९ र ०-०-१९$^{1/2}$ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
| --- | --- |
| **५. ऋणीको नाम: यादव प्रसाद गौतम**<br>बावुको नाम: एकनाथ गौतम<br>बाजेको नाम: कुन्जर मुनी गौतम<br>स्थायी ठेगाना: गोठपानी गा.वि.स.-०९, काभ्रे<br>हालको ठेगाना: तारकेश्वर न.पा.-०७, काठमाण्डौं<br>ना.प्र.नं.: ३०१३३६५२, जारी मिति: २०६१/०९/२२<br>जारी जिल्ला: काभ्रेपलाञ्चोक<br>**कर्जा शीर्षक: व्यक्तिगत आवधिक कर्जा/व्यक्तिगत लघुउद्यम कर्जा**<br>**शाखा कार्यालय: सूर्यविनायक, भक्तपुर**<br><br>*नोट:* ***व्यक्तिगत आवधिक कर्जामा*** व्यक्तिगत धन जमानीकर्ता सुलचना गौतम रहेको र **व्यक्तिगत लघुउद्यम कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु सुलचना गौतम, राज कुमार घिमिरे रहेको । | **क) नाम : सुलचना गौतम**<br>पतिको नाम: यादव प्रसाद गौतम<br>ससुराको नाम: एकनाथ गौतम<br>स्थायी ठेगाना: गोठपानी गा.वि.स.-०९, काभ्रे<br>हालको ठेगाना: तारकेश्वर न.पा.-०७, काठमाण्डौं<br>ना.प्र.नं.: ३०१०१९/१६९५०६<br>जारी मिति: २०६५/०३/०२, जारी जिल्ला: काभ्रेपलाञ्चोक<br><br>**ख) नाम: राज कुमार घिमिरे**<br>बावुको नाम: राम शरण घिमिरे<br>बाजेको नाम: राम वहादुर घिमिरे<br>स्थायी ठेगाना: लिखु गा.पा.-०५, नुवाकोट<br>हालको ठेगाना: तारकेश्वर न.पा.-०७, काठमाण्डौं<br>ना.प्र.नं.: ६३३०९<br>जारी मिति: २०५६/०९/२०, जारी जिल्ला: नुवाकोट |
| **सुरक्षण धितोको विवरण:** मालपोत कार्यालय, मनमैजु, काठमाण्डौमा यादव प्रसाद गौतमको नाममा दर्ता श्रेस्ता कायम रहेको फुटुङ गा.वि.स./न.पा. वडा नं. ४/क स्थित कि.नं. ३१३ र ३१४ को क्षे.फ. ०-२-२-० र ०-२-२-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
| --- | --- |
| **६. ऋणीको नाम: सि. खड्का एग्रो प्रोडक्सन तथा सप्लायर्स प्रा.लि.**<br>कम्पनीको ठेगाना : कर्मैया गा.वि.स.- ८, सर्लाही<br>कम्पनी दर्ता नं. : १५५०२३/०७३/०७४<br>कम्पनी दर्ता मिति : २०७३/०५/१५<br>कम्पनीको पान नं. : ६०४३१६८४६<br>कम्पनी दर्ता निकाय : नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>**अख्तियार प्राप्त व्यक्ति/व्यक्तिगत धनजमानीकर्ताको नाम: चित्र बहादुर खड्का**<br>बावुको नाम : तारा बहादुर खड्का<br>बाजेको नाम : चन्द्र बहादुर खड्का<br>स्थायी ठेगाना : राजघाट गा.वि.स.-७, सर्लाही<br>हालको ठेगाना : बागमती न.पा.- ५, सर्लाही<br>ना.प्र.नं. : ०८९०१२०३९<br>जारी मिति : २०५०/१२/२८, जारी जिल्ला : सर्लाही<br>**कर्जा शीर्षक : व्यवसायीक आवधिक कर्जा र व्यवसायीक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : लाजिम्पाट, काठमाण्डौ** | **क) नाम: अमिस खड्का**<br>बावुको नाम : चित्र बहादुर खड्का<br>बाजेको नाम : तारा बहादुर खड्का<br>स्थायी ठेगाना : बागमती न.पा.- ५, सर्लाही<br>हालको ठेगाना : बागमती न.पा.- ५, सर्लाही<br>ना.प्र.नं. : १९-०६-७६-०१०८७<br>जारी मिति : २०७६/०२/१२<br>जारी जिल्ला : सर्लाही<br><br>**ख) नाम: धन कुमारी खड्का**<br>पतिको नाम : चित्र बहादुर खड्का<br>ससुराको नाम : तारा बहादुर खड्का<br>स्थायी ठेगाना: राजघाट गा.वि.स.-७, सर्लाही<br>हालको ठेगाना : बागमती न.पा.- ५, सर्लाही<br>ना.प्र.नं. : १९३०८५/६८९<br>जारी मिति : २०६३/१२/०१<br>जारी जिल्ला : सर्लाही |
| *नोट: सि. खडका एग्रो प्रोडक्सन तथा सप्लायर्स प्रा.लि.को व्यवसायिक आवधिक कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु चित्र बहादुर खड्का र धन कुमारी खड्का रहेको र सि. खडका एग्रो प्रोडक्सन तथा सप्लायर्स प्रा.लि.को व्यवसायिक अधिबिकर्ष कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु चित्र बहादुर खड्का, धन कुमारी खड्का र अमिस खड्का रहेको ।* | |
| **सुरक्षण धितोको विवरण:**<br>१. मालपोत कार्यालय मलंगवा, सर्लाहीमा चित्र बहादुर खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेको मोतिपुर गा.वि.स. स्थित वडा नं. ५ र नक्सा सिट नं. ५ को कित्ता नं. ६८९, ६९०, ८४१ र ८४३ क्षे.फ. ०-४-१, ०-१-२, ०-१-१८ र ०-०-१२ भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. मालपोत कार्यालय चावहिल, काठमाण्डौमा धन कुमारी खड्काको नाममा दर्ता श्रेस्ता कायम रहेको गोठाटार गा.वि.स. स्थित वडा नं. ८ र नक्सा सिट नं. १०२११४९०६ को कित्ता नं. १६६ क्षे.फ. १७८.९० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको नाम र ठेगाना | व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना |
| --- | --- |
| **७. क) ऋणीको नाम : ओम अटो मोवाइल्स सप्लायर्स**<br>फर्मको ठेगाना: मायादेबी गा.पा.-१, कपिलवस्तु<br>फर्म दर्ता नं.: ११७५६/०७८, स्थानीय व्यापार<br>फर्म दर्ता मिति: २०७८/१२/१७<br>फर्मको पान नं.: ६०४८६२४१३<br>फर्म दर्ता निकाय: प्रदेश सरकार लुम्बिनी प्रदेश उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु<br>**प्रोप्राईटर : सुनिता देवी शुक्ला**<br>**कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा र फोर्स कर्जा**<br>**शाखा कार्यालय : जितपुर, कपिलवस्तु**<br><br>**ख) ऋणीको नाम : सिद्धि विनायक गल्ला भण्डार**<br>फर्मको ठेगाना: मायादेबी गा.पा.-१, कपिलवस्तु<br>फर्म दर्ता नं.: १०४८५/०७७, स्थानीय व्यापार<br>फर्म दर्ता मिति: २०७७/०६/२०<br>फर्मको पान नं.: ६१३९२१४६६<br>फर्म दर्ता निकाय: प्रदेश सरकार प्रदेश नं ५ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तु<br>**प्रोप्राईटर : समय शुक्ल**<br>**कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : जितपुर, कपिलवस्तु** | **क) नाम: सुनिता देवी शुक्ला**<br>पतिको नाम: ओम प्रकाश शुक्ल<br>ससुराको नाम: विश्वदेव प्रसाद शुक्ल<br>स्थायी ठेगाना: बलुहवा गा.वि.स.-९, कपिलवस्तु<br>हालको ठेगाना : मायादेवी गा.पा.-१, कपिलवस्तु<br>ना.प्र.नं. : ३८३१४९<br>जारी मिति: २०५७/०७/२७<br>जारी जिल्ला: कपिलवस्तु<br><br>**ख) नाम : समय शुक्ल**<br>बावुको नाम : ओम प्रकाश शुक्ल<br>बाजेको नाम : विश्वदेव प्रसाद शुक्ल<br>स्थायी ठेगाना : मायादेवी गा.पा.-५, कपिलवस्तु<br>हालको ठेगाना : मायादेवी गा.पा.-१, कपिलवस्तु<br>ना.प्र.नं. : ३८-०१-७७-०११९५<br>जारी मिति: २०७७/०६/१२<br>जारी जिल्ला: कपिलवस्तु |
| **सुरक्षण धितोको विवरण:**<br>१. मालपोत कार्यालय तौलिहवा कपिलबस्तुमा सुनिता देवी शुक्लाको नाममा दर्ता श्रेस्ता कायम रहेको नन्दनगर गा.वि.स. स्थित वडा नं. २ नक्सा सिट नं २ग को कित्ता नं १६०, १६४, १६१, ५९७ र ५९८ क्षे.फ. ५४१.८२, ११००५.७९, ८२७९.७४, ६२८१.७७ र १९१३.३१ ब.मि. भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. मालपोत कार्यालय तौलिहवा कपिलबस्तुमा सुनिता देवी शुक्लाको नाममा दर्ता श्रेस्ता कायम रहेको नन्दनगर गा.वि.स. स्थित वडा नं. २ नक्सा सिट नं २घ को कित्ता नं ५१, ५२ र ७७ क्षे.फ. १६४२.४०, ६५५२.६८ र ४५२०.८४ ब.मि. भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| ऋणीको नाम र ठेगाना | व्यक्तिगत धनजमानी दिनेको नाम ठेगाना |
| --- | --- |
| **८. ऋणीको नाम : मेनुका खरिद विकी केन्द्र**<br>फर्मको ठेगाना : गौरादह न.पा.-७, झापा<br>फर्म दर्ता नं.: ३२८, फर्म दर्ता मिति: २०७९/०३/२०<br>फर्मको पान नं.: ३०११९९८९०<br>फर्म दर्ता निकाय : गौरादह नगरपालीका कार्यालय ७ नं. वडा कार्यालय, गौरादह झापा, १ नं. प्रदेश, नेपाल<br>**प्रोप्राईटर/धन जमानीकर्ताको नाम:** हरि प्रसाद सिटौला<br>बावुको नाम : छवि लाल सिटौला<br>बाजेको नाम : चन्द्रलाल सिटौला<br>स्थायी ठेगाना : जुरोपानी गा.वि.स.-५, झापा<br>हालको ठेगाना : गौरादह न.पा.-७, झापा<br>ना.प्र.नं.: ६०९०, जारी मिति: २०५५/०४/२५<br>जारी जिल्ला : झापा<br>**कर्जा शीर्षक: साना तथा मझौला अधिविकर्ष कर्जा**<br>**शाखा कार्यालय : दमक, झाप** | **क) नाम: नर्वदा सिटौला**<br>पतिको नाम : हरि प्रसाद सिटौला<br>ससुराको नाम : छवि लाल सिटौला<br>स्थायी ठेगाना : गौरादह न.पा.-७, झापा<br>हालको ठेगाना : गौरादह न.पा.-७, झापा<br>ना.प्र.नं. : ०४३०४७-१५३<br>जारी मिति: २०६३/१०/१८, जारी जिल्ला: झापा<br><br>**ख) नाम: स्वेक्षा सिटौला**<br>बावुको नाम: हरि प्रसाद सिटौला<br>बाजेको नाम: छवि लाल सिटौला<br>स्थायी ठेगाना: गौरादह न.पा.-७, झापा<br>हालको ठेगाना: गौरादह न.पा.-७, झापा<br>ना.प्र.नं. : ०४-०६-७६-००६३८<br>जारी मिति: २०७६/०६/२४, जारी जिल्ला: झापा |
| **सुरक्षण धितोको विवरण:** मालपोत कार्यालय दमक, झापामा नर्वदा सिटौला र हरि प्रसाद सिटौलाको नाममा दर्ता श्रेस्ता कायम रहेको जुरोपानी गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. १७९०५३८ स्थित कित्ता नं. १८० को क्षे.फ. १०९०.०० व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**शर्त बन्देजहरु :**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/०२ गते शुक्रबार दिनको २:३० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोकन सक्नेछन ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन ।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ । यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु.१,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

## Invitation for Bids

**Construction of Material Recovery Facility (MRF) for Smart Waste Solution Pvt. Ltd. Under the Green Nepalgunj: Community Waste Transformation Project, Supported by the Coca-Cola Foundation**

**IFB No: BAS/IFB/W01/2082/83**
**Date of Publication: 6th January 2026**

**Bageshwori Asal Shasan Club (BAS Nepal),** in Collaboration with Clean Up Nepal and Financial support from The Coca-Cola Foundation, intends to construct Material Recovery Facility (MRF) infrastructure at Nepalgunj-13, Banke District. Accordingly, BAS invites bids from eligible and qualified bidders.

| Contract/ Package ID | Location | Infrastructure | Bid Security | Estimated Cost |
|---|---|---|---|---|
| BAS/IFB/ W01/2082/83 | Nepalgunj Sub Metropolitan City -13, Banke | Double Height Truss Building, Storage Truss Shed, Landscaping and Boundary Fencing | NPR 2,54,000 | NPR 1,15,98,887 (With VAT and PS) |

1. Bidders can receive an electronic copy of a complete set of bidding documents from 6th of January 2026 up to 20th of January 2026 by 4:00 PM (Nepal Time), upon the submission of application along with copy of legal documents (VAT, Registration, Updated License, Tax Clearance) in below email address. If bidders want hard copy of bidding documents they should deposit NRs. 3000 in the following bank account and submit the bank deposit voucher along with the bidder's documents.
2. Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Proposal and the other (ii) the Financial Proposal, both in turn closed in one sealed envelops as per the provision of ITB and BDS of the Bidding Docs in Hard copy physically in office hour.
3. All bidders must deposit a bid security amount as mentioned in above table in the bank given below and attach the bank deposit voucher along with the bids. The deposited amount will be refunded to non-selected bidders after 15 days of bid opening. Technical Proposal will be opened at BAS Office in the presence of Bidder's representatives who choose to attend 22nd January 2026 by 2:00 PM.
4. BAS Nepal reserves the right to accept or reject any or all bids, in whole or in part, without providing any reason. In addition, bidders are hereby informed that should there be any modification, suspension, or cancellation of the project of its committed budget by the donor, such changes will be duly communicated at any stage of the bidding process prior to the award of the contract.

**Bank Details**
**Bank Name: Global IME Bank**
Account Holder's Name: Bageshwori Asal Shasan Club (BAS)
Account Number: 02101010000618

**Bageshwori Asal Shasan Club (BAS)**
**Ph:081-533154, Email: basnepal2057@gmail.com**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८२/०९/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति २०८२/०१/०५ गतेको कान्तिपुर राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/०८/१४ गतेको कारोबार राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/१२/२१ र २०८०/०६/०२ को कारोबार राष्ट्रिय दैनिक पत्रिका र २०८१/१०/२८ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०८/१४ को कारोबार राष्ट्रिय दैनिक पत्रिका र २०८२/०१/०५ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वतावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३ हेटौंडा, मकवानपुरमा मिति २०७७ साल माघ २० गते प्रा.फ.र.नं. २४५२/१९२८/०७७/०७८, स्थानीय व्यापार तथा आन्तरिक राजश्व कार्यालय हेटौंडामा मिति २०७७/१०/२१ मा स्थायी लेखा नम्बर (PAN) ६१५०४८२९५ अन्तर्गत दर्ता कायम भएको **अधिश इन्टरप्राइजेज**।

**प्रोप्राईटर : दिक्षा लामिछाने**

| ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानीकर्ताको विवरण | ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| २. डिल्लीनाथ पोखरेलको नाति, मोदनाथ पोखरेलको छोरा, मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **रविन्द्र नाथ पोखरेल** (ना.प्र.नं. ३१२०/००४, जारी मिति २०५२/०९/१३, जि.प्र.का. मकवानपुर)। | मोदनाथ पोखरेलको बुहारी, रविन्द्र नाथ पोखरेलको पत्नी, मकवानपुर जिल्ला, साविक हेटौंडा न.पा. वडा नं. ५ स्थाई ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ बस्ने **दिक्षा लामिछाने** (ना.प्र.नं. २१/१६४६८, जारी मिति २०६१/०५/२२ जि.प्र.का. मकवानपुर)। |

**धितोको विवरण**

१. अधिश इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२. **ऋणी २ को नाममा धितोबन्धकी कायम भई ऋणी १ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** रविन्द्र नाथ पोखरेल (ना.प्र.नं. ३१२०/००४, जारी मिति २०५२/०९/१३, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हेटौंडा गा.बि.स./न.पा. वडा नं. ५ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ५ स्थित कि.नं. ४११० र ४११२ को क्षेत्रफल क्रमशः ०-०-९ र ०-०-१० (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/०६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/०७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website: www.siddharthabank.com

## हार्दिक श्रद्धाञ्जली



**स्व. मदन कुमार श्रेष्ठ**
(जन्मः २०५२/०१/१८ - स्वर्गारोहणः २०८२/०९/०९)

यस वित्तीय संस्थाको नारायणगढ शाखाका कर्मचारी **मदन कुमार श्रेष्ठ**को मिति २०८२ पौष ०९ गते बुधबारका दिन ३१ वर्षको अल्पायुमै भएको असामयिक निधनमा गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं। यस दुःखद घडीमा शोकाकुल परिवारजनमा सेन्ट्रल फाईनान्स परिवार हार्दिक समवेदना व्यक्त गर्दछ।

**सेन्ट्रल फाईनान्स लिमिटेड**
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs
कानदेवस्थान, कुपण्डोल, ललितपुर

## INVITATION FOR SEALED TENDER BIDS

(First date of publication: 6th January 2026)

**Description of works:** Siddhartha Capital Limited (SCL) solicits sealed Tender bids from interested and eligible bidders for **Procurement and Implementation of Open-End Mutual Fund Solution.**

Eligible bidders can obtain the RFP document from Siddhartha Capital Limited, Naxal office on submission of written application and cash deposit voucher of **NPR. 1000.00 (Non-Refundable)** per document in the **account 00115272747 maintained at Siddhartha Bank Limited, Corporate Hattisar.**

1. As outlined in the RFP document, the tender must include two separately sealed and properly stamped envelopes: one for the Technical Bid and the other for the Financial Bid. **All bids must be submitted by 4:00 PM on or before 25th January 2026.**
2. The Bidder must not be currently debarred or blacklisted by any financial institutions, or any regulatory authority as of the date of RFP submission.
3. If the submission deadline falls on a public holiday, submission will be accepted on the next working day.
4. The bids will be opened by the procurement committee of SCL without the presence of representatives of the Bidders.
5. The Bidder should be a Company/Firm registered under their respective legislatures.
6. Eligible Bidders should submit all the documents outlined in the RFP document and failing to do so shall result in the rejection of the bid submitted by the bidder.
7. SCL reserves the right to accept or reject any or all applications/bids wholly or partially without assigning any reason whatsoever.
8. Eligible Interested Bidders may contact Siddhartha Capital Limited, Naxal for any relevant inquiries and clarifications.

Siddhartha Capital Limited
Investing happiness
P.O. Box 21200,
Narayanchaur, Naxal, Kathmandu
Tel: 5970747, Fax: 4520929
Website: www.siddharthacapital.com

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आहृवान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८२/०९/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**
**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/१०/१२ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१) ऋणीः सुमन तमाङ**<br>बुवाको नाम : राम वहादुर तमाङ<br>बाजेको नाम : मान सिं तमाङ<br>ठेगाना : गुञ्जनगर-०५, चितवन<br>हालको ठेगाना : भरतपुर-१८, चितवन<br>ना.प्र.नं.: ५८१५/०५४, जारी मितिः २०५४/०८/१८<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन<br>**कर्जा लिएको शाखा : नारायणगढ, चितवन**<br>**जमानीकर्ताको विवरण**<br>**क) नामः सृजन तमाङ**<br>बुवाको नाम : सुमन तमाङ<br>बाजेको नामः राम बहादुर तमाङ<br>ठेगाना : भरतपुर-१८, चितवन<br>ना.प्र.नं.: ३५-०१-७८-०२४४०, जारी मितिः २०७८/०५/२१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन | **ख) नामः रस माया तमाङ**<br>बुवाको नाम : आस राम तमाङ<br>पतिको नाम : सुमन तमाङ<br>ससुराको नाम : राम बहादुर तमाङ<br>ठेगाना : भरतपुर-१८, चितवन<br>ना.प्र.नं.: ८४४/०४४, जारी मितिः २०५८/१०/२९<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन<br>**ग) नामः पूर्ण कुमारी तमाङ**<br>पतिको नाम : राम बहादुर तमाङ<br>ससुराको नाम : मान सिं तमाङ<br>ठेगाना : गुन्जनगर-०५, चितवन<br>हालको ठेगाना : भरतपुर-१८, चितवन<br>ना.प्र.नं. :१६७४, जारी मिति : २०४३/०९/०६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन |

**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय चितवनमा पुर्ण कुमारी तमाङको नाममा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गुँजनगर-५ स्थित कि.नं. ७४५ को क्षेत्रफल १३५०.३३ वर्ग मिटर भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावे कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावे ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

# नक्कली नोट छाप्ने मेसिनसहित दुई पक्राउ



नयाँ पत्रिका

प्रहरीले नक्कली नोट छाप्ने मेसिनसहित दुईजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा बाराको कलैया उममहानगरपालिका- २ कबलपुरका २८ वर्षीय गौरीशंकर यादव र फेटा गाउँपालिका-३ का २८ वर्षीय रविकुमार श्रीवास्तव छन्। जिल्ला प्रहरी परिसर काठमाडौ र प्रहरी वृत्त बौद्धको संयुक्त अपरेसनपछि उनीहरू बाराबाट पक्राउ परेका हुन्। प्रहरीले उनीहरूबाट नक्कली नोटमा प्रयोग हुने मेसिन, डिजाइन गर्ने कम्प्युटर, प्रिन्टिङ मेसिनलगायतका सामग्रीसमेत बरामद गरेको छ। श्रीवास्तवले नोट छाप्ने मेसिन मोटरसाइकलमा राखेर नेपाल ल्याउँदै थिए, सोही क्रममा प्रहरीले पक्राउ गरेको हो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले नक्कली नोट छाप्ने प्रयोग हुने मेसिनसहित दुईजना पक्राउ परेको बताए। 'नक्कली नोट छाप्ने मेसिनसहित दुईजना पक्राउ परेका छन्। उनीहरू बाराबाट समातिएका हुन्। भारतको बिहारबाट मेसिन ल्याउँदै गर्दा उनीहरू पक्राउ परेका हुन्,' उनले भने।

प्रहरीले गत १६ पुसमा गोकर्णेश्वर नगरपालिका- ८ अत्तरखेलबाट एक हजार दरका ९३ वटा नक्कली नोटसहित ६ जनालाई पक्राउ गरेको थियो। पक्राउ पर्नेमा सिन्धुपाल्चोकका ३२ वर्षीय दावा नोर्बु शोर्पा, ४४ वर्षीय पासाङ शेर्पा, ३२ वर्षीय प्रकाश गुरुङ, ४२ वर्षीय रेणुका भारती, ६५ वर्षीय गोकर्ण थापा र काठमाडौंको शंखरापुरका ४३ वर्षीय सुकबहादुर स्याङ्बो हुन्। उनीहरूको बयानका आधारमा प्रहरीले नक्कली नोटको स्रोत खोजिरहेको थियो। यही क्रममा गौरीशंकर पक्राउ परेका थिए। बरामद नोट श्रीवास्तवको सहयोगमा छापिएको बयानपछि प्रहरीको उनको खोजी गरेको थियो। भारतको मोतीहारी लालाटोल पतौनामा डेरा गरी बस्ने उनी बिआर ०५ ए २५११ नम्बरको बुलेट मोटरसाइकलमा नेपाल आउँदै गरेको सूचनापछि प्रहरीले एम्बुस थापेको थियो। सोही क्रममा उनी आइतबार बारामा पक्राउ परेका थिए।

# एमालेको रिट खारेज

**काठमाडौं**/ एमालेले माधवकुमार नेपाल नेतृत्वको तत्कालीन एकीकृत समाजवादी पार्टीविरुद्ध दिएको रिट सर्वोच्च अदालतले खारेज गरेको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र सुनीलकुमार पोखरेलको इजलासले सोमबार उक्त रिट खारेज गरी निर्देशनात्मक आदेश जारी गरेको हो।

पार्टीले कारबाही गरेका सांसदहरू मिलेर एकीकृत समाजवादी दल गठन गरेकाले सो दल खारेजको माग गरी एमालेले १७ भदौ ०७८ मा रिट दायर गरेको थियो। चार वर्षपछि सो मुद्दामा फैसला भएको हो। रिटको औचित्य समाप्त भएको भन्दै खारेजको फैसला भएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताए। रिट खारेजसँगै सभामुखको नाममा निर्देशनात्मक आदेश जारी भएको छ। निर्देशनात्मक आदेशको व्यहोरा भने फैसलाको पूर्णपाठ तयार भएपछि मात्र थाहा हुने प्रवक्ता कोइराला बताउँछन्।

त्यतिवेला एमालेले कारबाही गरेका सांसदको नाम नटाँसेको भन्दै तत्कालीन सभामुख अग्निप्रसाद सापकोटालाई समेत विपक्षी बनाई रिट दायर गरेको थियो। सोही विषयलाई लिएर सभामुखको हकमा निर्देशनात्मक आदेश भएको हो। त्यतिवेला एमालेबाट फुटेर माधवकुमार नेपाललगायत नेताले एकीकृत समाजवादी दल गठन गरेका थिए। उक्त पार्टी हाल अन्य पार्टीहरूसँग मिलेर नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ।

# व्यक्ति बेपत्ता पारेको भन्दै पाँचजना प्रहरीविरुद्ध जाहेरी

**जुम्ला**/ डोल्पाको ल्हाँ गाउँका ३४ वर्षीय जुन रोकाय बेपत्ता घटनामा पाँच प्रहरीविरुद्ध किटानी जाहेरी दर्ता भएको छ। इलाका प्रहरी कार्यालय खदाङका प्रहरी सहायक निरीक्षक (असइ) हेमराज कार्कीसहित पाँच प्रहरीविरुद्ध जाहेरी दर्ता भएको हो। कार्कीसँगै कार्यालयमा कार्यरत प्रहरी जवान लालबहादुर घर्ती, भगिरथ जैसी, जिल्ला प्रहरी कार्यालय डोल्पामा कार्यरत प्रहरी जवान अशोक साउद र जिल्ला प्रहरी कार्यालयमै कार्यरत घुमुवा प्रहरी नरेन्द्र खड्काविरुद्ध जुन रोकायका परिवारले जाहेरी दर्ता गरेको हो। उनीहरू सबैविरुद्ध व्यक्ति बेपत्ता पारेको आरोप छ।

पाँचैजनाविरुद्ध बेपत्ता युवक जुन रोकायकी श्रीमती धनमतीले किटानी जाहेरी दिएकी हुन्। जिल्ला प्रहरी कार्यालय डोल्पामा जाहेरी दर्ता भएसँगै स्थानीयले अनिश्चितकालीन यातायात बन्द फिर्ता लिएका छन्। सोमबार बिहानैदेखि डोल्पामा सवारीसाधन सञ्चालनमा आएको सहायक प्रमुख जिल्ला अधिकारी रमेश पौडेलले बताए। गत शुक्रबार साँझ ल्हाँ गाउँका ३४ वर्षीय युवा जुन रोकाय चेकिङका क्रममा आत्तिएर ठुलीभेरी नदीमा हाम फालेको प्रहरीको भनाइ छ। चारजना प्रहरी चेकिङका लागि खदाङस्थित प्रहरीचौकीभन्दा तीन किलोमिटर टाढा पर्ने छेप्के पुलमा पुगेका थिए। इप्रकाको नेतृत्व असइ कार्कीले गरेका थिए।

# गोहीले बेपत्ता पारेको सदस्यका परिवार राहतबाट वञ्चित

बर्दियामा **प्रकाश पौडेल**

गोहीले बेपत्ता पारेको सदस्यका परिवारले राहत पाउने राहत निर्देशिका भए पनि महिनौंदेखि वञ्चित हुनुपरेको पीडितको गुनासो छ। निर्देशिकामा भएका कानुनी जटिलताका कारण राहतबाट वञ्चित हुनुपरेको पीडित परिवारको भनाइ छ।

गेरुवा गाउँपालिका- ४ राजीपुरका २२ वर्षीय विवस थारू ६ असोजमा गेरुवा नदीकिनारमा भैंसी चराउने क्रममा गोहीको आक्रमणमा परेका थिए। उनलाई गोहीले बेपत्ता बनाएको थियो। विपन्न परिवारका विवस बेपत्ता भएपछि शोकमा परेको परिवार अझै उठ्न सकेको छैन। विवसकी आमा जलावती थारू भन्छिन्, 'छोरा बेपत्ता भएको सपना हो वा विपना ठम्याउनै सकेको छैन। छोरा गुमाउनुपर्दा संसार नै गुमाएजस्तो भइरहेको छ।' विवसले सानै उमेरमा पढाइ छोडेर ज्याला-मजदुरी गर्दै परिवारको पालनपोषण गर्दै आएका थिए। यसपटक उनी कमाउनका लागि मनाङ गएका र १४ साउनमा मात्रै घर फर्किएको उनकी श्रीमती अञ्जलीले बताइन्। अहिले घरमा सासूबुहारी र अञ्जलीको दुई वर्षकी छोरी छन्। परिवारमा कमाउने एक मात्रै व्यक्तिलाई गोहीले बेपत्ता बनाएपछि थारू परिवारको बिचल्ली भएको छ।

निर्देशिकाअनुसार वन्यजन्तुको आक्रमणबाट कसैको मृत्यु वा बेपत्ता भए पीडित परिवारले १० लाख राहत पाउनेछन्। तर, विवसको शव फेला नपरेका कारण थप कानुनी प्रक्रिया पूरा हुन सकेको छैन। विवसकी आमाले भनिन्, 'दुई महिनाजति नदीमा खोजी गर्दा पनि छोरा भेटिएन। राहत लिन पोस्टमार्टम रिपोर्ट अनिवार्य चाहिन्छ भन्छन्। मैले कहाँबाट पोस्टमार्टम रिपोर्ट ल्याउने हो र खै ?'

वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० ले वन्यजन्तुको आक्रमण भएको व्यक्तिको परिवारले राहत पाउनका लागि पोस्टमार्टम रिपोर्ट, प्रहरीको मुचुल्का, मृत्युदर्ता र नाता प्रमाणित अनिवार्य पेस गर्नुपर्ने व्यवस्था गरेको छ। बर्दिया राष्ट्रिय निकुञ्जले विवसको खोजी गर्न हात्ती, ऱ्याफ्टिङ परिचालन गर्दासमेत फेला नपरेको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत एवं सूचना अधिकारी सरोजमणि पौडेलले बताए। बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख वरिष्ठ संरक्षण अधिकृत डाक्टर अशोककुमार रामले असोजमा गोहीले बेपत्ता पारेको विवसको परिवारलाई राहत निर्देशिका, २०८० मा भएको व्यवस्थाअनुसार राहत दिन नसकिएको बताए।

# २०० र ५०० दरका भारतीय नोटको सटही सुविधा खुलाउन ढिलाइ



## भारत-नेपाल आउजाउ गर्दा मात्रै सटही सुविधा दिइने, चलनचल्ती प्रयोग गर्न नपाइने

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

नेपाल-भारतबिच दुई सय र पाँच सय दरका भारतीय नोट ल्याउन र लैजान दिने गरी गरिएको सरकारी निर्णय २२ दिन बित्दा पनि कार्यान्वयनमा आउन सकेको छैन। २९ मंसिरको मन्त्रिपरिषद्ले २५ हजार भारुसम्मको सीमामा दुई सय र पाँच सय दरका भारु नोट भारत-नेपालबिच ल्याउन-लैजान दिने निर्णय गरेको थियो। 'सन् २०१६ नोभेम्बर ९ देखि निष्कासन भएका भारु २०० र ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रतिव्यक्ति भारु २५ हजारको सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान स्वीकृति दिने,' २९ मंसिरको मन्त्रिपरिषद्को बैठकको निर्णयमा भनिएको छ। तर, राजपत्रमा प्रकाशित नहुँदा यो व्यवस्था हालसम्म कार्यान्वयनमा आएको छैन।

हाल नेपालमा १०० सम्मका भारु नोट मात्रै ल्याउन र लैजान पाउने व्यवस्था छ। भारतका २००, ५०० र २००० दरका नोट भारतीय रिजर्भ बैंकको निर्णयपछि नेपालमा ल्याउन र यहाँबाट भारत लैजान पनि प्रतिबन्ध लगाइएको थियो। तर, भारतले २८ नोभेम्बर अर्थात् १२ मंसिरमा आफ्नो राजपत्रमा सूचना सार्वजनिक गर्दै १०० माथिका भारु नोट नेपाल लैजान र नेपालदेखि ल्याउन दिने निर्णय गरेको थियो। त्यसपछि भारतीय रिजर्भ बैंकले विदेशी विनिमय व्यवस्थापन नियमावली, २०१५ संशोधन गर्दै ठुला दरका नोट पनि नेपाल-भारत ल्याउन-लैजान पाउने व्यवस्था गरेको थियो। सोहीअनुसार नेपाल सरकारले पनि २९ मंसिरमा २०० र ५०० का भारु नोट भारतबाट ल्याउन र भारत लैजान दिने निर्णय गरेको थियो। जुन अझै कार्यान्वयनमा आउन सकेको छैन।

प्रक्रियागत रूपमा अब अर्थ मन्त्रालयले यस सम्बन्धमा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ। त्यसपछि राष्ट्र बैंकले सोही राजपत्रको सूचना आधारमा एकीकृत निर्देशन संशोधन गरेर भारतीय नोटमाथिको प्रतिबन्ध फुकुवा गर्नेछ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले कानुन मन्त्रालयको राय-सुझाव प्राप्त भएपछि राजपत्रमा सूचना प्रकाशन गरिने बताए। '२०० र ५०० दरका भारु नोट नेपाल-भारतबिच ल्याउन-लैजान दिनका लागि मन्त्रिपरिषद्बाट निर्णय भइसकेको अवस्था छ। यस सम्बन्धमा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्छ, जुन प्रक्रियामा छ,' उनले भने, 'अहिले कानुन मन्त्रालयको राय-सुझाव लिने काम भइरहेको छ। कानुन मन्त्रालयको राय-सुझाव प्राप्त भएपछि राजपत्रमा सूचना प्रकाशन हुन्छ। अबको दुई-चार दिनमै राजपत्रमा सूचना प्रकाशन गर्ने गरी काम भइरहेको छ।'

राजपत्रमा सूचना प्रकाशन भएपछि राष्ट्र बैंकले यसबारे थप कारबाही अघि बढाउनेछ। राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले राजपत्रमा सूचना प्रकाशित भएर आएपछि निर्देशन संशोधन तथा सार्वजनिक सूचना जारी गरेर २०० र ५०० दरका भारु नोटमा सटही सुविधा दिने बताए। एक सय भारुमा सटही सुविधा साबिककै व्यवस्थाअनुसार अघि बढ्ने उनको भनाइ छ।

'हामीले पनि राजपत्रको सूचना पर्खिरहेका छौँ। त्यहाँ प्रकाशित भएपछि हामीले बैंक तथा वित्तीय संस्था र सर्वसाधारणका लागि सार्वजनिक सूचना जारी गर्नेछौँ,' उनले भने, 'निर्देशन पनि संशोधन गर्नेछौँ।' भारतले २०१६ मा ठुला दरका भारु नोटको नोटबन्दी गरेको थियो। त्यसपछि ठुला दरको नोट नेपाल ल्याउन-लैजान बन्देज गरेको थियो।

### कारोबार गर्न नपाइने

राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार यसअन्तर्गत नेपाल-भारत आउजाउ गर्दा भारतीय नोटको सटही सुविधा मात्र दिइनेछ। नेपालको आन्तरिक बजारमा कारोबार गर्दा भारतीय नोटमा भुक्तानी गर्न भने पाइनेछैन।

'विभिन्न प्रयोजनमा नेपाली र भारतीय नागरिक भारत-नेपाल आउजाउ गर्दा नगद नै बोक्न पाउने गरी सहटी सुविधा पाउँछन्। त्यसमा पहिला २५ हजार भारुसम्मको सीमा १०० भारुसम्मको नोटमा मात्रै सटही सुविधा दिने व्यवस्था थियो। अब २०० र ५०० दरका भारु नोटमा पनि सटही सुविधा दिन लागिएको हो। तर, यसको मतलब नेपालको आन्तरिक बजारमा पनि भारुमै भुक्तानी गर्न पाइन्छ भन्ने होइन,' उनले भने, 'यो सटही सुविधाका लागि मात्रै हो।' विदेशी मुद्राको कारोबार गर्ने अनुमतिप्राप्त संस्थामा भने भारतीय मुद्रामा पनि भुक्तानी गर्न सकिने उनले बताए। 'विदेशी मुद्राको कारोबार गर्ने अनुमति लिएका होटेल, रेस्टुरेन्टजस्ता संस्थामा भारतीय मुद्रामा पनि भुक्तानी गर्न पाइयो,' उनले भने, 'तर, अन्य ठाउँमा भारतीय नोटमा भुक्तानी गर्न पाइँदैन।'

# अब पेट्रोलमा १०% इथानोल मिसाउन पाइने

## मन्त्रिपरिषद्को निर्णयअनुसार इथानोल खरिद प्रक्रिया अघि बढाउने निगमको तयारी, इथानोल मिश्रण गरेको पेट्रोलको गुणस्तरमा कमी नआउने, तर तुलनात्मक रूपमा सस्तो हुने

**अजित अधिकारी**/नयाँ पत्रिका

सोमबारको मन्त्रिपरिषद् बैठकले पेट्रोलमा १० प्रतिशत इथानोल मिश्रण गरेर बिक्री गर्न स्वीकृति दिने निर्णय गरेको छ। मन्त्रिपरिषद्को सो निर्णयपछि आयल निगमले इथानोल खरिदको प्रक्रियासमेत अघि बढाउने भएको छ। तोकिएको मात्रामा इथानोल मिश्रण गर्दा पेट्रोलको गुणस्तरमा फरक नपर्ने भएकाले विश्वभर नै यस्तो प्रयोगमा रहेको आयल निगमका पूर्वकार्यकारी निर्देशक सुशील भट्टराईले बताए। 'इथानोल मिश्रण भएको पेट्रोल विश्वभर प्रयोगमा छ। ब्राजिलमा सबैभन्दा धेरै खपत भइरहेको छ,' उनले भने, 'त्यसैले हामीले पनि गुणस्तर, परिमाण र मूल्यमा उचित निर्णय गर्‍यौँ भने लागू गर्न सक्छौँ।'

अब आयल निगमले पनि इथानोल मिश्रणका लागि स्वदेशी उद्योगीलाई उत्पादनका लागि प्रोत्साहन गर्ने जनाएको छ। निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले मन्त्रिपरिषद्बाट स्वीकृत भएको कार्यविधि प्राप्त गरेपछि इथानोल खरिदका लागि सार्वजनिक सूचना जारी गर्ने बताए। '१० प्रतिशत मिश्रणका लागि दैनिक करिब दुई लाख लिटर इथानोल आवश्यक पर्छ,' भट्टले भने, 'यति परिमाणमा उत्पादन गरेर दिन सक्ने उद्योगलाई सम्झौता गर्न हामी सार्वजनिक सूचनामार्फत आह्वान गर्नेछौँ।'

इथानोलको मूल्य तुलनात्मक रूपमा सस्तो पर्छ। निगमको प्रारम्भिक अध्ययनअनुसार हाल एक सय २० रुपैयाँ प्रतिलिटरसम्ममा इथानोलको मूल्य पर्छ। पेट्रोलको मूल्य भने हाल एक सय ५९ रुपैयाँ प्रतिलिटर छ। त्यसैले इथानोल मिश्रण गरेको पेट्रोल सस्तो हुनुपर्ने आमबुझाइ छ।

हाल दैनिक १७ लाखदेखि २० लाख लिटरसम्म पेट्रोलको खपत छ। त्यसैले १० प्रतिशत मिश्रण गर्ने निर्णय लागू भए दैनिक दुई लाख लिटरसम्म इथानोल खपत हुन सक्छ। यसबाट पेट्रोल आयातमा समेत कमी आई व्यापार घाटा कम गर्न मद्दत मिल्ने सरकारको अपेक्षा छ।

चिनी उद्योगीले पेट्रोलमा मिश्रण हुने इथानोल उपलब्ध गराउनेबारे यसअघि नै सरकारलाई ध्यानाकर्षण गराइसकेका छन्। तर, उद्योगीले दैनिक औसतमा ५० हजार लिटर मात्रै दिन सक्ने क्षमता रहेको बताएका छन्। त्यसैले इथानोलका लागि नयाँ प्लान्ट नै लगाउनुपर्ने निगमको बुझाइ छ। तोकिएको गुणस्तर र परिमाणमा इथानोल दिन प्रतिबद्धता जनाउन कोही आए सार्वजनिक सूचनामार्फत प्रतिस्पर्धा गराई इथानोल खरिदको ग्यारेन्टी निगमले गर्ने कार्यकारी निर्देशक भट्टले जानकारी दिए।



### ■ गुणस्तर, परिमाण र मूल्य सरकारले निर्धारण गर्ने

इनाथोलको गुणस्तर, परिमाण र मूल्य उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्धारण गर्ने मन्त्रिपरिषद्बाट स्वीकृति भएको 'पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउनेसम्बन्धी आदेश, ०८२' मा उल्लेख छ। मन्त्रालयका अनुसार गुणस्तर तथा नापतौल विभागले इथानोलको गुणस्तरसम्बन्धी मापदण्ड तोक्ने र सोही मापदण्डमा आधारित भएर उत्पादन भएको इथानोल निगमले खरिद गर्नेछ। त्यस्तै, कुन मूल्यमा इथानोल खरिद गर्ने भन्ने निर्णय भने मन्त्रालयबाटै हुनेछ। 'पेट्रोलमा मिश्रण गर्ने उद्देश्यले उत्पादित इथानोलको प्रतिलिटर मूल्य कति हुने भन्ने निर्णय मन्त्रालयमा गठन भएको समितिले निर्धारण गर्नेछ,' स्रोतले भन्यो।

माग परिमाण भने आयल निगमले तोक्ने भएको छ। देशभर दैनिक खपतका आधारमा पेट्रोलमा मिश्रण हुने इथानोलको माग परिमाण यकिन हुनेछ,' ती अधिकारीले भने। आयल निगमलाई मात्रै बिक्री गर्ने उद्देश्यले इथानोल उद्योग खोलिने भएकाले सुरुमै परिमाण, मूल्य र गुणस्तरबारे सम्झौता हुने र त्यसपछि मात्रै उद्योगले उत्पादन थाल्ने सर्त राखिएको छ।

### ■ कुन प्रणालीमा हुन्छ मिश्रण ?

आयल निगमले सोझै उद्योगबाट इथानोल खरिद गर्ने र डिपोमा रहेको संरचनामार्फत मिश्रण गरेर देशैभर पेट्रोल वितरण गर्ने वा उपभोक्तालाई छनोटको सुविधा दिने भन्ने निर्णय भइसकेको छैन। पेट्रोलियम विज्ञसमेत रहेका निगमका पूर्वकार्यकारी निर्देशक सुशील भट्टराईले कुनै उपभोक्ताले शतप्रतिशत पेट्रोल नै प्रयोग गर्छु भनेको खण्डमा विकल्प दिन सकिने बताए। 'यसका लागि सबै पेट्रोलपम्पमा इथानोलको मेसिन पनि राख्न सकिन्छ। कुनै उपभोक्ताले आफ्नो सवारीसाधनमा १० लिटर पेट्रोल हालेर एक लिटर इथानोल आफैँ राख्न पनि सक्छन्,' उनले भने।

आयल निगमले डिपोमा रहेको भण्डारगृहमा नै सोझै १० प्रतिशत इथानोल मिश्रण गरेर पम्पमा पठाउन सक्ने पनि उनले बताए। तर, गुणस्तरका विषयमा उपभोक्ताले गुनासो गर्न नसक्ने गरी काम गर्नुपर्ने उनको सुझाव छ। 'तोकिएको गुणस्तरमा कुनै पनि सम्झौता नगर्ने ग्यारेन्टी गरेर मात्रै आयल निगमले इथानोल मिश्रण गरेको पेट्रोल प्रयोगमा ल्याउनुपर्छ। यसका लागि विकसित देशका अभ्यासलाई पनि अनुसरण गर्न सकिन्छ,' उनले भने।




# ओमानसँग पहिलोपटक श्रम सम्झौता र इजरायलसँग नवीकरण हुने

**काठमाडौं**/ सोमबारको मन्त्रिपरिषद् बैठकले ओमानसँग पहिलोपटक श्रम सम्झौता गर्न र इजरायलसँग नवीकरण गर्न स्वीकृति दिने निर्णय गरेको छ। इजरायलमा सरकारीस्तरबाट श्रमिक पठाउने गरिएको छ भने ओमानमा म्यानपावरमार्फत युवाहरू रोजगारीका लागि जाने गरेका छन्। इजरायलसँग प्रत्येक पाँच वर्षमा श्रम सम्झौता नवीकरण गर्नुपर्ने सर्तअनुसार कार्य गर्न लागिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए। 'इजरायलसँग श्रम सम्झौता नवीकरण हुन लागेको हो, ओमानसँग भने नयाँ श्रम सम्झौता गर्ने निर्णय भएको हो,' उनले भने।

मन्त्रिपरिषद्को निर्णय आएपछि परराष्ट्र मन्त्रालयमार्फत दुवै देशसँग समन्वय हुने उनले बताए। 'परराष्ट्र मन्त्रालयबाट दुवै देशसँग सम्झौताको मिति तय गर्ने र सम्झौता हुने विषयवस्तु आदान-प्रदान हुनेछन्,' उनले भने।

इजरायलसँग श्रम सम्झौता नवीकरण हुँदा दुईवटा नयाँ विषयसमेत थप गर्न लागिएको उनले जानकारी दिए। हालसम्म कृषि प्रशिक्षार्थी मात्रै लिइरहेको इजरायलमा अब कृषि कामदारसमेत पठाउने गरी बाटो खुलाउन लागिएको उनले बताए। 'कृषि प्रशिक्षार्थीका रूपमा काम सिकेर आएका युवालाई कृषि कामदारका रूपमा पठाउन मिल्ने गरी सम्झौता नवीकरण हुँदै छ,' उनले भने।

कृषि प्रशिक्षार्थीका रूपमा तालिम लिएर आएका युवाको संख्या करिब २२ सय रहेको, तर त्यसमध्ये १३ सय युवा मात्रै कृषि कामदारका रूपमा जान सक्ने अनुमान गरिएको छ। किनभने, इजरायलले कृषि कामदारका लागि ३९ वर्षमुनिका युवा मात्रै लिने नीति लिएको छ।

त्यस्तै, केयर गिभरतर्फ पनि लामो समयसम्म काम गर्न पाउने वातावरण सिर्जना हुने गरी सम्झौता नवीकरण गर्न लागिएको उनले बताए। दुवै देशले सरकारीस्तरबाट सबै प्रक्रिया पूरा गर्ने भएकाले तुलनात्मक रूपमा सुरक्षित र राम्रो आम्दानी हुने देशको सूचीमा इजरायल पर्ने गरेको छ।

वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्ष ०८१/८२ मा १३ सय ४२ युवा श्रमका लागि इजरायल पुगेका थिए। चालू आर्थिक वर्ष ०८२/८३ को मंसिर मसान्तसम्म ६ सय ९२ युवा इजरायल गएको विभागको तथ्यांक छ।

ओमानसँग भने पहिलोपटक श्रम सम्झौता हुन लागेको हो। मंसिर महिनामा विदेश गएका युवाको संख्या हेर्दा सबैभन्दा धेरै नेपाली श्रमिक पुग्ने देशको सूचीमा ओमान आठौँ स्थानमा छ। मंसिरमा १२ सय ४८ युवा ओमान पुगेका थिए भने चालू आर्थिक वर्ष ०८२/८३ को मंसिर मसान्तसम्म तीन हजार नौ सय ८४ युवा ओमान पुगेका छन्। गत आर्थिक वर्ष ०८१/८२ भने कुल आठ हजार ६ सय एक युवा रोजगारीका लागि ओमान पुगेको विभागको तथ्यांक छ। ओमानसँग हस्ताक्षर भएपछि श्रम सम्झौता हुने मुलुकको संख्या १३ पुग्नेछ।

# चैत १ बाट दोस्रो आर्थिक गणना

**काठमाडौं**/ सरकारले सात वर्षपछि दोस्रो राष्ट्रिय आर्थिक गणना गर्ने भएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले आगामी चैत १ देखि असार मसान्तसम्म दोस्रो आर्थिक गणना गर्न लागेको हो। यसअघि ०७५ मा पहिलो राष्ट्रिय आर्थिक गणना गरिएको थियो। यसका लागि १५ मंसिरमै राष्ट्रिय आर्थिक गणना प्रशासनिक तथा आर्थिक सुविधासम्बन्धी मापदण्ड स्वीकृत हुनुका साथै मुख्य प्रश्नावली पनि तयार भइसकेको छ।

कार्यालयले सोमबार पत्रकार सम्मेलन गर्दै राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यतालिका, लोगो र नारा सार्वजनिक गरेको छ। आर्थिक गणनाको नारा 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने राखिएको छ।

# सिट्रस ग्रिनिङ रोगले सल्यानमा सुन्तला उत्पादन २५ प्रतिशत घट्ने

सल्यानमा **दीपक शर्मा**

सल्यान बागचौर नगरपालिका- ८, कोटमौलाका भरतनाथ योगीले सुन्तला खेती गर्न थालेको करिब चार दशक भयो। सुरुमा घरमै खानका लागि दुई-चार बोट सुन्तला लगाएका योगीसँग अहिले नौ सय ५० सुन्तलाका बोट छन्। गएको सिजनमा मात्रै चार सय ३७ क्विन्टल सुन्तला बेचेर ३३ लाख आम्दानी गरेको उनले जानकारी दिए। तर, यो वर्ष बोटमै सानो फल लागेको र बोट सुक्ने समस्याले उनी पिरोलिएका छन्।

डाँगीगाउँका जीवन डाँगीले पनि सुन्तला रोपेको तीन दशक भयो। मकै, गहुँ रोप्ने बारीका छेउघारीमा सुन्तला रोपेका उनले व्यावसायिक खेती गर्न थालेको एक दशक भयो। गएको वर्ष दुई सय क्विन्टल सुन्तला बेचेर आठ लाख कमाएको उनको बोटमा यो वर्षको उत्पादन भने ७५ प्रतिशतले गिरावट आएको छ। यस वर्ष ५० क्विन्टल सुन्तला बनाउन पनि धौधौ भएको उनको भनाइ छ। उनले भने, 'राम्रो आम्दानी हुने आसले सुन्तला खेतीमा लागेका हौँ, जलवायु परिवर्तनले होला, पहिले तल्लो भेगका सुन्तलामा देखिने रोग अहिले माथिल्लो भेगमा पनि सरेको छ।'

विगत आठ-दश वर्षदेखि सुन्तला खेती थालेका बेथानका प्रेमप्रकाश शर्माको अवस्था पनि उस्तै छ। एक सय ५० बोट सुन्तलाबाट गएको वर्ष दश क्विन्टल उत्पादन भएको थियो। तर, यो वर्ष फल नै नलागेको र लागेको पनि झरेर सखाप भएको उनको गुनासो छ।

बगैँचामा रोगको प्रकोप बढेसँगै अघिल्लो वर्षको तुलनामा यस वर्ष करिब २५ प्रतिशतले उत्पादनमा गिरावट आउने कृषि विकास कार्यालय सल्यानको अनुमान छ। सुन्तला उत्पादन हुने कोटमौला, चाँदे, दमाचौर, फलाबाङलगायतका क्षेत्रको निरीक्षणले उत्पादन घट्ने निश्चित भएको कृषि विकास कार्यालय सल्यानका प्रमुख महेश आचार्यले बताए। जिल्लामा पुराना र साना बिरुवासहित एक हजार ६ सय ७५ हेक्टरमा सुन्तला खेती लगाइएको छ।



### ■ सिट्रस ग्रिनिङ रोगको चुनौती

सुन्तलामा देखिने अत्यन्त हानिकारक ब्याक्टेरियाजन्य रोग सिट्रस ग्रिनिङले किसानहरू गम्भीर समस्यामा छन्। यो रोग सिट्रस सिल्ला नामक किराबाट सर्ने गर्छ। प्रायः ११ सय मिटरभन्दा कम उचाइका तातो क्षेत्रहरूमा बढी पाइने भए पनि जिल्लाको करिब १५ सय मिटर उचाइसम्म फैलिएको छ। एकपटक बगैँचामा प्रवेश गरेपछि समयमै नियन्त्रण गर्न नसके यसले सम्पूर्ण बगैँचा नै नष्ट बनाउँछ। यो रोग लाग्दा पातको नशाबिचको भाग पहेँलो हुने, तर नशा हरियै देखिने, पात सानो हुने तथा बोट टुप्पोबाट सुक्न थाल्ने लक्षण देखिन्छन्।

केही समयअघि जिल्लाका ५० ओटा सुन्तला बगैँचाको नमुना संकलन गरी पिसिआर परीक्षण गर्दा ३५ को रिपोर्ट पोजेटिभ आयो। कृषि विकास कार्यालय सल्यानका प्रमुख महेश आचार्यका अनुसार यस रोगको हालसम्म कुनै उपचार छैन। त्यसैले रोकथाम नै प्रभावकारी उपाय हो। उनले भने, 'रोग लागेका बोट हटाउनु नै पर्छ, तर एउटा किसानले गरेर हुँदैन् यो ब्याक्टेरियाबाट सर्ने भएकाले छिमेकीको बगैँचाबाट सर्ने सम्भावना पनि उतिकै हुन्छ, यसमा सबै किसान लाग्नुपर्छ।'

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०९/२२)

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
**२०८२/१०/०६**

**तपशिल**

**बोलपत्र खोलिने मिति**
**२०८२/१०/०७ दिउँसो ३ बजे**

| क्र.सं | ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १ | **ऋणी : यमक बहादुर बस्नेत (आवास कर्जा)- शाखा कार्यालय नयाँ बानेश्वर** (ना.प्र.नं. २३२४५, मिति २०५०/१०/१९ मा जि.प्र.का. रामेछापबाट जारी भएको), ठेगाना : किर्तिपुर न.पा. १, काठमाडौं, बाबु : कमल बहादुर बस्नेत, बाजे : आलोक बहादुर बस्नेत<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**अनिता बस्नेत-जमानीकर्ता** (ना.प्र.नं. २११००१/२२३०, मिति २०६४/०६/१३ मा जि.प्र.का. रामेछापबाट जारी भएको), पति : यमक बहादुर बस्नेत, ससुरा : कमल बहादुर बस्नेत | अनिता बस्नेतको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, किर्तिपुर गा.वि.स./न.पा. वडा नं. १६ स्थित कि.नं. ११२(९५.३७ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय नयाँ बानेश्वर, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा |
| २ | **ऋणी : ह्याण्ड फेल्ट आर्ट एण्ड बुटिक (विविध कर्जा)-शाखा कार्यालय न्युरोड,** प्राइभेट फर्म दर्ता नं. : ८९९४, ठेगाना : कागेश्वरी मनोहरा ०६, मुलपानी काठमाडौं<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अमृत भण्डारी-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १९१६६/५३४१/०४४, मिति २०५९/०७/०७ मा जि.प्र.का.सुनसरी, धरानबाट जारी भएको) बाबु : राजेन्द्र भण्डारी, बाजे : रामचन्द्र भण्डारी<br>**२. प्रनिशा कार्की-जमानीकर्ता** (ना.प्र.नं. २७-०१-७३-१५०५१, मिति २०७३/११/२३ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), पति : अमृत भण्डारी, ससुरा : राजेन्द्र भण्डारी | अमृत भण्डारीको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, साङ्ला गा.वि.स./न.पा. वडा नं. ५(क) स्थित कि.नं. ६५७(०-१४-०-० रोपनी) र कि.नं. ६५९(०-१०-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय न्यूरोड, काठमाडौं/सम्बन्धीत मालपोत नजिकको शाखा |
| ३ | **ऋणी : युवा फेसन प्रा.लि. (आवधिक कर्जा)-शाखा कार्यालय गोङ्गबु** दर्ता.नं. : १५५१६२/०७३/०७४, ठेगाना : का.म.न.पा. २९, काठमाडौं<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१.गणेश शाक्य- शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १२२८६/३०९९०, मिति २०५५/०१/२४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : पुष्प रत्न शाक्य, बाजे : पूर्ण रत्न शाक्य<br>**२.भगवती तामाङ-जमानीकर्ता** (ना.प्र.नं. ६/५१, मिति २०६१/१०/१९ मा जि.प्र.का. धादिङबाट जारी भएको), पति : गणेश शाक्य, ससुरा : पुष्प रत्न शाक्य | गणेश शाक्यको नाममा नुवाकोट जिल्ला मालपोत कार्यालय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, चौघडा गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३४६(०-८-०-० रोपनी) तथा ऐ.ऐ. वडा नं. ८ स्थित कि.नं. १०८०(०-१४-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय छोकडे, नुवाकोट/सम्बन्धीत मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

**नोट :**

**क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं/सम्बन्धीत शाखाबाट रु १०००/- तिरी लिन सकिनेछ।**

**ख) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।**

# नीलसागर आश्रममा सुबिसुको निःशुल्क वाइफाई

**काठमाडौं**/ इन्टरनेट सेवाप्रदायक कम्पनी सुबिसुले रजत जयन्तीका अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत नीलसागर सेवाश्रममा निःशुल्क वाइफाई जडान गरेको छ। कम्पनीले प्रदान गरेको वाइफाईले आश्रममा रहनेहरूका लागि समाज र संसारसँग जोड्ने महत्त्वपूर्ण माध्यम बन्ने बताइएको छ। सूचना, शिक्षा, मनोरञ्जन र आत्मीय सम्पर्कको अवसर प्रदान गर्दै उनीहरूको दैनिक जीवनलाई सहज बनाउने अपेक्षा गरिएको कम्पनीले जनाएको छ। नीलसागर सेवाश्रममा दुई सय ५० भन्दा बढी वृद्ध बुबाआमा तथा बालिकाहरू छन्।

रजत जयन्तीकै अवसरमा कम्पनीले देशका विभिन्न स्थानमा सेवा तथा राहत वितरण पनि गर्दै आएको छ। यसै वर्ष कम्पनीले वंशीराम जैसवाल अनाथ आश्रम, गरुडा तथा अमृता अनाथ आश्रम, कलैयामा राहत तथा आवश्यक सामग्री वितरण गरेको थियो।

त्यसैगरी, धादिङको बाहिरा विद्यालयमा निःशुल्क इन्टरनेट जडान गरी शिक्षा र प्रविधिलाई जोड्ने पहल गरिएको बताइएको छ। कम्पनीका अनुसार अहिलेको समयमा इन्टरनेट केवल सेवा मात्रै नभएर अवसर पनि हो। डिजिटल पहुँचमार्फत समाज विकासमा योगदान पुऱ्याउन विभिन्न सहयोग गर्दै आइएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत विनयमोहन साउदले भने, 'सुबिसुले २५ वर्षे यात्रामा प्रविधि विस्तार मात्र होइन, समाजप्रतिको जिम्मेवारीलाई पनि सँगसँगै अघि बढाउँदै आएको छ। हाम्रो लक्ष्य मानिस र सम्बन्धलाई जोड्नु हो। यस्ता सिएसआर पहल हाम्रो मूल्य र प्रतिबद्धताका प्रतिबिम्ब हुन्।'

# डिप्रोक्स लघुवित्तको वित्तीय तथा डिजिटल साक्षरता



**काठमाडौं**/ डप्रोक्स लघुवित्तले वित्तीय तथा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। लघुवित्तले इसेवाको आयोजनामा आफ्ना सयभन्दा बढी सदस्यलाई वीरगन्ज, पर्सामा डिजिटल साक्षरता तथा इसेवामार्फत किस्ताबन्दी भुक्तानीसम्बन्धी एकदिने तालिम सञ्चालन गरेको हो।

तालिमको उद्देश्य सदस्यमा वित्तीय तथा डिजिटल सचेतना अभिवृद्धि गर्नु, सुरक्षित र भरपर्दो डिजिटल कारोबार प्रवर्द्धन गर्नु रहेको बताएको छ। लघुवित्तका सदस्यले डिजिटल भुक्तानी प्रणालीको प्रयोग, सुरक्षा सावधानी तथा वित्तीय व्यवस्थापनसम्बन्धी जानकारी पाएको बताए। वित्तीय व्यवस्थापनमा सकारात्मक सोच प्राप्त भएको र सोहीअनुरूप डिजिटल वित्तीय सेवा प्रयोग गर्ने पनि उनीहरूले बताए।

ग्लोबल आइएमई बैंकको १९औँ वार्षिकोत्सव

# सामाजिक उत्तरदायित्वका १९ कार्यक्रम घोषणा



**काठमाडौं**/ ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १९औँ वार्षिकोत्सवलाई विशेष बनाउँदै संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत १९ वटा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। यस अवसरमा बैंकले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वित्तीय साक्षरता तथा मानवीय सहयोग, आयआर्जन अभिवृद्धिलाई प्राथमिकता दिने जनाएको छ। दुर्गम क्षेत्र, गरिब, विपन्न तथा न्यून आय भएका समुदायलाई लक्षित गरी यी कार्यक्रम देशव्यापी रूपमा सञ्चालन गरिने बताइएको छ। साथै, सातवटै प्रदेशमा १४ वटा निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

त्यसैगरी, सात प्रदेशका सात स्थानमा बृहत् आँखा जाँच तथा मोतीयाविन्दु शल्यक्रिया शिविर आयोजना गर्ने पनि बैंकले जनाएको छ। यसका साथै बैंकले सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत १५ सय गरिब, विपन्न तथा न्यून आय भएका विद्यार्थीको आँखा जाँच गरी आवश्यक चस्मा निःशुल्क रूपमा वितरण गर्नेछ। सातवटै प्रदेशमा स्वास्थ्य शिविर पनि सञ्चालन गरी गरिब तथा न्यून आय भएका समुदायलाई स्वास्थ्य सेवा पुऱ्याउने बैंकले जनाएको छ।

शिक्षा क्षेत्रमा बैंकले गरिब तथा जेहेनदार छात्रालाई कक्षा ६ देखि १२ सम्म छात्रवृत्ति प्रदान गर्दै आएको छ। विगत पाँच वर्षमा एक सय ४० छात्रालाई लाभान्वित गरेको यो कार्यक्रम यस वर्ष थप ७७ जनासहित छात्रामा विस्तार हुने बताइएको छ।

त्यसैगरी, बैंकले अर्थशास्त्र, व्यवस्थापन तथा कानुन संकायमा उच्च शिक्षा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीलाई एमफिल तथा पिएचडी शोध, अनुसन्धानका लागि वित्तीय सहयोग प्रदान गर्नेछ भने मुख्य सहर रक्तदान कार्यक्रमका साथै आश्रम, बालगृहका बालबालिकालाई खाद्यान्न तथा अन्य सहयोग प्रदान गरिने बैंकले जनाएको छ।

# स्टार्टअपमा महिलालाई अवसर : मन्त्री सिन्हा




**काठमाडौं**/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले स्टार्टअप क्षेत्रमा महिलाका लागि अवसर बढेको बताएका छन्। नीति रिसर्च प्रालिको आयोजनामा भएको एक कार्यक्रममा बोल्दै मन्त्री सिन्हाले पछिल्लो समय स्टार्टअप क्षेत्रमा महिलाका लागि ढोका खुलेको उल्लेख गरे।

कार्यक्रमका औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक उमेशकुमार गुप्ताले स्टार्टअप क्षेत्रमा महिलाको सहभागिता बढ्दो क्रममा रहेको बताए। कार्यक्रममा महिला उद्यमी महासंघ नेपाल (एफविन)की निवर्तमान अध्यक्ष शोभा ज्ञवालीले स्टार्टअप कर्जाले महिलालाई व्यवसाय सुरु तथा विस्तार गर्न सहज बनाएको बताइन्। यसलाई ग्रामीण तथा दुर्गम क्षेत्रमा पनि विस्तार गर्न सरकारसँग उनले माग गरिन्। नेपाल महिला चेम्बरकी उपाध्यक्ष आरुश्री शर्मा खतिवडाले विदेशमा काम गरेर फर्किएका व्यक्तिसमेत उद्यमशीलतामा आकर्षित भइरहेको अनुभव सुनाइन्।

नीति रिसर्च प्रालिका निर्देशक वासुदेव न्यौपानेले यो अन्तर्क्रिया केवल औपचारिक छलफलमा सीमित नभई महिला उद्यमशीलता प्रवर्द्धन, आत्मनिर्भरता अभिवृद्धि र समावेशी आर्थिक विकासतर्फको महत्त्वपूर्ण पहल भएको बताए।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय भोर्लेटार, लमजुङ
फोन नं. ०६६-४१०००२

को

## तपसिलका कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०९/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७६/०९/१४ मा दर्ता नं. १५३०१४/०७६/७७ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३, स्थित चैतन्य ट्रेड कन्सर्न प्रोप्राइटर: बैकुण्ठ खोटेजा

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कुल नारायण खोटेजाको नाति, जन्म नारायण खोटेजाको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको बैकुण्ठ खोटेजा (ना.प्र.प.नं. ५८९२, भक्तपुर)
२. जन्म नारायण खोटेजाको नाति, बैकुण्ठ खोटेजाको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको राजेश खोटेजा (ना.प्र.प.नं. २९३९२, भक्तपुर)
३. बैकुण्ठ खोटेजाको बुहारी, राजेश खोटेजाको पत्नी, भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १७ स्थित स्थायी ठेगाना भएको मंगल लक्ष्मी सिन्ताकल (ना.प्र.प.नं. २३३९३, भक्तपुर)

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. मंगल लक्ष्मी सिन्ताकलको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ४ स्थित कित्ता नं. ८६५ को क्षेत्रफल १-१३-३-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. यस बैंकको हितमा गरिएका मौज्दात (Stock) को हाइफोथिकेसन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०२/३१ मा दर्ता नं. ८३९८०/०६७/०६८ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १३, बाफल स्थित अक्सफोर्ड एडभान्स इन्जिनियरिङ्ग कलेज प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. पशुतिनाथ धिमिरेको नाति, शान्ति लाल धिमिरेको छोरा, सिन्धुली जिल्ला, साबिक हत्पते गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको ध्रुव प्रसाद धिमिरे (ना.प्र.प.नं.: ११७८५/४१४, सिन्धुली)
२. भाबे धिमिरेको नातिनी, जयश्वर धिमिरेको छोरी, बाग्लुङ जिल्ला, साबिक बिहुँकोट गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको पुजा कालिदास धिमिरे (ना.प्र.प.नं.: ५०-०१-७३-०१८८६, बाग्लुङ)
३. गोपाल महर्जनको बुहारी, गोबिन्द महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको सुनिता महर्जन (ना.प्र.प.नं.: ४७८६५, ललितपुर)
४. सिद्धि बहादुर अमात्यको नातिनी, नरेन्द्र बहादुर अमात्यको छोरी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. १८, स्थित स्थायी ठेगाना भएको निलिमा अमात्य (ना.प्र.प.नं.: १२३१३, ललितपुर)

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. सुनिता महर्जन र निलिमा अमात्यको संयुक्त नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ४ (सिट नं. ४/प) स्थित कित्ता नं. १४७ को क्षेत्रफल १-७-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. यस बैंकको हितमा गरिएका मौज्दात (Stock) को हाइफोथिकेसन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

**३. ऋणीको विवरण**

जित बहादुर श्रेष्ठको नाति, चन्द्र बहादुर श्रेष्ठको छोरा, भक्तपुर जिल्ला, बालकोट गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १२ बस्ने राज कुमार श्रेष्ठ (ना.प्र.प.नं. ३६/०४१, भक्तपुर)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. चन्द्र बहादुर श्रेष्ठको बुहारी, राज कुमार श्रेष्ठको पत्नी, भक्तपुर जिल्ला, बालकोट गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १२ बस्ने लक्ष्मी देवी श्रेष्ठ (ना.प्र.प.नं. ८००४, भक्तपुर)
२. रत्न बहादुर श्रेष्ठको नाति, पूर्ण बहादुर श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २७ स्थित स्थायी ठेगाना भएको रबि कृष्ण श्रेष्ठ (ना.प्र.प.नं. १०९३८, काठमाण्डौ)

**धितोमा रहेको सम्पत्तिको विवरण**

राज कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १२ स्थित कित्ता नं. १२८४ र १३३४ को क्रमशः क्षेत्रफल ०-१-१-३ र ०-१-१-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय भोर्लेटार, लमजुङ

**ऋणीको विवरण**

निलकण्ठ धिमिरेको नाति, पूर्ण चन्द्र धिमिरेको छोरा, लमजुङ जिल्ला, भोर्लेटार गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको सुरेश चन्द्र धिमिरे (ना.प्र.प.नं.१२४८, लमजुङ)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

पूर्ण चन्द्र धिमिरेको बुहारी, सुरेश चन्द्र धिमिरेको पत्नी, तनहुँ जिल्ला, मनपाङ गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको राधा देवी वाग्ले (ना.प्र.प.नं. ७/३५७, तनहुँ)

**धितोमा रहेको सम्पत्तिको विवरण**

सुरेश चन्द्र धिमिरेको नाममा मालपोत कार्यालय, लमजुङको लगतमा दर्ता श्रेस्ता कायम रहेको लमजुङ जिल्ला, भोर्लेटार गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ६३९ को क्षेत्रफल ०-११-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०९/२२ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय भोर्लेटार, लमजुङबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/०९/२८ गते सोमबार कार्यालय समय भित्र यस बैंकको सम्बन्धित कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/०९/२९ गते मंगलबार यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय भोर्लेटार, लमजुङमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

## परवानीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०८२/०९/२२ गते)

यस परवानीपुर गाउँपालिकाबाट नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०८/१६ मा निम्न लिखित योजनाको कार्य गर्नको लागि प्रथम पटक विधुतिय बोलपत्र मार्फत सूचना प्रकाशित भएकोले उक्त बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र (३)एवं ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारी को लागि यस ७(सात)दिने सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र/ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नामतथा ठेगाना | कबोल अंक रु. (मु.अ.कर र पिएस. बाहेक |
|---|---|---|---|
| PRM/W/03/2082-083 | Gaupalika Bhawan Thap Nirman. | Pintu Construction. Auraha -7 parsa. | 2955567.66 |

प्रमुख प्रशासकिय अधिकृत

## Nepal Electricity Authority
### Invitation for Electronic Bids

(Date of publication 6th January, 2026 (22/09/2082))

| Name of Office | Tender No./Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Sudurpaschim Province Office, Attariya, Kailali (Tel.No.099-551173) | NEA/SPO-2082/083-SQ-02-TRANSFORMER | Transportation, Installation, Testing and Commissioning of 33/11KV, 20/24MVA Power Transformer at Dhangadhi Substation |
| Tanahu Distribution Centre, (Tel.No. 065-563242) | NEA-TDC-082/83-SQ-04(Rech) | Relocation of 11/0.4/0.23 KV electrical Structure in Bhanu (Chambas, Turture, Panchsayphat, Baliphant) for project of widening and upgrading of Dumre-Besisahar Road |
| Arghakhanchi Distribution Center, ( Tel.No:- 077-420394) | NEA/ADC/2082/083-SQ-01-RE | SUPPLY AND DELIVERY OF ELECTRICAL LINE TOOLS AND MATERIALS |
| | NEA/ADC/2082/083-SQ-02-RE | SUPPLY AND DELIVERY OF STATIONERY MATERIALS |
| Jorpati Distribution Centre, (Tel. No:-01-4451437) | NEA/JDC/2082/083/SQ-01 | स्टेशनरी तथा छपाईका सामान सप्लाई गर्ने कार्य। |
| | NEA/JDC/2082/083/SQ-3 | जोरपाटी वितरण केन्द्रको एल.टि./एच.टि. लाईन र ट्रान्सफर्मर स्तरोन्नति तथा लाइन विस्तार कार्ये कार्य। |
| | NEA/JDC/2082/083/SQ-4 | जोरपाटी वितरण केन्द्रको एल.टि./एच.टि. लाईन र ट्रान्सफर्मर स्तरोन्नति तथा लाइन विस्तार कार्ये कार्य। |
| | NEA/JDC/2082/083/SQ-5 | जोरपाटी वितरण केन्द्रको एल.टि./एच.टि. लाईन र ट्रान्सफर्मर स्तरोन्नति तथा लाइन विस्तार कार्ये कार्य। |
| Kuleshwor Distribution Centre, (Tel. No:-01-5378449) | NEA-KDC-2082/083-AUC-01 | Auction Sale of Obsolete and Unusable Materials. |
| Chameliya Hydropower Station, Darchula (Tel. No:-9858787310) | NEA-CHEPS-2082/083-CSQ-01 | Repair and Maintenance of Boundary wall in Powerhouse and Substation premises at Chameliya Hydropower Station. |
| Trishuli Hydropower Station, Nuwakot (Tel. No:-01-0560423) | NEA-THPS-2082/083-MSQ-02 | Repair, Maintainance and Rebabbiting of different types of Bearings of Trishuli Hydropower Station. |
| | NEA-THPS-2082/083-MST-01 | Repair of Runners, Guide Vanes and Guide Vane Arms of Different Units |
| Anarmani Distribution Centre, (Tel. No:-023-531594) | NEA-ANM-2082/083-02 Re(SQ) | Supply and Delivery of Line Materials Items. |
| Rajbiraj Distribution Centre, (Tel.No.-031-530459) | NEA-RBDC-2082/083-SQ 01 | Supply and delivery of stationery materias and miscellaneous items. |
| | NEA-RBDC-2082/083-SQ 02 | Supply and delivery of electrical goods and miscellaneous items. |

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

## राष्ट्रिय सभाका...

पृष्ठ १ बाट क्रमशः

कार्यतालिका रहे पनि दलहरूले सोमबार रातिसम्म सिट बाँडफाँट टुंग्याएका छैनन् । तर, विभिन्न चरणमा छलफल भइरहेको र मनोनयनपूर्व टुंगिने आफैं प्रतिस्पर्धी र आफैं साझेदार बन्ने प्रयासमा रहेका दलका उच्च नेताहरूले बताएका छन् ।

११ माघमा १८ सिटका लागि हुने निर्वाचनमा सिट बाँडफाँटका लागि प्रमुख तीन दल कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच 'नीतिगत सहमति' जुटिसकेको छ । संख्या टुंग्याउन शीर्ष तथा दोस्रो तहका नेताहरूबिच चरणबद्ध छलफल जारी छ । यसमा मधेसकेन्द्रित जसपा नेपाललाई पनि सामेल गर्ने तयारी छ ।

अहिलेसम्मका अनौपचारिक छलफलमा कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखक, एमाले अध्यक्ष केपी ओली र महासचिव शंकर पोखरेल तथा नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्ड र नेता वर्षमान पुनलगायत सामेल छन् । राष्ट्रिय सभाबारे छलफल गर्न कांग्रेसले मंगलबार केन्द्रीय कार्यसम्पादन समिति र एमालेले केन्द्रीय सचिवालय बैठक बोलाएका छन् । नेकपाले पनि शीर्ष नेताहरूबिच छलफल गर्नेछ ।

सम्भावित गठबन्धनबारे दलका बैठकमा समेत छलफल थालिएको छ । पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले राष्ट्रिय सभा निर्वाचनमा एमाले, नेपाली कम्युनिस्ट पार्टी र मधेशी मोर्चाका दलसँग छलफल भइरहेको ब्रिफिङ गरेका छन् । संविधान बनाउने र रक्षा गर्ने शक्तिहरू मिलेर जानुपर्ने अवस्था रहेको उनले बैठकमा सुनाएका छन् ।

'हुन त एक्लाएक्लै लड्दा पनि कांग्रेसको पोजिसन राम्रै हुन्छ । यदि, हामीले तालमेल नगर्ने र अरूले तालमेल गर्ने स्थिति बन्यो भने नतिजा राम्रो आउँदैन । त्यसैले सहमतिमै अगाडि बढ्नुपर्ने अवस्था छ,' खड्काको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'फेरि अहिले संविधान निर्माण गर्ने र रक्षा गर्ने शक्तिहरू मिल्नुपर्ने अवस्था पनि छ । कांग्रेसको आठ-नौ सिट हुने गरी छलफल अघि बढेको छ । छलफल गर्दै जाँदा त्यसमा केही तलमाथि हुन सक्छ ।' खड्काले एक चरणमा दलहरूसँग छलफल भएको र थप छलफल गरेर केन्द्रीय कार्यसमितिको मंगलबारको बैठकले निर्णय गर्ने बताएका छन् ।

बैठकपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले राष्ट्रिय सभा निर्वाचनमा प्रमुख दलहरूबिच न्यूनतम सहमति गरेर जाने बताए । 'नेतृत्व तहबाट कुराकानी भइरहेको छ । दलहरूसँगको छलफलको आधारमा भोलि (मंगलबार)को बैठकबाट निर्णयमा पुग्छौं,' महतले भने ।

यस्तै, एमाले सचिव डा. राजन भट्टराईले मधेशकेन्द्रित दललाई समेत साथमा लिएर एमाले, नेकपा, कांग्रेसबिच राष्ट्रिय सभा निर्वाचनमा सहमति निर्माणको प्रयास भइरहेको बताए । 'तीन दल र मधेशकेन्द्रित दलहरूसमेतको सहमतिमा राष्ट्रिय सभामा सिट बाँडफाँटका विषयमा छलफल भइरहेको छ,' भट्टराईले भने, 'यसले संविधान पक्षधर शक्तिहरू एक ठाउँमा छन् भन्ने सन्देश दिनेछ र प्रमुख दलहरू एक ठाउँमा उभिँदा भविष्यमा संविधान संशोधन गर्ने वेलामा पनि सजिलो हुनेछ ।'

नेकपाका नेता देव गुरुङले सिट बाँडफाँट गरेर जाने विषयमा सहमतिमा पुग्न बाँकी रहेको बताए । 'हाम्रो संयोजकले चुनावी वातावरणलगायतका बारेमा दलका शीर्ष नेताहरूसँग छलफल गरिरहनुभएको छ । तर, राष्ट्रिय सभामा सिट तालमेलका विषयमा ठोस रूपमा छलफल पनि हुन बाँकी छ,' गुरुङले नयाँ पत्रिकासँग भने । नेकपाका अर्का नेताले भने प्रमुख दलहरूबिच नीतिगत सहमति भएको, सिट संख्यामा बाँकी रहेको बताए ।

लोसपा नेपालका महासचिव डा. सुरेन्द्र झाले राष्ट्रिय सभामा चुनावी तालमेलबारे दलहरूबिच छलफल भइरहेको बताए । 'हामी तालमेल गरेर जान्छौं । यसबारेमा नीतिगत सहमति छ,' उनले भने, 'छिट्टै हामी टुंग्याउँछौं ।'

राजनीतिशास्त्री प्रा. कृष्ण पोखरेलले भविष्यमा चुनावी तालमेलका लागि विश्वास बनाउन अहिले सिट बाँडफाँट गर्न खोजेको हुन सक्ने बताए । 'राष्ट्रिय सभाका मतदाता दलहरूका नियन्त्रित व्यक्ति हुन्, आममतदाता होइनन् । यो जनमतसँग प्रत्यक्ष जोडिएको निर्वाचन पनि होइन । त्यसकारण यसमा सिट बाँडफाँट वा गठबन्धनलाई ठिक वा बेठिक भन्नु आवश्यक छैन,' उनले नयाँ पत्रिकासँग भने, 'तर, प्रमुख दलहरूले भविष्यमा चुनावी तालमेलका लागि आपसमा सद्भावको वातावरण बनाउन अहिले सिट बाँडफाँट गर्न लागेका हुन सक्छन् । अहिलेका ठुला दलहरूमा आसन्न प्रतिनिधिसभा निर्वाचनमा नयाँ दलहरूसँग हारको डर छ । यही मनोविज्ञानले गर्दा उनीहरूले भविष्यमा तालमेलको मार्गप्रशस्त गर्ने आधार बनाउन लागेका छन् । अबको चुनाव उनीहरूका लागि निकै नै चुनौतीपूर्ण नै छ ।'

२१ फागुनमा राष्ट्रिय सभाका १९ सांसदको पदावधि सकिँदै छ । जसमध्ये १८ जनाको निर्वाचन हुनेछ भने एकजना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुनेछन् । एमालेका आठ, तत्कालीन माओवादी केन्द्रका सात, तत्कालीन एकीकृत समाजवादीका एक, जनता समाजवादी पार्टी नेपालका एक र लोकतान्त्रिक समाजवादी पार्टीका एकजनाको पदावधि सकिँदै छ । जसपा नेपाल र लोसपा नेपालबिच एकता भइसकेको छ ।

निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि २३ पुस बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने कार्यतालिका राखेको छ । त्यस्तै, २४ पुसमा दिउँसो ४ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, २७ पुसमा दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो २ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने आयोगको कार्यतालिका छ । राष्ट्रिय सभा निर्वाचनका लागि प्रदेश सभा सांसद, महानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुन् ।

## मोबाइल...

पृष्ठ १ बाट क्रमशः

डिज्नीलगायतसँग रहेको दाबी गर्दै लगानी गर्दा मनग्य आम्दानी हुने र सदस्य बनाएबापत कमिसन पनि मिल्ने प्रलोभन बाँड्दै ठगी गरेका हुन् ।

ठगीमा संलग्न रहेको आरोपमा प्रहरीले जियाङ र सायरासहित ११ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्ने अन्यमा रामेछापका २१ वर्षीय मिलन श्रेष्ठ, तनहुँका १९ वर्षीय सौगात थापा, नुवाकोटका ३३ वर्षीय वीरबहादुर तामाङ, चितवनका २३ वर्षीय सोनम खातुन, काठमाडौं टोखाकी २३ वर्षीया मोनिका गुरुङ, धादिङकी २१ वर्षीया गीता गुरुङ, बाराका ६७ वर्षीय रामनिवासप्रसाद कलवार, २३ वर्षीया प्रिया केसी र पर्साका ३७ वर्षीय नासिर मियाँ अन्सारी छन् । साइबर ब्युरोबाट खटिएका प्रहरी टोलीले उनीहरूलाई देशका विभिन्न ठाउँबाट पक्राउ गरेको हो ।

'मोबाइल एपमार्फत २५५ युवाको १२ करोड आठ लाख १६ हजार ३७२ रुपैयाँ ठगी गर्ने गिरोहका ११ सदस्यहरू पक्राउ परेका छन् । उनीहरूले संगठित रूपमा नेटवर्क बनाएर युवाबाट रकम असुलेको देखिन्छ । घटनाको अनुसन्धान जारी छ,' ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थीले भने ।

एसपी अवस्थीका अनुसार ठगीका मुख्य योजनाकार जियाङ हुन् । उनकै योजनामा पर्साको वीरगन्ज महानगरपालिका- ४ की ६६ वर्षीया सायराको नाममा कम्पनी रजिस्ट्रारको कार्यालयबाट कम्पनी खडा गराएका थिए । युवाहरूलाई विश्वास दिलाउन चितवनको खैरहनी नगरपालिका- ६ मा कार्यालयसमेत खोलेका थिए । सोही कार्यालयमार्फत 'एसएमसी' एपमार्फत मनग्य कमाउन सकिने प्रलोभन दिने, सदस्य बनाउने र रकम डिपोजिट गर्न उक्साउने गर्थे । डिपोजिटकर्तालाई सुरुमा कबुल गरेअनुसार कमिसनसहित मुनाफा पनि दिन्थे । जब, कुनै व्यक्तिले ठुलो लगानी गर्थ्यो, त्यसपछि रकम दिन बन्द गरिदिएर ठगी गरेको एसपी अवस्थीले बताए ।

प्रहरीका अनुसार गिरोहले सुरुमा सम्पर्कमा आएका सदस्यलाई मोबाइलमा 'एसएमसी' एप डाउनलोड गर्न लगाउँथ्यो । एप इन्स्टलपछि लगअन गर्न सिकाउँथ्यो । लगअनलगत्तै एपमा के-१ देखि के-९ सम्मका विभिन्न स्किम डिस्प्ले हुन्थ्यो । सोही स्किमको अर्कोतर्फ आम्दानीका विभिन्न श्रेणी देखिन्थ्यो । नयाँ सदस्यका लागि लगानी अनिवार्य थिएन । तर, उसलाई विश्वप्रसिद्ध फिल्म कम्पनी युनिभर्स, वार्नर ब्रोज, डिज्नीलगायतको विज्ञापन हेरिदिनुपर्ने सर्त राखिन्थ्यो । यसबापत दैनिक ९५ रुपैयाँ कमाइ हुने भन्दै रकम लिन एपमै खाता खोल्न लगाइन्थ्यो । सुरु-सुरुमा गिरोहले खातामा रकम जम्मा पनि गरिदिन्थ्यो । अब विश्वासमा परेपछि उसले लगानी गर्न पनि सुरु गर्थ्यो । नयाँ ग्राहक खोजे १२ प्रतिशतसम्म कमिसन दिने प्रलोभनमा नयाँ युवा खोज्न प्रेरित पनि गर्थ्यो ।

एपमा भएको डिस्प्ले चार्टअनुसार के- १ तहका लगानीकर्ताले एप्समा तीन हजार रुपैयाँ लगानी गर्न सक्थ्यो । यसबापत उसले दैनिक १०० रुपैयाँ आम्दानी गर्थ्यो । यदि उसले पाँचजना नयाँ ग्राहक खोले थप २० पोइन्टसम्मको कमिसन दिइन्थ्यो । त्यस्तै, के-२ का लागि नौ हजार ९००, के-३ का लागि ३३ हजार ८००, के-४ का लागि एक लाख १० हजार, के-५ का लागि तीन लाख पाँच हजार, के-६ का लागि नौ लाख ६० हजार, के-७ का लागि २६ लाख ८० हजार, के-८ का लागि ७५ लाख र के-९ का लागि एक करोड लगानी निर्धारण गरिएको थियो । तोकिएको टास्क पूरा गरे के- ९ का लगानीकर्ताले प्रतिमहिना दुई करोड ५२ लाखसम्म आम्दानी गर्न सक्ने भनिएको थियो ।

तर, प्रोत्साहित भएर लगानी गरेका युवालाई सुरुमा केही मुनाफा दिएर पछि कार्यालय नै बन्द गरी सम्पर्कविहीन भएको प्रहरी बताउँछ । 'ग्राहकलाई विश्वासमा पार्न गिरोहले कम्पनी रजिस्ट्रारको कार्यालयबाट प्रमाणपत्र पनि लिएको देखिन्छ । सोही आधारमा चितवनमा कार्यालय नै खोजेर एपको प्रवर्द्धन गरेको देखिन्छ । राम्रो नाफा हुने प्रलोभनमा युवाले लगानी गरेको र सुरुमा केही मुनाफा बाँडेपछि कार्यालय नै बन्द गरेर सम्पर्कविहीन भएको देखियो । यसरी उनीहरूले धेरै युवालाई ठगेको देखिन्छ ।'

ब्युरोका अनुसार एपमा हालसम्म ७० हजार युवा सदस्य रहेको देखिएको छ । यस आधारमा ठगिनेको संख्या अझ धेरै हुन सक्ने प्रहरीको भनाइ छ ।

## समानुपातिक...

पृष्ठ १ बाट क्रमशः

देखियो । सच्याउन दललाई सूचित गरेका छौं,' उनले भने । २१-२७ पुससम्म दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी पेस गर्ने समय तोकिएको छ ।

### निर्वाचन कार्यतालिकामा के छ ?

त्रुटिहरू सच्याएर दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी २७ पुसमा आयोगमा बुझाउनुपर्नेछ । २८ पुसमा उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो उम्मेदवारको बन्दसूचीबाट नाम फिर्ता लिन चाहेमा निवेदन दिन पाउनेछन् । २९ पुसमा उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारले नाम फिर्ता लिएको जानकारी सम्बन्धित दललाई दिने भनिएको छ । ३० पुसदेखि २ माघसम्म उम्मेदवारले नाम फिर्ता लिएको कारण रिक्त हुन आएको स्थानमा सोही समूहको अर्को उम्मेदवारको मनोनयन गरी मनोनीत उम्मेदवारको नामावली सम्बन्धित दलले आयोगमा पेस गर्ने कार्यतालिका छ ।

४ माघमा उम्मेदवारको बन्दसूचीको नामावली प्रकाशन गर्ने, ५-१० माघसम्म उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यतासम्बन्धी दाबी-विरोध गर्न निवेदन दिने, ११-१७ माघसम्म दाबी-विरोधको निवेदनउपर जाँचबुझ र निर्णय गर्ने, १९ माघमा उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र २० माघमा उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम छ ।

### ५८ चिह्नमा ६४ दलको बन्दसूची

आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार ६४ दलले ५८ चुनाव चिह्नमा समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूची पेस गरेका छन् । ६४ मध्ये ५४ वटा दलले आ-आफ्नो निर्वाचन चिह्न र १० वटा दलले चारवटा एकल चिह्नमा भाग लिने गरी बन्दसूची पेस गरेका छन् । प्रतिनिधिसभामा ११० सदस्य रहने समानुपातिक निर्वाचनका लागि ६४ दलले ३४२४ उम्मेदवारको नाम राखेर बन्दसूची बुझाएका छन् ।

### धरौटीबाटै ३० लाख आम्दानी

निर्वाचन आयोगले समानुपातिक बन्दसूची धरौटीबापत ३० लाख रुपैयाँ आम्दानी गरेको छ । समानुपातिक बन्दसूची बुझाउन ६० दलले ५० हजार रुपैयाँका दरले धरौटी रकम आयोगमा दाखिला गरेका थिए । यसमध्ये कागजात जुटाउन नसकेर बन्दसूची बुझाउन नपाएको राष्ट्रवादी युवा मोर्चाले रकम फिर्ता गरिदिन आयोगमा निवेदन दिएको छ । यद्यपि रकम फिर्ता भइसकेको छैन ।

यसैगरी, धरौटी बुझाएको उज्यालो नेपाल पार्टीले अन्तिम समयमा रास्वपासँग एकता भएपछि बन्दसूची बुझाएन । धरौटी ६० दलले बुझाए पनि बन्दसूची ५८ दलले बुझाएका छन् ।


**त्रुटी सुधार गरिएको सूचना**

मिति २०८२/०९/२१ गते प्रकाशित मोदी गाउँपालिकाको ढुंगा बालुवा गिटी रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सूचनामा प्रथम पटक प्रकाशित मिति २०८२/०९/२१ हुनुपर्नेमा २०८१/०९/२१ भएको तथा चालु आ व २०८२/०८३ हुनुपर्नेमा २०८१/०८२ भएको हुँदा त्रुटी सुधार गरिएको छ ।

**महालक्ष्मी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
५ नं वडा कार्यालय, टिकाथली, ललितपुर, बागमती प्रदेश, नेपाल
**घर नक्सा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना**

महालक्ष्मी नगरपालिका वडा.नं. ५ साविक टिकाथलीं वडा.नं ३ स्थित मोरंग, कोसेली ४ बस्ने लक्ष्मी खत्री खड्काको नाममा दर्ता प्रमाणीत भएको टिकाथली गा.वि.स वडा.नं ३ कित्ता.नं.३१७ को क्षेत्रफल १५१.७७ व.मी जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि महालक्ष्मी नगरपालिका कार्यालयमा घर निर्माण गर्न अनुमति पाउं भनी दिनु भएको निबेदन अनुसार नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको र उक्त सूचना अवधिभर दक्षिण कि.नं २९३ र पूर्व २३६ को संधियार फेला नपरेकाले फेरीपनि थप १५ दिने यो सूचना यस राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ । यदि केही उजुरबाजुर भएमा यसै सूचनालाई आधार मानी महालक्ष्मी नगरपालिका नगरपालिकाको कार्यालय वडा.नं ५ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**महालक्ष्मी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
६ नं वडा कार्यालय, सानागाउँ, ललितपुर, बागमती प्रदेश, नेपाल
**घर नक्सा पास सम्बन्धमा जारी भएको सार्वजनिक सूचना**

महालक्ष्मी नगरपालिका वडा.नं. ६ साविक सानागाउं वडा.नं १ स्थित आर.एस.बिल्डर्सको नाममा दर्ता प्रमाणीत भएको सानागाउं गा.बि.स वडा.नं १ कित्ता.नं.४६७७ क्षेत्रफल १०१.३४ व.मी जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि महालक्ष्मी नगरपालिका कार्यालयमा घर निर्माण गर्न अनुमति पाउं भनी दिनु भएको निबेदन अनुसार नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको र उक्त सूचना अवधिभर कि.नं पूर्व कि.नं २९१२ को संधियार फेला नपरेकाले फेरीपनि थप १५ दिने यो सूचना यस राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ । यदि केही उजुरबाजुर भएमा यसै सूचनालाई आधार मानी महालक्ष्मी नगरपालिका नगरपालिकाको कार्यालय वडा.नं ६ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।


## टिकटक भिडियोको...

पृष्ठ १ बाट क्रमशः

सिडिओ भोला दाहालले बताए । पूर्वमा बाइपास रोड, पश्चिममा सिर्सिया पुल, उत्तरमा पावर हाउस चोक र दक्षिणमा शंकराचार्य गेटसम्म कुनै किसिमको भेला, सभा, जुलुस तथा प्रदर्शन गर्न नपाउने गरी कर्फ्यु आदेश जारी गरिएको छ । यो अवधिमा भेला, सभा, जुलुस तथा प्रदर्शन गर्न नपाइने र आदेशको उल्लंघन भएमा नियन्त्रणमा लिई कानुनी कारबाही गरिने दाहालले बताए ।

रक्षाबन्धनबारे टिकटकमा नकारात्मक भिडियो पोस्ट गरेका १९ वर्षका दुई युवकलाई कारबाहीको माग गर्दै गत शनिबार बिहान ११ बजेतिर करिब तीन सय व्यक्ति धनुषाको सखुवा प्रहरी चौकी घेराउ गर्न पुगेका थिए । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता गणेश बमका अनुसार थोरै संख्यामा प्रहरी रहेको चौकीमा इलाका प्रहरी कार्यालय खजुरीबाट थप सुरक्षा पठाउनुपरेको थियो । आन्दोलनलाई सम्बोधन गर्दै खजुरी प्रहरीले दुई युवकलाई पक्राउ गरेर कारबाही प्रक्रिया अगाडि बढाएको थियो । तर, त्यसै वेला सखुवाकै मस्जिदमा तोडफोड र आगजनी भएको प्रवक्ता बमले बताए ।

प्रहरीका अनुसार टिकटकमा भिडियो पोस्ट गर्ने दुवै युवा प्रहरी नियन्त्रणमा छन् । त्यस्तै, मस्जिद तोडफोड र आगजनीमा संलग्न रहेको आरोपमा सखुवाकै एक युवकलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ भने अन्यको खोजी भइरहेको जनाएको छ । केही व्यक्तिले गरेको उच्छृंखल गतिविधिमाथि प्रहरीले कानुनी कारबाही थालिसक्दा पनि सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामा खलल पुऱ्याउन खोजिरहेको भन्दै सरोकारवालाहरूले चिन्ता जनाएका छन् । प्रहरीले पनि यस्ता व्यक्तिलाई कारबाही गर्ने जनाएको छ ।

'वर्षौंदेखि मिलेर बसेको समाजमा केही व्यक्तिले आफ्ना स्वार्थमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने काम गरिरहेका छन् । त्यस्ता व्यक्तिलाई कानुनी दायरामा ल्याउँछौं,' उनले भने ।

मधेश प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्ण र मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशको पहिचान शान्ति, सद्भाव र आपसी भाइचारा भएको स्मरण गराउँदै सबैलाई संयम र एकताको मार्ग अपनाउन अपिल गरेका छन् ।

### संवैधानिक पदाधिकारीसँग गृह मन्त्रालयको छलफल
## मधेशका सबै जिल्लामा सद्भाव समिति गठन गर्न निर्देशन

मधेशका जिल्लामा केही दिनयता सामाजिक सद्भाव खलबल्याउने गतिविधि भएपछि गृहमन्त्री ओमप्रकाश अर्यालले विभिन्न संवैधानिक आयोगका पदाधिकारी तथा कर्मचारीसँग छलफल गरेका छन् । सोमबार उनले मधेशी आयोग, मुस्लिम आयोग, थारू आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगलगायत निकायका पदाधिकारीसँग छलफल गरेका हुन् । छलफलपछि आयोगका पदाधिकारीले सामाजिक सद्भावका लागि संयुक्त रूपमा आह्वान गरेका छन् ।

संयुक्त विज्ञप्तिमा भनिएको छ, 'नेपाली समाज सदियौंदेखि आपसी सद्भाव, सहिष्णुता र एक-अर्काप्रति सम्मान कायम गर्दै विभिन्न जनजाति, संस्कृति, धर्म एवं सम्प्रदाय एक-आपसमा मिलेर बसेको समाज हो । तर, केही समययता तराई मधेशका केही स्थानहरूमा धार्मिक सहिष्णुता खलल पार्ने क्रियाकलाप देखिएकाले सबै धार्मिक सम्प्रदायबिच आपसी सद्भाव र मैत्री कायम गर्न सम्बद्ध सबैमा संयुक्त रूपमा हार्दिक अपिल गर्दछौं ।' विज्ञप्ति जारी गर्नेहरूमा मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह, थारू आयोगका कार्यवाहक अध्यक्ष सुबोधसिंह थारू, मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमदिन अली, मधेशी आयोगका सदस्य आभाकुमार सिंह, थारू आयोगका सदस्य भोलिराम चौधरी, मुस्लिम आयोगका सदस्य मिर्जी अरसन वेग र मोहम्मद समसुल हक छन् ।

सोमबार गृह मन्त्रालयमा भएको छलफलमा गृहमन्त्री अर्यालले धनुषा र पर्सामा भएका केही धार्मिक सद्भाव र सहिष्णुतामाथि खलल पुऱ्याउने घटनामा गम्भीर ध्यानाकर्षण जनाउँदै तत्काल सद्भाव र सहअस्तित्वको समेत रक्षा हुने गरी समाजमा हिंसा भड्किन नदिन सबै पक्षसँग आग्रह गरेका थिए । गृह प्रशासन र संघीय सरकारको तहबाट गरिनुपर्ने सबै खालका सुरक्षाका पूर्वतयारी र सजगता अपनाइएको उनको भनाइ छ । अर्यालले एउटाको धर्म र सम्प्रदायलाई आज परेको पीडा भोलि आफ्नो समुदायमाथि पनि पर्न सक्ने भएकाले यस घटनालाई निस्तेज गर्न सबैले आ-आफ्नो ठाउँ र तहबाट जिम्मेवारीबोध गरी भूमिका निर्वाह गरिदिन आग्रह गरेका छन् । यस्तो अवस्थामा प्रदेश र स्थानीय सरकारहरूले पनि समन्वयात्मक भूमिका खेलिदिएर अवस्थालाई सामान्यीकरण गर्नुपर्ने उनको भनाइ छ ।

गृहमन्त्री अर्यालकै अध्यक्षतामा सोमबार मधेश प्रदेशसहितका २१ जिल्लाका सुरक्षा समितिका पदाधिकारी र सातै प्रदेशका प्रदेश प्रहरी प्रमुखहरूसँग 'जुम' बैठक भएको थियो । बैठकमा अर्यालले हाल मधेश प्रदेशका सिडिओ तथा प्रदेश प्रहरी प्रमुखसँग जिल्लाको शान्तिसुरक्षाको अवस्थाबारे ब्रिफिङ लिएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए । गृहले आइतबार पनि मुस्लिम अगुवासँग यसबारेमा छलफल गरेको थियो ।

सोमबार गृह मन्त्रालयले प्रेस विज्ञप्ति जारी गरी विभिन्न जातजाति, धर्म र सम्प्रदायबिच खलल पुऱ्याउने गतिविधि नगर्न आग्रह गरेको छ । त्यस्ता गतिविधिमा संलग्नलाई कारबाहीको दायरामा ल्याइसकिएको जनाउँदै सामाजिक सञ्जालमार्फत पनि अरूको धर्म तथा समुदायप्रति द्वेष फैलाउने काम नगर्न गृहले सबैलाई आग्रह गरेको । सबै जिल्लामा सद्भाव समिति गठन गरी समन्वयात्मक बैठकहरू गर्न निर्देशन दिइएको पनि गृहप्रवक्ता काफ्लेले बताए ।


द.नं.: ३३/०५७/०५८ "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।" स्था.ले.नं.: ३००३२८६८०

**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.**
शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ०७७-०१-५०९३३२३, ५०९३४५५
ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

**यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ३५ (पैतिस) दिने सूचना**

प्रथम पटक प्रकाशित मिति २०८२।०९।२२

यस संस्थाबाट तपसिलका ऋणी सदस्यहरुले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तरगत लिनु भएको कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लंघन गर्नु भएकोले संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गरी मिति २०८१।०५।१२ गते र २०८१।१२।११ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरुलाई कर्जा तिर्न/बुझाउन आउने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा तिर्न बुझाउन कुनै कदम नचाल्नु भएको र संस्थाको सम्पर्कमा समेत नआउनु भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस संस्थाको लेना दिएको सम्पूर्ण रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ । उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रदेश सहकारी नियमावली २०७६ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थाको नाउँमा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी यस संस्थाको सम्पूर्ण लेनारकम असुल उपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराईन्छ । यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा ३६ औं दिनका दिन तथा सो दिन विदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम डाक बढावढबाट सो घर/जग्गा बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाले लेना रकमको साँवा ब्याज र हर्जाना संस्थालाई नबुझाए वा अपुग भएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका/भएका चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । यसै सूचनालाई आधारमानी सो घर जग्गा लिलाम बढावढबाट खरिद गरी लिने इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं. | ऋणीको बिवरण | फोटो | धित्तो विवरण |
|---|---|---|---|
| १ | कर्जा नं. : ००१L२००१४१५, ००१L२००१७६९; नाम : भीम बहादुर राई; बाजे : हैकम सिं राई; बाबु : सप्तरिषि राई; ठेगाना : खोटाङ जिल्ला, नुनथला-३, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर |  | भक्तपुर जिल्ला साविक चित्तपोल गा.वि.स. १(ख)को कि.नं. १९१९ को क्षेत्रफल ०-७-१-३ (२३६.४८ ब.मी.) जग्गा र भक्तपुर जिल्ला साविक भिमसेन गा. बि. स. वडा २ हाल मध्यपुर थिमि न.पा वडा नं. ७ साविक कि.नं. १४०२ हाल कि.नं. २१८ को सिट नं. १०२-११९०-०५ क्षेत्रफल २७४.८० ब.मी. को जग्गा र सो जग्गामा बनेको घर समेत । |
| | धन जमानीकर्ता नाम : दिनेश राई, ठेगाना : मोरङ जिल्ला साविक बयरवन गा.वि.स.-८, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर, बाजेको नाम : खड्ग बहादुर राई, बुबाको नाम : राज बहादुर राई | | |
| २ | कर्जा नं. : ००१L२००१४४०; नाम : नैन कला राई; ससुरा : सप्तरिषि राई; पती : भिम बहादुर राई; ठेगाना : खोटाङ जिल्ला, नुनथला-३, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर |  | भक्तपुर जिल्ला साविक भिमसेन गा. बि. स. वडा २ हाल मध्यपुर थिमि न.पा वडा नं. ७ को साविक कि.नं. १४०२ हाल कि.नं. २१८ को सिट नं. १०२-११९०-०५ क्षेत्रफल २७४.८० ब.मी. जग्गा र सो जग्गामा बनेको घर समेत । |
| | धन जमानीकर्ता नाम : दिनेश राई, ठेगाना : मोरङ जिल्ला साविक बयरवन गा.वि.स.-८, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर, बाजेको नाम : खड्ग बहादुर राई, बुबाको नाम : राज बहादुर राई | | |
| ३ | कर्जा नं. :००१L२००१६०६; नाम : पवित्रा राई; ससुरा : सप्त ऋषि राई; पती : भिम बहादुर राई; ठेगाना : खोटाङ जिल्ला, नुनथला-३, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर |  | भक्तपुर जिल्ला चित्तापोल गा.वि.स वडा १ ख को कि.नं. १९२४ क्षेत्रफल ०-५-३-२ (१८६.७८ ब.मी.) जग्गा |
| | धन जमानीकर्ता नाम : भिम बहादुर राई, ठेगानाः खोटाङ जिल्ला, नुनथला-३, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर, बाजेको नाम : हेकम सिं राई, बाबुको नाम : सप्तरिषि राई | | |
| ४ | कर्जा नं. : ००१L२००१६०५; नाम : दिनेश राई; बाजे : खड्ग बहादुर राई; बुबा : राज बहादुर राई; ठेगाना : मोरङ जिल्ला साविक बयरवन गा.वि.स.-८, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर |  | भक्तपुर जिल्ला साविक चित्तपोल १ (ख) को कि.नं. १९३८ को क्षेत्रफल ०-६-२-० (२०६.६८ ब.मी) को जग्गा । |
| | धन जमानीकर्ता नाम : भिम बहादुर राई, ठेगानाः खोटाङ जिल्ला, नुनथला-३, हाल मध्यपुर थिमि न.पा.-६, भक्तपुर, बाजेको नाम : हेकम सिं राई, बाबुको नाम : सप्तरिषि राई | | |

१) धितो लिलाम बढावढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशतले हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढावढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ । तर सूचनामा उल्लेख गरिएका ऋणीका घर/जग्गा पञ्चकृत मूल्य निर्धारण गरी लिलाम बिक्री गरिनेछ ।
२) लिलाम बढावढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ । नामसारी गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ ।
३) तोकेको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढावढ गरिनेछ ।
४) लिलाम बढावढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ ।
५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ ।
७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ । धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ ।
८) संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।
९) लिलाम बढावढ यस संस्थाको कार्यालयमा मिति २०८२ माघ २७ गते बिहानको १०:०० बजेदेखि दिनको ४:०० बजेसम्म हुनेछ ।



**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमौली, तनहुँको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/०९/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

**ऋणीको विवरण**

**१.** तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, तनहुँमा मिति २०५९/०८/२० मा प्रा.फ.र.नं. १४८९/०५९/०६० तथा आन्तरिक राजश्व कार्यालय पोखरामा मिति २०६६/०७/१० मा स्थायी लेखा नम्बर (PAN) ३०३७५३५८२ अन्तर्गत दर्ता कायम भएको **होटल पञ्चम** ।
**प्रोप्राईटर : मान कुमारी श्रेष्ठ**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. धन बहादुर श्रेष्ठको बुहारी, राज कुमार श्रेष्ठको पत्नी, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **मान कुमारी श्रेष्ठ** (ना.प्र.नं. २२७४, जारी मिति २०४७/०३/२१, जि.प्र.का. तनहुँ) । | २. बिल बहादुर श्रेष्ठको नाति, धन बहादुर श्रेष्ठको छोरा, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **राज कुमार श्रेष्ठ** (ना.प्र.नं. ४५०, जारी मिति २०३६/०९/१७, जि.प्र.का. तनहुँ) । |
| ३. धन बहादुर श्रेष्ठको नातिनी, राज कुमार श्रेष्ठको छोरी, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. ४३-०१-७२-०३०७८, जारी मिति २०७२/०४/३१, जि.प्र.का. तनहुँ) । | ४. धन बहादुर श्रेष्ठको नातिनी, राज कुमार श्रेष्ठको छोरी, तनहुँ जिल्ला, दमौली नगर/गाउँ पञ्चायत वडा नं. २ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ४ बस्ने **दुर्गा श्रेष्ठ** (ना.प्र.नं. ४३-०१-७४-०३४९३, जारी मिति २०७४/०४/२२, जि.प्र.का. तनहुँ) । |

**धितोको विवरण**

१. मान कुमारी श्रेष्ठ (ना.प्र.नं. २२७४, जारी मिति २०४७/०३/२१, जि.प्र.का. तनहुँ) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, साविक कर्लुङ गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ ख हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ स्थित कि.नं. ७०५ र ७०६ को क्षेत्रफल क्रमशः ०-५-२-० र ०-७-०-१ (रोपनी) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. होटल पञ्चमको स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| **२.** रामबहादुर बस्नेत क्षेत्रीको बुहारी, ज्ञान बहादुर बस्नेत क्षेत्रीको पत्नी, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **रिमा बस्नेत क्षेत्री** (ना.प्र.नं. ४३१००१/१११५६१, जारी मिति २०६५/०९/०७, जि.प्र.का. तनहुँ) । | खड्क बहादुर बस्नेतको नाति, जगत बहादुर बस्नेतको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **रामबहादुर बस्नेत क्षेत्री** (ना.प्र.नं. ७०७, जारी मिति २०४४/१०/०३, जि.प्र.का. तनहुँ) । |

**धितोको विवरण**

रिमा बस्नेत क्षेत्री (ना.प्र.नं. ४३१००१/१११५६१, जारी मिति २०६५/०९/०७, जि.प्र.का. तनहुँ) को नाममा दर्ता कायम भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको तनहुँ जिल्ला, साविक कर्लुङ गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६ ण हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १ स्थित कि.नं. २३ को क्षेत्रफल ०-३-१-३ (रोपनी) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : दमौली, तनहुँ
फोन नं. ०६५-५६४७९०
Website : www.siddharthabank.com

# राखेपको स्वीकृतिविना एन्फाले अघि बढायो निर्वाचन प्रक्रिया

## जिल्ला र प्रदेशपछि केन्द्रको निर्वाचन हुनुपर्ने राखेपले बताए पनि एन्फाले सोमबार सूचनामार्फत निर्वाचन प्रक्रिया अगाडि बढाएको छ

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद्को स्वीकृतिविना नै अखिल नेपाल फुटबल संघ (एन्फा)ले 'अर्ली इलेक्सन'को प्रक्रिया अघि बढाएको छ। एन्फाले सोमबार सूचना जारी गर्दै आगामी २८ माघमा हुने अर्डिनरी कंग्रेस (साधारणसभा) तथा एन्फा कार्यसमिति निर्वाचन ०८२/८६ को चारवर्षे कार्यकालका लागि सम्बन्धित सबै सदस्य संस्था तथा सरोकारवाला सहभागी हुन भनेको छ।

तर, राखेपका सदस्यसचिव रामचरित्र मेहताले भने एन्फाको निर्वाचनलाई आफूले अहिलेसम्म स्वीकृति नदिएको बताएका छन्। 'राखेपले अहिलेसम्म एन्फाको निर्वाचनलाई स्वीकृति प्रदान गरेको छैन,' मेहताले भने, 'हामी छलफलकै प्रक्रियामा छौं।' एन्फाका प्रवक्ता सुरेश शाहले राखेपबाट निर्वाचन गर्न वा नगर्न नभनेको बताए। एन्फाको सूचनामा ३ माघसम्म विभिन्न पदमा उम्मेदवारी दर्ता फाराम भरी संघको निर्वाचन समिति तथा एन्फा सचिवालयमा बुझाउन भनेको छ।

'उम्मेदवार बन्न चाहनेले २१ पुसदेखि देखि मनोनयन फाराम एन्फा सचिवालयमार्फत प्राप्त गर्न सकिनेछ,' एन्फाको सूचनामा भनिएको छ। एन्फाले राज्यको स्वीकृतिविना निर्वाचन गरे मान्यता नपाउने र अवैधानिक ठहर हुने सदस्यसचिव मेहताले जनाए। 'राखेपमा निर्वाचनसम्बन्धी डेटलाइनसहित पत्र आएको छ। हामीले विधि र विधानअनुसार निर्वाचन गर्न भनेका छौं,' उनले भने, 'राखेपको नियमावली तथा ऐनमा संघहरूको निर्वाचनसम्बन्धी कस्तो छ। त्यसको अध्ययन गर्नुपर्छ, सबै संघ आ-आफ्नो विधानअनुसार चल्नुपर्छ। विधानबाहिर जान मिल्दैन।'

लगातार विरोध भए पनि एन्फाका नेतृत्व पक्ष रोकिने स्थितिमा छैन। उसले निर्वाचनको कार्यतालिकासमेत सार्वजनिक गरी थप विवाद सिर्जना गरेको छ। एन्फाका



**एन्फाका प्रवक्ता सुरेश शाह भन्छन्–** हामीले राखेपसँग निर्वाचनका लागि अनुमति मागेका छौं। अहिलेसम्म राखेपले नगर्ने भनेको पनि छैन। यसअनुसारै निर्वाचनको प्रक्रिया अगाडि बढाएका हौं।

प्रवक्ता शाहले निर्वाचनसम्बन्धी राखेपले गर्न वा नगर्न नभनेको बताए। 'अहिलेसम्म राखेपले नगर्ने भनेर पनि हामीलाई भनेको छैन। यसअनुसारै हामीले प्रक्रिया निर्वाचनको अगाडि बढाएका हौं,' उनले भने।

१६ पुसमा एन्फाको कार्यसमिति बैठकले २८ माघमा चुनावी साधारणसभाको निर्णय गरेको थियो। एन्फाको असन्तुष्ट पक्षले अर्ली इलेक्सन गर्न नहुने मत राखेका थिए। उनीहरूले जिल्ला र प्रदेशपछि मात्र केन्द्रको निर्वाचन हुनुपर्ने जनाएका थिए। तर, पंकजविक्रम नेम्वाङको नेतृत्वले बहुमत सदस्यका आधारमा २८ माघमा झापामा निर्वाचनको मिति तोकेको हो। नेम्वाङको कार्यकाल आगामी ४ असारमा सकिँदै छ। एन्फाको निर्वाचन पाँच महिनाअगाडि हुन लागेको हो।

एन्फाका कार्यसमितिका उपाध्यक्ष विराटजंग शाही र सदस्य रूपेश अधिकारीले १७ पुसमा राखेपका सदस्यसचिव मेहतालाई निर्वाचन रोक्न मागसहित पत्र बुझाएका थिए।

१८ माघमा एन्फाका पूर्वअध्यक्ष गणेश थापाले पनि राखेपमा निर्वाचन रोक्नुपर्ने निवेदन राखेका छन्। राखेपका सदस्यसचिव मेहताले एन्फाले परिषद्बाट स्वीकृति लिएर मात्र निर्वाचन गर्नुपर्ने बताएका छन्। 'राखेप भनेको सबै संघमाथि नियन्त्रण राख्ने मुख्य नियमनकारी संस्था हो। उसैको अनुमतिविना निर्वाचन हुन्छ भने त्यसले कसरी अन्तर्राष्ट्रिय र राष्ट्रिय मान्यता पाउँछ भन्ने पक्ष छ,' उनले भने, 'सबै प्रक्रिया पूरा गरेपछि मात्र निर्वाचनको अनुमति दिन सकिन्छ। एन्फाले अहिलेसम्म अनुमति भने लिएको छैन।'

### २८ पुससम्म प्रतिनिधिका नाम पठाउनुपर्ने

एन्फाले जारी गरेको सूचनाअनुसार २८ पुस भित्र सबै संघले आसन्न चुनावी साधारणसभाका लागि मताधिकार प्राप्त प्रतिनिधिको नाम पठाउनु पर्ने छ। 'निर्वाचनमा सहभागी हुने एक मताधिकार र अर्का एक प्रतिनिधिको नामावली २८ पुससम्म एन्फा सचिवालयमा पठाउनुपर्नेछ,' एन्फाको सूचनामा उल्लेख छ। एन्फाले आफू आबद्ध ४९ जिल्ला फुटबल संघसहित ए, बी र सी डिभिजन क्लब, सातै प्रदेश फुटबल संघ, खेलाडी संघ, रेफ्री संघ, महिला संघ र प्रशिक्षक संघ, प्रेसिडेन्ट लिगका शीर्ष चार क्लबलाई पत्राचार गरेको हो।

एन्फाले निर्वाचनसम्बन्धी कार्यतालिका सार्वजनिक गरेपछि असन्तुष्ट पक्षले एकलौटी रूपमा गरिएको निर्णय आफूहरूलाई मान्य नहुने बताए। गैरकानुनी रूपमा हुन गइरहेको एन्फाको निर्वाचनसम्बन्धी सबै प्रक्रिया तत्काल स्थगन गर्न उपाध्यक्ष शाही तथा सदस्य अधिकारीले राखेपमा पुनः माग गर्दै निवेदन हालेका छन्। 'यसअघि नै निर्वाचनको वैधताबारे राखेपमा निवेदन पेस भई छलफल भइरहेको छ। यस्तो अवस्थामा एन्फाले निर्वाचन कार्यक्रम सार्वजनिक गर्नु अनुचित भएको हो,' शाहीले भने।

# महिला खेलाडीमा तेक्वान्दो, कराँते र ब्याडमिन्टनको वर्चस्व

## तेक्वान्दोकी संगीता वैद्य र कराँतेकी गंगा अधिकारी कीर्तिमानी रूपमा समान दुईपटक वर्षका उत्कृष्ट महिला खेलाडी बनेका थिए

**नयाँ पत्रिका**

एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा पुरुषको तुलनामा महिला उत्कृष्ट खेलाडीको विधामा सधैँ रोमाञ्चक हुने गरेको छ। आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले पुरुष र महिला विधामा पनि प्रत्येक संस्करणमा अवार्ड दिँदै आइरहेको छ। मञ्चले अवार्डलाई निरन्तरता दिने प्रयासमा ०७८ मा दशकको उत्कृष्टलाई अवार्ड दिइएको थियो। फुटबलकी सावित्रा भण्डारीले अवार्ड जितिन्। उनले ०७५ मा पनि अवार्ड हात पारेकी थिइन्।

तेक्वान्दोकी संगीना वैद्यबाट उत्कृष्ट महिला खेलाडीको अवार्ड शृंखला सुरु भएको हो। वैद्यले ०५३ को पहिलो पुरस्कार जितेकी थिइन्। उनले २०६० मा यो अवार्ड ब्युँझिदा फेरि जितिन्। संगीनापछि यो विधामा कराँतेकी गंगा अधिकारीले दुईपटक अवार्ड जितेकी छिन्। अधिकारीले ०६६ मा पहिलोपटक उत्कृष्ट महिला खेलाडीको अवार्ड जितिन्। त्यसपछि ०६९ मा फेरि उनले उपाधि हात पारिन्। संगीना र गंगासँगै यो अवार्ड अहिलेसम्म २० खेलाडीले जितेका छन्। वर्ष ०६१ मा यो अवार्ड दुई महिला खेलाडीले सँगै पाए। पुरुष र महिलाको व्यक्तिगत विधामा जोडी खेलाडीले अवार्ड पाएको यो नै पहिलो उदाहरण हो।

सो वर्ष ब्याडमिन्टनकी पूजा श्रेष्ठ र सुमिना श्रेष्ठले संयुक्त रूपमा वर्ष उत्कृष्ट महिला खेलाडीको अवार्ड जितेका थिए। खेलका आधारमा १० खेलका खेलाडीले अवार्ड जितेका छन्। त्यसमा सबैभन्दा बढी तेक्वान्दो र ब्याडमिन्टन छन्। तेक्वान्दोबाट अवार्ड जित्ने अर्को खेलाडी मनिता शाही हुन्। ब्याडमिन्टनबाट नङसलदेवी तामाङ र शोभा गौचन पनि वर्ष उत्कृष्ट खेलाडी बनेका छन्। ब्याडमिन्टनले तीन अवसरमा अवार्ड जिते पनि व्यक्तिगत रूपमा खेलाडी रहेका छन्।

### कराँते तीन अवसरमा विजेता

कराँतेले तीन अवसरमा अवार्ड जितेको छ। दुई अवसरमा गंगाले जितिन्। गत वर्ष ०८० मा कराँतेकी एरिका गुरुङले अवार्ड हात पारिन्। एथलेटिक्स, पौडी, फुटबल र जुडोले समान दुईपटक अवार्ड आफ्नो नाममा लेखाएका छन्। एथलेटिक्सबाट निर्मला भारती र राजपुरा प्रसाईं तथा पौडीबाट करिश्मा र गौरिका सिंहले अवार्ड जिते। फुटबलबाट वर्षकी उत्कृष्ट महिला खेलाडी बन्ने खेलाडी जमुना गुरुङ हुन्। नेपाली महिला फुटबलले पाएका अहिलेसम्मकै उत्कृष्ट खेलाडीमा उनलाई लिने गरिन्छ। उनी सावित्रा हुन्।




जुडोमा सुनिता बोहरा र फुफुल्हामु खत्रीले वर्ष उत्कृष्ट महिला खेलाडी बनेका थिए। संयोगले उनीहरू लगातार वर्ष विजेता घोषित भए। क्रिकेटकी नेरी थापा, भारोत्तोलनकी तारा पुन र भलिबलकी अरुणा शाहीले समान एकपटक अवार्ड जितेका छन्। महिला खेलकुदमा एकै खेलाडीले लामो समय वर्चस्व कायम गरेको इतिहास रहने छैन।

पहिलोपटक पोखरामा हुन गाइरहेको २२औँ संस्करणको स्पोर्टस् अवार्डमा यसपटक कराँतेकी एरिका र एलिसा मगर, खोखोकी मानमती धामी, फुटबलकी रेखा पौडेल र भलिबलकी सलिना श्रेष्ठ रहेका छन्। एरिका यस विधाकी साबिक विजेता हुन्। उनीसामु नयाँ इतिहास रच्ने अवसर हुनेछ। खोखो भने अवार्डको इतिहासमै पहिलोपटक मनोनयनमा परेको हो।

# विश्वकप ट्रफी प्रदर्शनी हुने

**नयाँ पत्रिका**

आइसिसी पुरुष टी-२० विश्वकप २०२६ ट्रफी टुर नेपालमा सुरु भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले ट्रफी २१ देखि २३ पुससम्म नेपाल ट्रफी टुर रहनेछ। मंगलबार बिहान पोखरामा ट्रफी टुर हुने क्यानले जनाएको छ। त्यसपछि मंगलबार दिउँसै वसन्तपुर दरबार क्षेत्रमा ट्रफी राखिनेछ भने बुधबार बौद्धनाथ स्तुपा परिसरमा ट्रफी प्रदर्शनी कार्यक्रम रहने क्यानले जनाएको छ।

यसैबिच, राष्ट्रपति भवन शीतलनिवासमा सोमबार टी-२० विश्वकप ट्रफीको सार्वजनिक राष्ट्रपति रामचन्द्र पौडेलले गरेका छन्। त्यसपछि नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द र नेपाली राष्ट्रिय टोलीका कप्तान रोहितकुमार पौडेलले संयुक्त रूपमा ट्रफी प्रदर्शनी गरेका हुन्। भारत र श्रीलंकाले संयुक्त रूपमा आगामी २४ माघदेखि आइसिसी टी-२० विश्वकप प्रतियोगिता आयोजना गर्दै छन्। आइसिसीले विश्वकपअघि भारत र श्रीलंकासहित कतार, ओमान, नेपाल, बहराइन र मंगोलियामा टी-२० विश्वकपको ट्रफी प्रदर्शनमा राख्ने कार्यक्रम बनाएको छ। आइसिसीले




शीतलनिवासमा सोमबार टी-२० विश्वकप ट्रफी सार्वजनिक गर्दै राष्ट्रपति रामचन्द्र पौडेल
तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नजिकबाट क्रिकेट समीक्षकहरूले विश्वकप ट्रफी अवलोकन गर्न पाउने रूपमा टुर आयोजना गरिएको जनाएको छ। यसपटक १०औँ टी-२० विश्वकपमा सर्वाधिक २० राष्ट्रले भाग लिनेछन्। २९ दिनसम्म चल्ने विश्वकपमा भारतले पाँच र श्रीलंकाले तीन रंगशालामा प्रतियोगिता आयोजना गर्नेछ।

नेपालले तेस्रो अवसरमा आइसिसी टी-२० विश्वकप खेल्दै छ। सन् २०१४ र ०२४ मा नेपालले विश्वकप खेलेको थियो। नेपालले लगातार दोस्रोपटक टी-२० विश्वकपमा स्थान बनाएको हो। नेपाल समूह 'सी'मा रहेको छ।

कठिन समूहमा रहेको नेपालले पूर्वविजेता इंग्ल्यान्ड र वेस्ट इन्डिजविरुद्ध खेल्नेछ। इंग्ल्यान्ड र वेस्ट इन्डिजले समान दुईपटक विश्वकप जितेका छन्। नेपालले बंगलादेश र इटाली पनि खेल्नेछ। विश्वकपमा पहिलोपटक युरोपबाट इटालीले स्थान बनाएको हो। युरोपियन छनोटमा इटालीले बलियो एसोसिएट राष्ट्र स्कटल्यान्डलाई स्तब्ध पार्दै विश्वकपमा स्थान बनाएको हो। लगातार तेस्रोपटक विश्वकपमा सहभागी भएको नेपालले पहिलो खेल इंग्ल्यान्डसँग २५ माघमा खेल्नेछ।

### नेपालको आधिकारिक जर्सी सार्वजनिक

आइसिसी पुरुष टी-२० विश्वकपमा नेपाली खेलाडीहरूले लगाउने आधिकारिक जर्सी सोमबार एक कार्यक्रमबिच सार्वजनिक गरिएको छ। आयोजक क्यानले पुरुषसँगै आसन्न टी-२० महिला विश्वकपको ग्लोबल छनोटमा प्रतिस्पर्धा गर्ने महिला टोलीका समेत जर्सी सर्वाजनिक गरेको हो। सिनियर पुरुष टोलीका कप्तान रोहित पौडेल, उपकप्तान दीपेन्द्रसिंह ऐरी तथा महिला टोलीकी कप्तान इन्दु बर्माले जर्सी सार्वजनिक गरेको क्यानले जनाएको छ।

**सायल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**दुदिलेगडा,डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मितिः२०८२/०९/२२**

सायल गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित बोलपत्रको सूचना बमोजिम यस कार्यालयमा E–Bidding मार्फत समय सीमा भित्र रितपुर्बक दर्ता हुन् आएका बोलापत्रहरुको नियमानुसार बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन गरि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा यस कार्यालयको निर्णयनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशीलः**

| क्र.स. | ठेक्का न. | कामको विवरण | छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबुल अंक (मु.अ.कर र पी.एस समेत) |
|---|---|---|---|---|
| १. | SRM /NCB /CW/ BRIDGE/2082/083/01 | Construction of Belly Bridge Over Sailigad at Sayal Rural Municipality ward no 02 and 04 | श्री गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स चन्द्पुर.न.पा-०९,रौतहट | ३,६१,९३,८९४.८७/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना**

सूचना प्रकाशन मितिः २०८२/०९/२२ गते

यस बैंकको शाखा सामाखुशीबाट कर्जा कारोबार गर्ने तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेनारकम असूलउपर गरिने व्यहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**तपसिल**
**सम्बन्धित शाखाः सामाखुशी, काठमाडौं**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रू. | मिति २०८२ मंसिर मसान्तसम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अनन्त चाँगुनारायण एग्रो फार्म प्रा.लि.,<br>स्थायी लेखा नं. ६०६६८५४३४, मिति २०७५।०६।०९,<br>कम्पनी दर्ता नं. १९१४६८/७४/०७५<br>१. उद्धव प्रसाद घिमिरे (ना.प्र.नं.८७५८, भक्तपुर)<br>२. राजेन्द्र प्रसाद रिजाल (ना.प्र.नं.३-५९४१, भक्तपुर)<br>३. अनिल ढुंगाना (ना.प्र.नं. १३६१, भक्तपुर)<br>४. सुदिपराज खनाल (ना.प्र.नं. ३३३५६, भक्तपुर)<br>५. बिनोद चापागाई (ना.प्र.नं.२७१०१६/३८०९० काठमाडौं) | भक्तपुर नगरपालिका ४, खोरिया, काठमाडौं | १. नारायण घिमिरे<br>२. कृष्ण प्रसाद रिजाल<br>३. गुणराज ढुगांना<br>४. सागर नाथ खनाल<br>५. टंकेश्वर चापागाई | १. विष्णुप्रसाद घिमिरे<br>२. रामप्रसाद रिजाल<br>३. नातिराम ढुगांना<br>४. शम्भुप्रसाद खनाल<br>५. गोपाल चापागाई | कृषि | १०,१८,००० | ५०,००० | १०,६८,००० | १. उद्धव प्रसाद घिमिरे<br>२. राजेन्द्रप्रसाद रिजाल<br>३. अनिल ढुंगाना<br>४. सुदिपराज खनाल<br>५. विनोद चापागाई |
| २. | डेकोर डेब्युट प्रा.लि.(संचालक सन्दिपा तामाङ) संचालकको ना.प्र.नं. २७१०२१/६३०५२, मिती २०६७-०५-२०, काठमाडौं। ग्राहकको पान नम्बर 606720074 मिति २०७५।०१।२४ आन्तरिक राजस्व कार्यालय कोटेश्वर, दर्ता नम्बर १८८६७२/७४/०७५, कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर, मिति २०७५।०१।२१ | का.म.न.पा. ३२, कोटेश्वर तथा टोखा न.पा. १, झोर | विजय तामाङ | रामबहादुर तामाङ | सेवा कर्जा र आवधिक कर्जा | ५१,००,००० | ८०,००० | ५१,८०,००० | सन्दिपा तामाङ<br>फूलमाया तामाङ |
| ३. | हरिबहादुर मल्ल ना.प्र.नं. ९६९६/१७७२, मिति २०४०-०७-२८, रुकुम। ग्राहकको नागरिकता अनुसारको ठेगानाः साविक आठबिस डाँडागाउँ गा.वि.स. ५, रुकुम | तारकेश्वर नगरपालिका ५, गोलढुङ्गा, काठमाडौं | कलु मल्ल | किर्तु मल्ल | आवास कर्जा | ४९,४४,००० | ८०,००० | ५०,२४,००० | लक्ष्मी मल्ल, प्रेमप्रकाश मल्ल, अनिता शाही, सन्जोग मल्ल, समिना मल्ल, प्रेरिका मल्ल |
| ४. | पुष्पा साउद | गोदावरी न.पा. १, बसन्तपुर, कैलाली | प्रतापसिंह महरा | धनसिंह महरा | मुद्धति रसिद धितो कर्जा | ३,६०,००० | २५००० | ३,८५,००० | पुष्पा साउद |
| ५. | रमेशप्रसाद ढकाल | काठमाडौं महानगरपालिका ३, बालुवाटार | गोविन्दप्रसाद ढकाल | कविप्रसाद ढकाल | व्यक्तिगत ओडी कर्जा रआवास कर्जा | १,०४,००,००० | ३,२१,००० | १,०७,२१,००० | सम्झना ढकाल |

**कृषि विकास बैंक लि.,**
**बागमती प्रदेश कार्यालय, गौशाला,काठमाडौं।**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com